# आधारभूत तह कक्षा (१ देखि ३) मा अध्ययनरत सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीकेन्द्रित शिक्षकहरूको

## ५ दिने क्षमता विकास तालिम

## स्रोत सामग्री

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

**प्रकाशक :**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

**सर्वाधिकार :** प्रकाशकमा

**संस्करण :** वि.सं. २०७८

**प्राविधिक सहयोग :**

**लेआउट डिजाइन :**

**मुद्रण :**

**सल्लाह तथा सुझाव**
चूडामणि पौडेल
डिल्लीराम लुइँटेल

यो स्रोत सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगका कारण सम्भव भएको हो। यस स्रोत सामग्री भित्रका विषयवस्तु र सामग्री ह्याण्डीक्याप ईन्टरनेशनल र विश्व शिक्षाका साझा जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन।

# भूमिका

विद्यालय शिक्षा क्षेत्रमा विद्यमान शिक्षा नीति तथा कार्यक्रमहरू शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवं व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी आर्थिक, सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ लक्षित छन् । नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । नेपालले सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता जनाएको छ। सन् २०२२ सम्ममा नेपाललाई मध्यम आयस्तरको मुलुकमा स्तरोन्नति गर्ने तथा सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्न सघाउ पुग्ने गरी शैक्षिक कार्यक्रम तथा नीतिहरू तय भएका छन् । यही पृष्ठभूमिमा विद्यालय शिक्षाको समग्र शैक्षिक विकासका लागि सरकारले २०१६/१७-२०२२/२३ का लागि ७ वर्षे विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याएको छ। विद्यालय शिक्षाको विकासका लागि समता, गुणस्तर, सक्षमता र सान्दर्भिकता विकासको सुनिश्चिताको लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका छन्।

यसै क्रममा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले युएसएआइडीको सहयोग, ह्यान्डिक्याप इन्टरनेसनल, विश्व शिक्षा र स्थानीय साझेदार संस्थाहरूको सहकार्य तथा समन्वयमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामध्ये १० ओटा जिल्लामा सबैका लागि पढाइ परियोजना लागु गरिएको छ। सबैका लागि पढाइ कार्यक्रमले प्रारम्भिक कक्षामा अध्ययनरत अपाङ्गता भएका बालबालिकाको पठन सिपको विकास गर्ने लक्ष्य राखेको छ । अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको फरक फरक समस्या र आवश्यकता हुन्छन्। तसर्थ अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको शैक्षणिक समस्या सम्बोधन गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबैका लागि पढाइ परियोजनासँगको सहकार्यमा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको लागि शैक्षणिक आवश्यकता सम्बोधन गर्दै, पठन सिपको विकासका लागि शिक्षण विधि, प्रक्रिया, क्रियाकलाप तथा शिक्षण सिकाइ सामग्रीहरूको प्रयोगमा समेत मद्दत गर्नका लागि यस तालिम सामग्रीको गरेको हो। यस तालिम सामग्रीले सुनाइसम्बन्धी अपाङ्गता भएका वालवालिकाहरूका स्रोत कक्षा तथा विशेष विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ। साथै यस सामग्रीले सुनाइसम्बन्धी अपाङ्गता केन्द्रित समावेशी शिक्षासम्बन्धी तालिम, अभिमुखीकरण सञ्चालन तथा नियमित प्राविधिक सहयोग गर्नमा समेत सहयोग पुर्याउने अपेक्षा गरिएको छ। यस सामग्रीमा रहेका विषयहरूलाई सहजीकरण गर्दा अभ्यास, नमूना प्रदर्शन, अन्तरक्रिया, अनुभव आदानप्रदान, छलफल जस्ता पक्षमा जोड दिनुपर्ने हुन्छ।

यस सामग्री तयार गर्नमा आवश्यक सल्लाह, सुझाव तथा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू तथा परियोजना प्राविधिक समिति, सहयोगी संस्था राष्ट्रिय बहिरा महासङ्घ, नेपाल, विश्व शिक्षा तथा ह्यान्डिक्याप इन्टरनेसनल र सबैका लागि पढाइ परियोजना प्रति आभार व्यक्त गर्दै रचनात्मक सुझाव र सल्लाहका लागि केन्द्रका तर्फबाट सदैव हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

# विषयसूची


तालिमका उद्देश्यहरू 1

तालिम सुरुआत गर्नुपूर्व ध्यान दिनुपर्ने कुराहरू 1

एकाइ १ : अपाङ्गता 2

१.१ अपाङ्गताको प्रकार र वर्गीकरण, परिचयपत्र, सेवासुविधा, मर्यादित शब्दावली 2

१.२ सुनाइ सम्बन्धी अपाङ्गता 6

ध्वनिको मापन 8

१.३. लेखाजोखा केन्द्रको अवधारणा (THE CONCEPT OF ASSESSMENT CENTER) 11

संरचना 11

लेखाजोखा केन्द्र व्यवस्थापन समितिको संरचना र काम कर्तव्य र अधिकार 11

एकाइ २ : समावेशी शिक्षा 12

२.१ समावेशी शिक्षाको अवधारणा, आवश्यकता र विशेषताहरू 12

२.२ समावेशी शिक्षाका चुनौती वा बाधक तत्त्वहरू 13

२.३ समावेशी शिक्षाको प्रबर्द्धनमा कानुनी प्रावधानहरू 14

२.४ नेपालको शैक्षिक योजनामा समावेशी शिक्षा 17

२.५ नेपालमा समावेशी शिक्षाको अभ्यास र बहिरा बालबालिकाको लागि शिक्षा 19

२.६ बहिरा बालबालिकाको शिक्षण व्यवस्था 20

एकाइ ३: सिकाइमा हुने कठिनाइ र सिकाइ शैली 23

३.१ सिकाइसम्बन्धी कठिनाइ, लक्षण तथा सहजीकरणका उपाय 23

एकाइ ४: एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवधारणा 28

४.१ एकीकृत पाठ्यक्रमको अवधारणा तथा संरचना 28

एकीकृत पाठ्यक्रमले विकास गर्न खोजेको व्यवहार कुशल सिप 28

४.२. एकीकृत पाठ्यक्रम अनुसार १-३ को मूल्याङ्कन प्रक्रिया 37

४.३. पाठ्यक्रमका अवयवहरू 42

४.४. पाठ्यक्रममा अनुकुलन 42

एकाइ ५. पठन सिप सुधारका लागि शैक्षणिक तथा सन्दर्भ सामग्री तथा प्रयोग 43

५.१ शैक्षणिक तथा सन्दर्भ सामग्रीहरूको परिचय र औचित्य 43

बहिरामैत्री सामग्रीहरूको नमूना सूची 43

५.२ बहिरामैत्री शैक्षणिक सामग्री र तिनको प्रयोग 43

५.३ बहिरा बालबालिकाका लागि सहायक सामग्रीहरू र तिनका कार्यहरू 46

५.४. बहिरा बालबालिकाका सिकाइ सामग्रीहरू (LEARNING DEVICES) 47

एकाइ ६ : पढाइको परिचय, महत्त्व र भाषिक तत्त्वगत क्षेत्र तथा क्रियाकलाप 49
६.१. पढाइको परिचय तथा महत्त्व 49
६.२. भाषिक तत्त्वगत क्षेत्र तथा क्रियाकलाप 49
६.३. प्रारम्भिक तहमा बहिरा बालबालिकाहरूको सिकाइका मुख्य समस्याहरू 51
६.४. साङ्केतिक भाषा, वाणी भाषा र पढाइ सिपको विकास 52
६.५. प्रारम्भिक तहमा बालबालिकाहरूको पढाइ सिप सुधार रणनीति 54
रणनीति र क्रियाकलाप परिचय 54
कक्षा सजावटबाट शिक्षण सामग्री 60
६.६. पठनबोध रणनीति 61

एकाइ ७ : एकीकृत पाठ्यक्रममा आधारित शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान 66
७.१. सूक्ष्म शिक्षणको अर्थ, विशेषता, प्रक्रिया र आवश्यक सिपहरू 66
७.२. सूक्ष्म शिक्षण विधिमा विकास गरिने सिपहरू 67

एकाइ ८ : कक्षाकोठा व्यवस्थापन 69
८.१. कक्षाकोठा व्यवस्थापनको अवधारणा, उद्देश्य र महत्त्व 69
८.२. बहिरामैत्री कक्षाकोठा व्यवस्थापन 69
८.३. सिकाइ र व्यवस्थापन 70
८.४. शिक्षणमा विविधता व्यवस्थापन 71

एकाइ ९ : विद्यार्थी मूल्याङ्कन 73
९.१. विद्यार्थी मूल्याङ्कनको परिचय, महत्त्व र प्रकार 73
९.२. प्रारम्भिक कक्षाको पढाइ मूल्याङ्कनका अभ्यासहरू 74
९.३. साङ्केतिक भाषामा पढाइ तत्त्वगत निरन्तर मूल्याङ्कन गर्ने आधार 75
९.४. बहिरा विद्यार्थीको सिकाइ मापन 75

एकाइ १०: वैयक्तिक शैक्षणिक योजना 77
१०.१. वैयक्तिक शैक्षणिक योजनाको परिचय, महत्त्व, प्रक्रिया र अभिभावकको भूमिका 77
१०.२. वैयक्तिक शैक्षणिक योजनाको नमुना परिचय, प्रयोग र मार्गनिर्देशन 78
१०.३ वैयक्तिक शैक्षणिक योजनाको नमुना 80

एकाइ ११: बहिरा बालबालिकाका सिकाइ सहयोगीहरू 92
११.१. बहिरा बालबालिकाका सिकाइ सहयोगीहरू 92

## तालिमका उद्देश्यहरू

- अपाङ्गताको परिभाषा, सुनाइ अपाङ्गताका प्रकार र वर्गीकरण, श्रवण शक्ति गुम्नाका कारण, कक्षाकोठामा श्रवण शक्ति गुमाएका बालबालिकाको पहिचान विधि, ध्वनि मापन र लेखाजोखा केन्द्रको अवधारणा तथा औचित्यको बारेमा बताउन
- समावेशी शिक्षाको अवधारणा, परिचय, महत्त्वको साथै हाल विद्यमान समावेशी शिक्षामा नेपालको शैक्षिक अवस्था, समावेशी शिक्षा सम्बन्धी व्यवस्था, समावेशी शिक्षा सम्बन्धी ऐन, नीति, प्रावधान र बहिरा बालबालिकाका लागि शिक्षण व्यवस्थाबारे बताउन
- सिकाइमा हुने कठिनाइ र सिकाइ शैलीको बारेमा बताउन
- एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवधारणा बताई शिक्षण सिकाइमा प्रयोग गर्न
- बहिरामैत्री पठन सिप सुधारका शैक्षणिक सामग्रीहरू प्रयोग गर्न
- बालबालिकाको पठन सिप सुधार रणनीति, विधि, क्रियाकलापहरूबारे शिक्षण सिकाइमा प्रयोग गर्न
- साङ्केतिक भाषाको प्रयोग गर्दै एकीकृत पाठ्यक्रममा आधारित भई सूक्ष्म शिक्षण प्रदर्शन गर्न
- बहिरा बालबालिकाको कक्षाकोठा व्यवस्थापनको अवधारणा, उद्देश्य, महत्त्व र तरिकाहरू भन्न
- बहिरामैत्री कक्षाकोठा व्यवस्थापनको अवधारणा र तिनको व्यवस्थापनका पक्षहरूबारे व्याख्या गर्न
- बहिरा बालबालिकाको सिकाइ मापनमा प्रयोग हुने अवधारणाहरू जस्तैः उपयुक्त समायोजन तथा वैकल्पिक मूल्याङ्कन, पाठ्यक्रममा आधारित मूल्याङ्कन विधिको चर्चा गर्न
- वैयक्तिक शैक्षणिक योजनाको अवधारणा, महत्त्व र यसका स्वरूपहरूबारे बताउन
- वैयक्तिक शैक्षणिक योजना निर्माण गरी देखाउन

## तालिम सुरुआत गर्नुपूर्व ध्यान दिनुपर्ने कुराहरू

- आवश्यक सामग्रीहरू तयारी अवस्थामा रहेको कुरा सुनिश्चित गर्नुहोस् ।
- आमन्त्रण गरिएअनुरूपका सहभागी वा सरोकारवालाहरूको उपस्थिति सुनिश्चित गर्नुहोस् ।
- सहभागीहरूको नाम दर्ता तथा रोचक परिचयात्मक क्रियाकलाप गरी तालिमको लागि वातावरण सहज बनाउनुहोस् । (परिचयको क्रियाकलाप समावेशी शिक्षा वा बहिरा व्यक्तिको बारेमा जानकारी लिने वा दिने प्रकारका खेल विधिबाट गर्न गराउन सकिने)
- आयोजकका तर्फबाट सहभागीहरूलाई स्वागत तथा तालिम वा अभिमुखीकरणका मुख्य उद्देश्यको बारेमा जानकारी गराउनुहोस् ।
- सहभागितात्मक रूपमा आवश्यक्ता अनुरूप तालिम नियम निर्माण तथा विविध कार्य समूह (जस्तो प्रतिवेदन, मनोरञ्जन, व्यवस्थापन समूह आदि) बनाई जिम्मेवारी बाँडफाँड गर्नुहोस् ।
- सहभागीहरूको सिकाइ अपेक्षा वा विचार सङकलन गरी यस तालिममा छलफल गरिने र गर्न सकिने विषयबस्तु बारे जानकारी दिनुहोस् ।
- तालिमको सुरुमा प्रिटेस्ट र अन्तमा पोस्टटेस्ट गर्नुहोस् ।
- अन्य आवश्यक विषय वा थप गर्नुपर्ने क्षेत्र देखिएमा सोही अनुरूप तालिकामा समावेश गर्नुहोस् ।
- तालिम वा अभिमुखीकरणको संक्षिप्त समिक्षासहित अन्तमा आयोजककातर्फबाट समापनको क्रियाकलाप गराउनुहोस् ।

# एकाइ १ : अपाङ्गता

## १.१ अपाङ्गताको प्रकार र वर्गीकरण, परिचयपत्र, सेवासुविधा, मर्यादित शब्दावली

दीर्घकालीन रूपमा शारीरिक, बौद्धिक, इन्द्रिय तथा संवेदनशील अङ्गहरूको अन्तर्क्रियामा विभिन्न बाधा उत्पन्न भई दैनिक क्रियाकपलाप एवं सामाजिक जीवनमा सहभागी हुन बाधा हुने अवस्थालाई अपाङ्गता भनिन्छ ।

*स्रोतः SHRUTI, समावेशी शिक्षा शिक्षक सहयोगी पुस्तिका, २०७५*

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्य रूपमा सञ्चालन गर्न एवम् सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ।

*स्रोत : अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४*

**अपाङ्गताको प्रकार, सेवा सुविधा, परिचयपत्र**

शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गताका किसिम

१. शारीरिक अपाङ्गता
२. दृष्टिसम्बन्धी अपाङ्गता (पूर्ण दृष्टिविहीन, दृष्टि विहीनता र न्यून दृष्टियुक्त)
३. सुनाइसम्बन्धी अपाङ्गता (बहिरा र सुस्त श्रवण)
४. श्रवण दृष्टिविहीन अपाङ्गता
५. स्वर र बोलाइसम्बन्धी अपाङ्गता
६. मानसिक वा मनोसामाजिक अपाङ्गता
७. बौद्धिक अपाङ्गता
८. अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता
९. अटिजमसम्बन्धी अपाङ्गता
१०. बहु अपाङ्गता

**अपाङ्गता भएका व्यक्तिका लागि परिचयपत्र एवम् सेवासुविधा**

**(क) पूर्ण अशक्त अपाङ्गता (रातो क्रियाकलापमा सुनौलो अक्षरको कार्ड):** दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रूपमा अरूको सहयोग लिँदा पनि कठिनाई हुने अवस्था वा अरूको सहयोग लिँदा पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्था पूर्ण अशक्त अपाङ्गता भएको अवस्था हो ।

**(ख) अतिअशक्त अपाङ्गता (निलो क्रियाकलापमा सुनौलो अक्षरको कार्ड):** वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर अरूको सहयोग लिनुपर्ने अवस्था अतिअशक्त अपाङ्गता भएको अवस्था हो ।

**(ग) मध्यम अपाङ्गता (पहेँलो क्रियाकलापमा निलो अक्षरको कार्ड):** भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा र तालिम भएमा अरूको सहयोग लिएर वा नलिईकन निरन्तर दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्था मध्यम अपाङ्गता भएको अवस्था हो ।

**(घ) सामान्य अपाङ्गता (सेतो क्रियाकलापमा कालो अक्षरको कार्ड):** सामाजिक तथा वातावरणीय अवरोध नभएमा आफैं नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्था सामान्य अपाङ्गता भएको अवस्था हो ।

*स्रोत : अपाङ्गता स्रोत पुस्तिका २०७१*

**अपाङ्गता परिचयपत्र वितरणका मापदण्ड**

अपाङ्गता परिचयपत्र वितरणका मापदण्ड देहायबमोजिम रहेका छन् :

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐनको अनुसूचीमा उल्लिखित गाम्भीर्यताका आधारमा गरिएको अपाङ्गताको वर्गीकरण गरी देहायका चार समूहका परिचयपत्र वितरण गरिने छ।


### (क) पूर्ण अशक्त अपाङ्गता




तल उल्लिखित अवस्थाका व्यक्तिहरूलाई "क" वर्गको परिचयपत्र उलब्ध गराइने छ, जुन रातो रङको पृष्ठभूमिमा जारी गरिने छ।

- व्यक्तिको शारीरिक, मानसिक वा इन्द्रियसम्बन्धी प्रणालीहरूमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्य गम्भीर भई अरूको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति
- सामान्यभन्दा सामान्य दैनिक क्रियाकलापहरू पनि स्वयम् गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, तीव्र रूपमा अटिजम प्रभावित व्यक्ति, पूर्ण रूपमा श्रवण दृष्टिविहीन व्यक्तिहरू
- दुई वा सोभन्दा बढी प्रकृतिका शारीरिक, मानसिक वा इन्द्रियसम्बन्धी क्षति भई सबैजसो दैनिक क्रियाकलापहरू अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरू
- निरन्तर रूपमा सघन हेरचाह (स्याहारसुसार) को आवश्यक परिरहने शारीरिक अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू


### (ख) अति अशक्त अपाङ्गता




तल उल्लिखित अवस्थाका व्यक्तिहरूलाई "ख" वर्गको परिचयपत्र उपलब्ध गराइने छ, जुन निलो पृष्ठभूमिमा जारी गरिने छ।

- शारीरिक, मानसिक वा इन्द्रियसम्बन्धी क्षति वा विचलन भएतापनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शक आदिको सहयोगमा आफ्नो दैनिक क्रियाकलापहरूलगायत हिँड्डुल र सञ्चार गर्न कठिनाइ हुने व्यक्तिहरू
- मस्तिष्क पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया, मांशपेशीसम्बन्धी समस्या वा विचलनलगायत अन्य विभिन्न कारणले शरीरको ढाड, हात, गोडा, कम्मर आदिले काम गर्न नसकी दैनिक आवागमनको लागि ह्विलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू
- दुवै हात कुमदेखि वा पाखुरादेखि मुनि पूरै नचल्ने वा गुमाएका वा नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मरभन्दा मुनिको माग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू
- दृष्टिविहीन र पूर्ण दृष्टिविहीनको परिभाषाअन्तर्गत पर्ने व्यक्तिहरू
- सञ्चारका लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रूपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरू स्वयम् गर्न नसक्ने, सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिजम भएका व्यक्तिहरू, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरू


**(ग) मध्यम अपाङ्गता**




तल उल्लिखित अवस्थाका व्यक्तिहरूलाई "ग" वर्गको परिचयपत्र उपलब्ध गराइने छ, जुन पहेंलो पृष्ठभूमिमा जारी गरिने छ।

- कृत्रिम अङ्ग, क्यालिपर, विशेष प्रकारका जुत्ता सहायक सामग्रीको प्रयोगबाट सामान्य हिँड्डुलगायत दैनिक जीवनका क्रियाकलापहरू स्वयम् गर्न सक्ने
- विभिन्न कारणले घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको तर सहायक सामग्रीको प्रयोग नगरी पनि सामान्य हिँड्डुल गर्न सक्ने
- कुम वा पाखुराभन्दा मुनि एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने
- दुवै हातको हत्केलाभन्दा मुनिका कम्तिमा बुढीऔंला र चोरीऔंला गुमाएका
- दुवै गोडाको कुर्कुच्चाभन्दा मुनिको भाग नभएका तर सामान्य हिँड्डुल गर्न नसक्ने
- मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको
- सिकाइमा ढिलाइ भएका दैनिक क्रियाकलाप स्वयम् गर्न सक्ने बौद्धिक अपाङ्गता र अटिजम भएका व्यक्तिहरू
- श्रवणयन्त्रको प्रयोगबाट वा ठुलो आवाज मात्र सुन्न सक्ने सुस्तश्रवण व्यक्तिहरू
- शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरू
- ओठतालु फाटेको कारण बोली अस्पष्ट भएका व्यक्तिहरू
- बोल्दा अड्किने, शब्द वा अक्षर दोहोर्याउने समस्या तीव्र भएका भकभके व्यक्तिहरू
- तीन फिटभन्दा मुनिका होचापुड्का व्यक्तिहरू
- चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवण दृष्टिविहीन व्यक्तिहरू, लेन्स वा म्याग्निफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू
- अनुवंशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी समस्या भई दैनिक हिँड्डुलमा कठिनाइ हुने व्यक्तिहरू
- मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू

**(घ) सामान्य अपाङ्गता**




तल उल्लिखित अवस्थाका व्यक्तिहरूलाई "घ" वर्गको परिचयपत्र उपलब्ध गराइने छ, जुन सेतो पृष्ठभूमिमा जारी गरिने छ।

- शारीरिक, मानसिक वा इन्द्रियसम्बन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरू स्वयम् सम्पादन गर्न सक्ने
- हात वा खुट्टा केही छोटो भएका, एक हातको हत्केलाभन्दा मुनि नचल्ने वा गुमाएका, एक हातको हत्केलाभन्दा मुनिका कम्तिमा बुढीऔंला र चोरीऔंला गुभाएका वा दुवै हातको हत्केलामुनिका कम्तिमा बुढीऔंला र चोरीऔंला भएका व्यक्तिहरू
- ठुलो अक्षर पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू
- दुवै गोडाको सबै औंलाका भागहरू नभएका व्यक्तिहरू
- श्रवणयन्त्र लगाई ठुलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण भएका व्यक्तिहरू

*स्रोत : अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५*

**अपाङ्गता भएका व्यक्तिका लागि सामाजिक सुरक्षा भत्ता**

- पूर्ण अशक्त अपाङ्गता (रातो क्रियाकलापमा सुनौलो अक्षरको कार्ड) : मासिक रु.३०००।– (२०७८ मा संसोधितः रु. ३९९०)
- अतिअशक्त अपाङ्गता (निलो क्रियाकलापमा सुनौलो अक्षरको कार्ड) : मासिक रु. १६००।–(२०७९ मा संसोधितः रू. २२१०)

*स्रोत : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७६।७७*

**अपाङ्गता भएका विद्यार्थीहरूका लागि छात्रबृतिसम्बन्धी व्यवस्था**

**अपाङ्गता छात्रवृत्ति वितरणका आधारहरू**

(क) अपाङ्गता भएका बालबालिकाहरूको अध्ययन अवसरमा अभिवृद्धि गर्न र सिकाइमा गुणस्तर कायम गर्नका लागि अवासीय, सहयोगी सहायता सेवा, यातायात सेवा र शैक्षिक सामग्री एवम् प्रोत्साहन गरी चार प्रकारमा छात्रवृत्तिको व्यवस्था गरिएको। विद्यालयमा रहेको अपाङ्गता भएका विद्यार्थीलाई अपाङ्गताको तह र अवस्थाअनुसार छात्रवृत्तिको प्रकार निर्धारण गरी विद्यालयगत छात्रवृत्तिको व्यवस्था मिलाई विद्यार्थीले पाउने गरी विद्यालयमा अनुदानको व्यवस्था गर्ने

(ख) विगतदेखि स्रोत कक्षा सञ्चालनमा रहेका विद्यालयमा प्राप्त रकम उपयोग गरी विद्यालयबाटै आवास सञ्चालन भएको भए विद्यालयले साविकबमोजिम आवासीय शैक्षिक सुविधा व्यवस्थापन खर्चमा प्रगोग गर्ने र अभिभावकहरूबाट आवास सञ्चालन गरेको भए अभिभावकहरूको रोहवरमा विद्यार्थीहरूलाई बुझाउने। कुनै संस्थासँग सम्झौता भई आवास व्यवस्थापन गरेको भए उक्त संस्थालाई विद्यालय मार्फत तोकिएको रकम दिने ।

(ग) स्रोत कक्षामा आवासीय रूपमा नबस्ने वा स्रोतकक्षा नभएको अन्य विद्यालयहरूमा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीहरूलाई छात्रवृत्ति रकम सम्बन्धित अभिभावकको रोहवरमा विद्यालयले वितरण गर्ने।

(घ) अपाङ्गता भएका बालबालिकाहरूको सामाजिकीकरणको उद्देश्य समुदायमा स्थापित भई सहज जीवनयापनमा मद्दत पुग्ने गरी समुदाय/परिवारमा बस्ने व्यवस्था गर्न प्रोत्साहन गर्ने।

(ङ) छात्रवृत्तिको प्रकार विभाजनका आधारहरू र विद्यार्थीले पाउने छात्रवृत्ति देहायबमोजिम रहेका छन्ः

१. **आवासीय छात्रवृत्ति** : स्थानीय तहले भौगोलिक अवस्था, दुरी र अपाङ्गताको अवस्थाको कारणले घरबाट दैनिक रूपमा आवतजावत गर्न नसक्ने एवम् अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवासमा बस्ने अपाङ्गता भएका विपन्न बालबालिकाको तोकिएको कोटा सङ्ख्याको आधारमा प्रति विद्यार्थी प्रति महिना रु. ४,०००।–का दरले १० महिनाका लागि रु. ४०,०००।–का दरले विद्यालयलाई अनुदान दिने। विद्यालयले यस प्रकारको छात्रवृत्ति रकमबाट छात्रावासमा बस्ने छात्रछात्राहरूको लागि खाना तथा खाजा, आवास व्यवस्थापनलगायतका कार्यमा खर्च गर्ने। सोमध्ये व्यक्तिगत सरसफाइको लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै साबुन, काइयो, दन्तमञ्जन, बुरुस, नेलकटर, कोल्डक्रिम, स्याम्पु, रुमाल, स्यानेटरी, न्याप्किन आदि) खरिद गर्न प्रति विद्यार्थी मासिक रु. ५००।–का दरले १० महिनाको जम्मा रु. ५,०००।–सम्बन्धित छात्रछात्रालाई भरपाई गराई नगद नै अनिवार्य रूपमा उपलब्ध गराउने र बाँकी रकमबाट आवास व्यवस्थापन गर्ने।

२. **सहयोगी सहायता सेवा छात्रवृत्ति** (गैरआवासीय) : घरबाट आउँदाजाँदा र विद्यालयमा रहँदा निरन्तर रूपमा अरूको सहयोग र साधन आवश्यक पर्ने अपाङ्गता भएका प्रति विद्यार्थी प्रति महिना रु. ५००।–का दरले १० महिनाको लागि रु. ५,०००।–

३. **यातायात सेवा छात्रवृत्ति** (गैरआवासीय) : घरबाट आउँदाजाँदा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपाङ्गता भएका बालबालिकालाई प्रति विद्यार्थी प्रति महिना रु. ३००।–का दरले १० महिनाको रु. ३,०००।–

४. **शैक्षिक सामग्री छात्रवृत्ति** (गैरआवासीय) : घरबाट विद्यालयसम्म आउनजान सक्ने अवस्थाको अपाङ्गता भएका प्रति विद्यार्थी प्रति महिना रु. १००।–का दरले १० महिनाको रु. १,०००।–

पुनश्चः

(क) कुनै सङ्घ/संस्था/तह/व्यक्तिले सम्झौता गरी अपाङ्गता भएका बालबालिकाको लागि आवास व्यवस्थापन गर्न रकम उपलब्ध गराएको भएमा सोही प्रयोजनको लागि दोहोरो नपर्ने गरी आवासीय छात्रवृत्ति उपलब्ध गराउने।

(ख) कुनैपनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितारण गर्नुपर्ने। छात्रवृत्ति वितरण गर्दा अपाङ्गता परिचयपत्रको आधारमा गर्ने।

(ग) अपाङ्गता भएका विद्यार्थी पहिचान गरी छात्रवृत्तिको निर्धारण गर्नका लागि स्थानीय तहको शिक्षा हेर्ने प्रमुखको संयोजकत्वमा अपाङ्गता क्षेत्रमा काम गर्ने सङ्घ संस्थाका प्रतिनिधि, स्थानीय तहको स्वास्थ्य शाखाको प्रतिनिधि, स्रोत शिक्षक र सम्बन्धित

क्षेत्रका विज्ञ प्रतिनिधिहरू र जिल्लाको लेखाजोखा केन्द्रको संयोजक समेतको सहभागिता रहने गरी प्रत्येक स्थानीय तहमा विद्यार्थी लेखाजोखा प्राविधिक समिति गठन गर्ने।

(घ) अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक सहुलीयत तथा सुविधाहरूको उपलब्धताको सुनिश्चितता र प्रभावकारिताको विषयमा अनुगमन र निरीक्षण गर्ने र सुधारको लागि आवश्यक कार्य गर्ने दायित्व र जिम्मेवारी विद्यार्थी लेखाजोखा प्राविधिक समितिको हुने।

*स्रोत : स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित – कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७६÷०७७*

## अपाङ्गतामैत्री मर्यादित शब्दावली

**नेपाली भाषामा मर्यादित शब्दावली:**

| |
|---|
| अपाङ्गता भएका व्यक्ति |
| अपाङ्गता नभएका व्यक्ति |
| शारीरिक अपाङ्गता भएको व्यक्ति |
| दृष्टिसम्बन्धी अपाङ्गता भएको व्यक्ति |
| बहिरा, सुनाइसम्बन्धी अपाङ्गता भएको व्यक्ति |
| बौद्धिक अपाङ्गता भएको व्यक्ति |
| बोलाइसम्बन्धी अपाङ्गता भएको व्यक्ति |
| मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्या भएका व्यक्ति |

**अङ्ग्रेजी भाषामा**

| |
|---|
| Person with disability |
| Person without disability |
| Person with physical disability |
| Person who is blind, Person with a visual impairment |
| Person who is a deaf, Person with a hearing impairment |
| Person who is unable to speak |
| Person of short height |
| Person with intellectual disability |
| Person diagnosed with a mental health condition |

*स्रोत : अपाङ्गता भएका बालबालिका केन्द्रित समावेशी शिक्षा प्रशिक्षण पुस्तिका २०७३*


### १.२ सुनाइसम्बन्धी अपाङ्गता

सुनाइसम्बन्धी अपाङ्गता सुनाइका अङ्गहरूको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव र स्वरको मात्रा र गुण छुट्याउने कार्यमा व्यक्तिमा भएको समस्यालाई बुझिन्छ । सुनाइसम्बन्धी अपाङ्गता अडियोग्रामबाट कानको सुन्ने शक्तिको परीक्षण गरेर पत्ता लगाउन सकिन्छ । सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको सुन्ने शक्ति फरक फरक हुन्छ । यो तालिममा पूर्ण रूपमा सुन्न नसक्ने वा बहिरा व्यक्तिलाई केन्द्रवन्दुमा राखेर छलफल गरिन्छ ।

**अशक्तताको गम्भीरताका आधारमा सुनाइ अपाङ्गताको वर्गीकरण**


सुनाइसम्बन्धी अपाङ्गतालाई फरक फरक प्रकारले वर्गीकरण गरेको पाइन्छ । यहाँ गम्भीरताका आधारमा, जन्मलाई आधार मानेर कुन समयमा अपाङ्गता भएको सोको आधारमा र श्रवण क्षमतामा कमी आउनुको कारणका आधारमा वर्गीकरण गरिएको छ ।

- **पूर्ण श्रवण अपाङ्गता (Profound)** : यस्ता व्यक्तिले ९१ डेसिबलभन्दा माथिको ध्वनि मात्र सुन्न सक्ने हुनाले आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न समेत निरन्तर रूपमा अरूको सहयोग लिनुपर्ने हुन्छ ।





a.

- **अति अशक्त श्रवण अपाङ्गता (Severe Profound)** : यस्ता व्यक्तिले ८१ देखि ९० डेसिबलसम्मको ध्वनि मात्र सुन्न सक्ने हुनाले एम्प्लिफ्लाएरबिना कुनै आवाज सुन्न असम्भव छ ।





a.

- **अशक्त श्रवण अपाङ्गता (Severe)** : यस्ता व्यक्तिले ६१ देखि ८० डेसिबलसम्मको ध्वनि मात्र सुन्न सक्ने हुनाले वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रूपमा अरूको सहयोग लिनुपर्ने हुन्छ ।





a.

- **मध्यम श्रवण अपाङ्गता (Moderate)**: यस्ता व्यक्तिले ४१ देखि ६० डेसिबलसम्मको ध्वनि सुन्न सक्ने हुनाले भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरूको सहयोग लिई वा नलिई नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्छन् ।




- **सामान्य श्रवण अपाङ्गता (Mild)** : यस्ता व्यक्तिले २६ देखि ४० डेसिबलसम्मको ध्वनि सुन्न सक्ने हुनाले सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्छन् ।




स्रोत: ***https://www.boystownhospital.org***


**सुनाइ अपाङ्गताका प्रकार**

- **सुस्त श्रवण भएका व्यक्ति** (People with hard of hearing): विभिन्न कारणले श्रवण क्षमतामा कमी भई प्रस्ट सुन्न नसक्ने व्यक्तिलाई सुस्त श्रवण भएका व्यक्ति भनिन्छ । सुस्त श्रवण भएका व्यक्तिले सुन्नकका लागि श्रवणयन्त्रको प्रयोग गर्दछन् । यो अवस्थाका व्यक्तिहरूले बोलीको भाषा नै सञ्चारका रूपमा प्रयोग गर्दछन् ।
- **बहिरोपन भएका व्यक्तिहरू** (People with deaf): ८० डेसिबलभन्दा माथिको ध्वनि मात्र सुन्न सक्ने वा पटक्कै सुन्न नसक्ने व्यक्तिहरूलाई बहिरा मानिन्छ । यिनीहरू सञ्चारका लागि साङ्केतिक भाषामा निर्भर हुन्छन् ।
- **पछि बहिरा भएका व्यक्तिहरू** (People with deafened): बाल्यकालमा बोलीको विकास भइसकेपछिको श्रवण शक्ति न्यून वा श्रवणविहीन भएका व्यक्तिहरू यस समूहमा पर्दछन् । यिनीहरूले पनि ८० डेसिबलभन्दा माथिको ध्वनि सुन्न सक्छन् वा पटक्कै नसुन्ने हुन पनि सक्छन् । यस प्रकारका व्यक्तिहरू सञ्चारका लागि साङ्केतिक भाषा वा ओठको चाल वा क्याप्सनिङमा निर्भर हुन्छन् ।

*स्रोत: **SHRUTI**, समावेशी शिक्षा शिक्षक सहयोगी पुस्तिका, २०७५*

**ध्वनिको मापन**

ध्वनिको तह मापन गर्ने यन्त्रलाई डेसिबल मिटर भनिन्छ भने ध्वनिको तीव्रता मापन गर्ने यन्त्रलाई अडियो मिटर भनिन्छ । ध्वनिको तीव्रता डेसिबल (dB) एकाइमा मापन गरिन्छ ।




### सुनाइ क्षमतामा कमीका प्रकार

American Speech-Language Hearing ASSOCIATION (ASHA) का अनुसार श्रवण क्षमतामा कमीलाई तीन प्रकारले विभाजन गर्न सकिन्छ: प्रवाहकीय क्षमतामा कमी (Conductive Hearing Loss), संवेदनशील स्नायु श्रवण क्षमतामा कमी (Sensorineural Hearing Loss) र मिश्रित श्रवण क्षमतामा कमी (Mixed Hearing Loss।

- **प्रवाहकीय श्रवण क्षमतामा कमी (Conductive Hearing Loss)**
कानको बाह्य र बिचको भाग क्षतिग्रस्त हुँदा प्रवाहकीय श्रवण हास हुन्छ । प्रवाहकीय श्रवण ह्रासमा ध्वनि वा आवाज सही र सशक्त मात्रामा बाहिरी कानबाट कानको जाली हुँदै बिचको कानमा मसिना हाडहरूसम्म पुग्न नसकी श्रवण शक्तिमा कमी भएको हुन्छ । यस प्रकारको श्रवण ह्रास विभिन्न कारणले हुन्छ, जुन स्थायी वा अस्थायी हुन सक्छ । जस्तै कानमा अत्यधिक मात्रामा कानेगुजी जम्मा हुनु वा कानको बिचको भागमा सङ्क्रमण हुनु । प्रवाहकीय श्रवण क्षमतामा भएको कमी तत्काल पत्ता लगाई औषधीको सेवनबाट वा शल्यक्रियाको माध्यमबाट ठिक हुन सक्छ ।

- **संवेदनशील स्नायु श्रवण क्षमतामा कमी (Sensorineural Hearing Loss)**
कानको भित्री भागमा हुने कक्लिया र कानको श्रवण स्नायु वा ध्वनि तन्त्रिकामा असर भई श्रवण क्षमतामा हुने कमीलाई संवेदनशील स्नायु श्रवण हास भनिन्छ । यस प्रकारको श्रवण क्षमतामा हुने कमी भित्री कानमा घाउ भई वा भित्री कानदेखि मस्तिष्कसम्म जाने नसाको मार्गमा चोट वा घाउ भई वा नसा सुक्न गई हुने गर्दछ । यस प्रकारको श्रवण क्षमतामा कमी स्थायी प्रकारको हुन्छ र सामान्यतया प्रवाहकीय श्रवण क्षतिभन्दा बढी क्षति हुन्छ । यो बढ्दो उमेर, अत्यधिक लामो समयसम्म ठुलो आवाजमा रहने, कानमा हुने पटक पटकको सङ्क्रमण तथा वंशाणुगत आदि कारणहरूले हुन सक्छ । संवेदनशील स्नायु कारणले भएको क्षति साधारणतया शल्यक्रिया तथा औषधीको प्रयोगबाट पनि ठिक हुन सक्दैन ।

**(ग) मिश्रित श्रवण क्षमतामा कमी (Mixed Hearing Loss)**

यदि कुनै व्यक्तिमा प्रवाहकीय र संवेदनशील स्नायुको संयोजनद्वारा श्रवण क्षमतामा कमी भएको छ भने त्यसलाई मिश्रित श्रवण ह्रास भनिन्छ । यस प्रकारको श्रवण ह्रास कानको बाहिरी, बिच र भित्री भाग तथा ध्वनि तन्त्रिक नसामा भएको क्षतिको कारणको प्रतिफल हुन सक्छ ।

स्रोतः *SHRUTI,* समावेशी शिक्षा शिक्षक सहयोगी पुस्तिका, २०७५

### कक्षाकोठामा श्रवणशक्ति गुमाएका बालबालिकाको पहिचान

कक्षाकोठामा बसेका बालबालिकाको श्रवण क्षमता उनीहरूलाई हेरेर मात्र पहिचान गर्न सकिँदैन । देहायबमोजिमको लक्षण हेरेर सुनाइ क्षमताको अवस्था पहिचान गर्न सकिन्छ :

- अन्य बालबालिकाको तुलनामा भाषाको विकास ढिलो हुनु वा अस्पष्ट हुनु
- कक्षामा भएका छलफल तथा कुराकानीमा भाग नलिनु वा निर्देशनको पालना नहुनु
- ठुलो आवाजमा समेत कुनै प्रतिक्रिया नजनाउनु

- शिक्षकले भनेका निर्देशन पटक पटक साथीसँग सोधिरहनु
- कानको स्वास्थ्यसँग सम्बन्धित समस्या बल्झिरहनु
- असान्दर्भिक जवाफ आउनु
- बुझ्नका लागि थप मेहनत गर्नु

कक्षाकोठामा सुनाइ अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान Tuning fork बजाएर गर्न सकिन्छ। यसरी सुनाइ अपाङ्गता गुमाएका बालबलिकालाई समयमै उनीहरूको अवस्थाको पहिचान गर्न अभिभावकसँग सम्पर्क गर्नुपर्दछ । सम्भावित उपायका अन्य विकल्पको खोजी गर्नुपर्दछ ।

### बहिरा व्यक्ति पहिचान गर्ने आधार र प्रक्रिया



- ३ फिटको दुरीमा सामान्य स्वरमा गरेको कुराकानी नसुन्ने
- ८० डेसिबलभन्दा माथिको आवाज पनि सुन्न नसकिने अवस्था भएको
- जोडले चिच्याएको वा ठुलो आवाज पनि सुन्न नसक्ने र प्रतिक्रिया नजनाउने
- सुनेर वा बोलेर कुनै पनि प्रकारको सञ्चार गर्न नसक्ने
- संचारका लागि चित्र, सङ्केत वा साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने
- बोली पूरै नआउने, बोल्न नसक्ने वा आवाज आए पनि नबुझिने
- बोली भाषाको विकास भई सकेपछि बहिरा व्यक्तिले आवाज पूरै सुन्न नसकेता पनि बोल्न सक्ने पनि हुने (यस्ता व्यक्तिहरू आफूले सञ्चार गर्दा बोलेर गर्ने र अरूको कुरा सुन्नुपर्दा साङ्केतिक भाषाको सहारा लिने गर्छन् ।)

**पहिचान प्रक्रिया (Identification Process of the Deaf Children)**

श्रवण क्षमता परीक्षण गर्ने चार तरिकाहरू छन् । श्रवण क्षमता परीक्षण गरिने व्यक्तिको अवस्थाका आधारमा परिक्षकले देहायका विधिमध्ये कुनै एक वा धेरै विधि प्रयोग गर्न सक्दछन् ।

- **स्क्रिनिङ टेस्ट (Screening tests)**

बालबालिकामा बहिरापन छ कि छैन भन्ने पत्ता लगाउन यो परीक्षण शैशवावस्थादेखि विद्यालय उमेर सम्मका बालबालिकामा गरिन्छ । यस परीक्षणमा १-३-६ को नियम पालन गरिन्छ । एक महिनाभित्रको शिशुलाई अस्पतालमा परीक्षण गरिन्छ । पहिलो महिनामा सङ्केत नदेखाउने बालबालिकालाई ३ महिनामा पुःन परीक्षण गरिन्छ भने यस अवस्थामा पनि ६ महिनामा घर परिवारमा परीक्षण गरिन्छ । यस प्रकारको परीक्षणमा कम्प्युटर प्रविधिको पनि प्रयोग गरिन्छ । विद्यालयहरूले प्रारम्भिक कक्षादेखि नै नियमित कार्यक्रमका साथै स्क्रिनिङ टेस्टका माध्यमबाट बालबालिकाहरूको श्रवण क्षमताको परीक्षण गर्नुपर्छ ।

- **प्योर टोन अडियोमेट्री (Pure-Tone Audiometry)**

व्यक्तिले सुन्न सक्ने वा नसक्ने पहिचान गर्न, सुनाइको मात्रा पत्ता लगाउन र श्रवणविहीनताको प्रकार पत्ता लगाउन pure tone audiometry को प्रयोग गरिन्छ । श्रवण परीक्षकले दुवै कानको श्रवण शक्ति मापन गर्दा आवृत्ति हर्ज (Hz) एकाइमा र ध्वनिको तीव्रता डेसिबल (dB) एकाइमा मापन गरिन्छ । यो परीक्षण विषयगत प्रकृतिको हुन्छ किनकि व्यक्तिले सुनाइका कारण देखाउने व्यवहार वा उद्दिपकप्रतिको प्रतिक्रियाबाट सुनाइको अवस्था पत्ता लाग्दछ । त्यसैले यो परीक्षण उमेर बढी भएका व्यक्तिमा बढी लाभकारी मानिन्छ ।

**(ग) स्पिच अडियोमेट्री (Speech Audiometry)**

बालबालिकाले अरूले वाचन गरेको बुझ्न सक्छन् की सक्दैनन् भनेर अडियोलोजिस्टहरूले वचन श्रवणको परीक्षण गर्दछन् । वाचन श्रवण परीक्षण speech reception threshold (SRT) डेसिबल तहमा मापन गरिन्छ । SRT मापन गर्ने एउटा विधि दुई सिलेबल भएको शब्द उच्चारण गरी दुवै कानमा सुन्न लगाइन्छ ।

**(घ) साना तथा मापन गर्न गाह्रो हुने बालबालिकाको जाँच**

धेरै साना बालबालिकाको श्रवण क्षमताको मापन गर्न माथि उल्लेख गरिएका कुनै पनि विधिले कठिनाइ हुने हुनाले श्रवण मापन विज्ञहरूले खेलौना, पुस्तक आदि ठोस वस्तु जस्ता दर्जनौं अन्य धेरै उपायहरूको प्रयोग गर्दछन् । साना साना बालबालिकाको श्रवण क्षमता मापन गर्न अलग्गै उपायहरूको स्रोत प्रयोग गरिन्छ ।

**१.३. लेखाजोखा केन्द्रको अवधारणा (The concept of assessment center)**

अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गर्ने, उनीहरूलाई परामर्श दिने, सिफारिस गर्ने, विद्यालय भर्ना गराई पठनपाठनमा सहयोग गर्ने र जिल्ला तथा स्थानीय तहमा उनीहरूको समस्यामा आधारित योजना तयारी र कार्यान्वयनमा सहयोग गर्ने जस्ता प्राविधिक काम गर्नका लागि लेखाजोखा केन्द्रको सञ्चालन गरिएको छ ।यी कार्य समन्वयात्मक र प्रभावकारी तरिकाले अगाडि बढाउनका लागि जिल्लामा एउटा लेखाजोखा व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ । लेखाजोखा केन्द्र व्यवस्थापन समितिमा देहायका सदस्यहरू रहने व्यवस्था गरिएको छ :

**संरचना**

- शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख वा निजले तोकेको व्यक्ति - अध्यक्ष
- जिल्ला स्वास्थ्य कार्यालयका एक स्वास्थ्यकर्मी - सदस्य
- जिल्ला स्थित विशेष शिक्षा एवं अपाङ्गता क्षेत्रमा कार्यरत गैह्सरकारी संस्थाबाट एक जना अपाङ्गता भएका व्यक्तिसमेत पर्ने गरी २ जना - सदस्य
- स्रोत शिक्षकमध्ये विभिन्न अपाङ्गताको क्षेत्रबाट पर्ने गरी ३ जना - सदस्य
- लेखाजोखा केन्द्र रहेको विद्यालयको प्र.अ. - सदस्य
- जिल्लामा आयमूलक कार्यक्रम सञ्चालन गर्ने संस्थाको पदाधिकारी एक जना -सदस्य
- जिल्ला समन्वय समितिको प्रतिनिधि - सदस्य
- विशेष शिक्षा फोकल पर्सन - सदस्य सचिव

**लेखाजोखा केन्द्र व्यवस्थापन समितिको संरचना र काम कर्तव्य र अधिकार**

- विशेष आवश्यकता पर्ने बालबालिकाको छनोट र लेखाजोखा गर्ने
- बालबालिकालाई सम्बन्धित स्रोतकक्षा वा अन्य विद्यालयमा सिफारीस गर्ने
- विशेष आवश्यकता पर्ने बालबालिकाको लागि शैक्षिक योजना तर्जुमा गर्ने
- अपाङ्गता भएका बालबालिका र उनीहरूका अभिभावकहरूलाई उचित सरसल्लाह प्रदान गर्ने
- स्रोत शिक्षकलाई आवश्यकतानुसारको सहयोग सल्लाह र सुझाव दिने
- स्रोतकक्षाका बालबालिकाहरूका साथै जिल्लाका सबै विशेष आवश्यकता पर्ने बालबालिकाको प्रोफाइल तयार गर्ने
- छोटो अवधिका विशेष शिक्षासम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने गराउने
- जिल्लामा सञ्चालित विशेष शिक्षासम्बन्धी कार्य गर्ने गैह सरकारी सङ्घ संस्थाका कार्य प्रकृति, कार्यरत जनशक्तिको विवरण र समन्वय गर्न सक्ने विषयवस्तुको विवरण तयार गरी अपाङ्गतासम्बन्धी विभिन्न कार्यक्रम समन्वयात्मक रूपमा सञ्चालन गर्ने गराउने
- आवश्यकतानुसार सिपमूलक तालिम सञ्चालनका लागि पहल गर्ने
- जिल्लामा सञ्चालित कार्यक्रमको निरीक्षण अनुगमन गर्ने र निर्देशन दिने
- जिल्लागत रूपमा आर्थिक स्रोत विकासका लागि पहल गर्ने
- जिल्ला स्तरमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी उत्कृष्ट बालबालिकालाई राष्ट्रिय स्तरको क्रियाकलापमा सहभागी गराउने
- जिल्ला स्तरमा बालबालिकाले तयार गरेका सामग्रीहरू प्रदर्शनी गराउने
- जिल्लामा रहेका विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरूको समस्या पहिचान गर्ने र उनीहरूका लागि पुऱ्याउनुपर्ने सेवाको योजना समेत तयार गर्नका लागि लेखाजोखा केन्द्र परिचालन समितिले लेखाजोखा प्राविधिक टोली गठन गरी काम लगाउन सक्ने

# एकाइ २ : समावेशी शिक्षा

## २.१ समावेशी शिक्षाको अवधारणा, आवश्यकता र विशेषताहरू

**अवधारणा**

विभिन्न भाषाभाषी, वर्ग, धर्म, क्षेत्र, लिङ्ग, स्वास्थ्य अवस्था र अपाङ्गता भएका बालबालिकाले खुसीसाथ घरनजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिकासँगै सिक्न पाउने वातावरण सिर्जना गर्नु नै समावेशी शिक्षा हो । समावेशी शिक्षा एउटा प्रक्रिया हो । समावेशी शिक्षाको पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ । यस पद्धतिमा गुणस्तरीयतालाई ध्यानमा राखेर बालबालिकाको रुचि, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरू बालबालिकासँगै उपलब्ध गराइन्छ ।

**आवश्यकता**

समावेशी शिक्षा एक निरन्तर चलिरहने प्रक्रिया हो, जुन सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यतर्फ लक्षित छ । यसले विद्यार्थी समुदायहरूमा पाइने विभिन्नताको सम्मान गर्दछ र उनीहरूमा फरक फरक आवश्यकता, क्षमता, विशेषता र सिकाइका अलग अलग अपेक्षाहरूलाई पनि सम्बोधन गर्दछ । सबै खालका विभेदहरू शिक्षामा निर्मूल गर्नु यसको प्रमुख गन्तव्य हो (नोभेम्बर २००८ मा जेनेभामा सम्पन्न शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको ४८ औं सत्रबाट पारित निष्कर्ष र सुझाव) । समावेशी शिक्षा समग्र शिक्षा प्रणालीमा परिवर्तन ल्याउने विस्तृत प्रक्रिया हो जसबाट विद्यार्थीहरूका विभिन्न आवश्यकताहरूको सम्बोधन गरिन्छ र ती आवश्यकतानुसार शैक्षिक व्यवस्थापन गरिन्छ । विद्यार्थीहरूको सामाजिक, आर्थिक, साँस्कृतिक, भाषिक, शारीरिक वा अन्य परिस्थिति जेसुकै होस् सबैका समस्यालाई सम्बोधन गर्ने प्रक्रिया यसमा चल्दछ । (पैरवी निर्देशिका, समावेशी शिक्षक शिक्षाको प्रवर्धन परिचय, २०१३, युनेस्को)

**समावेशी शिक्षाका प्रमुख विशेषताहरू**

(1) समावेशी शिक्षा एक प्रक्रिया हो । यो परिवर्तन र सुधारको एक गतिशिल प्रक्रिया हो । यस प्रणालीमा विद्यालयले विना कुनै भेदभाव सबै बालबालिकाका शैक्षिक आवश्यकतालाई सम्बोधन गर्दछन् ।

(2) समावेशी शिक्षाले सबै बालबालिकाको शिक्षाको अधिकारलाई संरक्षण र सम्बर्द्धन गर्छ । शिक्षालाई बालबालिकाको मौलिक हकका रूपमा व्याख्या गर्छ ।

(3) समावेशी शिक्षाले शिक्षाका सबै पक्षलाई छुन्छ । समावेशी शिक्षाले नीति, पाठ्यक्रम, विधि र सामग्रीका क्षेत्रमा ठुलो परिवर्तन ल्याएको छ । शिक्षाको संरचना तथा उपलव्ध गराउने माध्यमका अतिरिक्त शिक्षाका उद्देश्य, विषयवस्तु, विधि, प्रक्रिया, मूल्याङ्कन सबै पक्षमा सुधार ल्याउँछ ।

(4) समावेशी शिक्षाले मानिसहरूको मनोवृत्तिमा, व्यवहारमा, प्रचलनमा, स्रोतसाधनमा, नीतिमा, संस्थागत संरचनामा, प्रशासनिक प्रक्रियामा, भौतिक पूर्वाधारमा भएका बाधाहरूलाई सम्बोधन गर्छ र प्रचलित सकारात्मक अभ्यासमा आधारित भई काम गर्छ ।

(5) समावेशी शिक्षाको कार्यान्वयनमा नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता जनाएको छ । भेदभावविहीनता र समान अवसरका लागि समावेशी शिक्षाको प्रवर्धन गर्ने क्रममा सबैका लागि शिक्षा, सहश्राव्दि विकासका लक्ष्य तथा दिगो विकासका लक्ष्य जस्ता अभियान निरन्तर क्रियाशील छन् ।

(6) समावेशी शिक्षाभित्र पहुँच, गुणस्तर, टिकाउपन, पढाइ पूरा गर्ने अवस्था र शैक्षिक प्राप्ति पर्दछन् ।

(7) समावेशी शिक्षाले शिक्षकहरूलाई शिक्षा दिने र पेसागत सहयोगमा सुधारका लागि जोड दिन्छ ।

(8) समावेशी शिक्षाले सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछ ।

समावेशी शिक्षाको अभ्यासले शिक्षाको अवसरबाट बञ्चित सबै वर्ग र समुदायका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा समाहित गरी शैक्षिक गुणस्तर कायम गर्न मद्दत गर्दछ । सबै बालबालिकाहरूलाई विभेदरहित तवरले बालमैत्री वातावरणमा शिक्षा प्रदान गर्न मार्ग निर्देश गर्दछ । विभिन्न समुदाय, भाषाभाषी र सम्प्रदायका मानिसहरूलाई उनीहरूको आवश्यकताअनुसार शिक्षाको अवसर प्रदान गर्दछ । शिक्षाको माध्यमबाट समाजमा रहेका वर्गीय, जातीय, धार्मिक, सास्कृतिक विभेदको अन्त गरी सामाजिक न्याय कायम गर्दै समतामूलक समाज निर्माण गर्न मद्दत गर्दछ । शिक्षामा सबै वर्गको अधिकार स्थापित गरी शिक्षालाई

सर्वसुलभ र पहुँचयोग्य बनाउन मद्दत गर्दछ । राज्यको मूल प्रवाहमा आउन नसकेका वर्गलाई जागृत र शिक्षित बनाई राज्यप्रति अपनत्वको भावना विकास गराई राष्ट्रिय एकता कायम गर्न सघाउ पुऱ्याउँदछ । सिपमुलक र व्यवसायिक शिक्षा प्रदान गरी सबै वर्गका नागरिकलाई आत्मनिर्भर बनाउन मद्दत गर्दछ । शिक्षा सम्बन्धी नीति, कार्यनीति, कार्यक्रम तथ शैक्षिक योजना निर्माण र त्यसको कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन समेतमा समावेशी अवधारणाअनुसार सबै वर्गको सार्थक सहभागिता गराउँछ । विद्यालय र विद्यालय बाहिर समेत भेदभाव रहित शैक्षिक वातावरण निर्माण गर्न सहायक हुन्छ ।

**"समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छः**

(1) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिजम, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा

(2) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा

**विशेष शिक्षा**

"विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्दछ।


*स्रोत : शिक्षा ऐन २०२८ नवौं संशोधनसहित*

## २.२ समावेशी शिक्षाका चुनौती वा बाधक तत्त्वहरू

अपाङ्गता भएका बालबालिकाहरूको अधिकारहरू सबै बालबालिकाहरूले प्राप्त नगरिरहेको अवस्था हुन सक्छ। तिनको कारणमा केही बाधक तत्त्वहरू हुन्छन्, जसले बालबालिकाहरूलाई शिक्षाको अधिकारबाट पनि बञ्चित गरिराखेका हुन्छन्। अपाङ्गता भएका बालबालिकाहरू प्रायः शैक्षिक बहीष्करणमा परेको अनुभव गर्दछन्। उनीहरू विद्यालयमा हुँदा पनि विद्यालयमा भएको महसुस गर्दैनन्। यस्ता बालबालिकाहरू आफू सीमान्तकृत भएको पनि महसुस गर्दछन्। उनीहरू विद्यालयमा त हुन्छन् तर अन्य बालबालिकाहरू सरह पठनपाठन गर्न तथा अन्य क्रियाकलापहरू गर्न सङ्घर्ष गरिरहेका हुन्छन्।

यसरी अपाङ्गता भएका बालबालिकाहरू शिक्षाबाट बहीष्कृत वा सिन्तकृत हुनुका बाधाहरूलाई निम्न रूपले वर्गीकृत गरिएको छ :

- धारणागत - नकारात्मक धारणा
- वातावरणिय वा भौतिक पूर्वाधार
- संस्थागत बाधा




**१. धारणागत बाधा — नकारात्मक धारणा**

अपाङ्गता भएका व्यक्तिहरूप्रति हाम्रो घर समाजमा अहिले पनि नकारात्मक धारणा रहेको पाइन्छ। घरमा अपाङ्गता भएका बच्चा जन्मिनु भनेको पूर्व जन्मको पापले गर्दा हो भन्ने नकारात्मक धारणा रहेको पाइन्छ। अपाङ्गता भएको बच्चालाई घर समाजमा समस्या वा बोझको रूपमा लिने गरेको पाइन्छ। त्यस्तो किसिमको बच्चा जन्मिएमा लुकाउने र घरभन्दा बाहिर देखाउने प्रवृत्ति रहेको पाइन्छ। यस्ता अपाङ्गता भएका बालबालिकाहरूले घरमा वा समाजमा केही पनि गर्न सक्दैनन् र यी बच्चाहरूको जीवन बेकार छ भन्ने धारणा रहेको पाइन्छ। यस्ता किसिमका बालबालिकाहरूलाई सदैव अरूको भरमा बाच्नुपर्छ भन्ने धारणा रहेको पाइन्छ। यस किसिमको नकारात्मक धारणाले गर्दा अपाङ्गता भएका बालबालिकाहरूलाई अपहेलना र वेवास्ता गर्ने गरिन्छ। यस किसिमका बालबालिकाहरूलाई शिक्षाको अवसर वा विद्यालयमा भर्ना भई पढने अवसर पनि दिइँदैन। कतिपय अवस्थामा अपाङ्गता भएका व्यक्तिहरू शारीरिक एवम् यौन शोषणमा पनि परेका हुन्छन्।

### २. संस्थागत बाधा

विद्यालय एवम् अन्य सरोकारवाला संस्थाहरूले अपाङ्गता भएका बालबालिकाहरूको लागि जेजति गर्नुपर्ने हो वा प्रभावकारी नीति तथा स्रोत साधानहरूको व्यवस्थापन गर्नुपर्ने हो, सो कुराहरू गर्न नसक्नु संस्थागत बाधा हो। विद्यालयहरूमा आवश्यक स्रोत साधनहरू जस्तै उपकरण, उपयुक्त गुणस्तरीय सामग्री, शिक्षण विधिहरू, शिक्षकहरूलाई तालिम आदिको अभाव हुनु वा संस्थाले व्यवस्थापन गर्न नसक्नु संस्थागत बाधा हो। साथै प्रभावकारी नीति वा प्रावधानहरूको व्यवस्थापन गर्न नसक्नु पनि संस्थागत बाधा हो।

### ३. वातावरणीय वा भौतिक पूर्वाधार

अपाङ्गता भएका बालबालिकाहरूको लागि विद्यालयमा उपयुक्त वातावरण नहुनु वा भौतिक संरचना वा पूर्वाधार नहुनु वातावरणीय बाधा हो, जस्तै अपाङ्गता भएका बालबालिकाहरूको लागि पहुँचयुक्त भवन नहुनु, विद्यालय जान र आउनको लागि अप्ठ्यारो र लामो बाटो यात्रा गर्नुपर्ने, उपयुक्त एवम् पहुँचयुक्त यातायातको व्यवस्था नहुनु जस्ता कुराहरू नै भौतिक बाधाहरू हुन्। यस्ता बाधा वा समस्याहरूको सम्बोधन एवम् समाधान हुन सकेमा अपाङ्गतालगायत सबै विद्यार्थीहरूको लागि फाइदा पुग्छ। यी बाधाहरू हटाउनु भनेको एक क्रमिक प्रक्रिया हो। यी बाधाहरू एकैचोटि समाधान हुने होइनन्, बरु विस्तारै तथा क्रमिक रूपमा समाधान हुँदै जान्छन्।

## २.३ समावेशी शिक्षाको प्रबर्द्धनमा कानुनी प्रावधानहरू

### नेपालको संविधान २०७२

- संविधानका विभिन्न धाराहरूमा अपाङ्गता भएका नागरिक भनेर विशेष व्यवस्था गरिएको छ। धारा १८ को २ मा समानताको हक, धारा २४ मा छुवाछुत विरुद्धको हक, धारा ३१ मा शिक्षाको हकअन्तर्गत अनिवार्य र निशुल्क तथा अपाङ्गता अनुकूल शिक्षा, धारा ३९ मा बालबालिकाको हक, धारा ४२ मा सामाजिक न्यायको हक, धारा ४३ मा सामाजिक सुरक्षाको हक, धारा ५१ मा राज्यको नीति निर्देशक सिद्धान्तमा यातायात व्यवस्थामा अपाङ्गतामैत्री हुने व्यवस्था तथा धारा ८४, ८६, १७६ र २५८ मा राजनीतिक सहभागिता र समावेशीताका विषयहरू समावेश गरिएका छन्।
- शिक्षासम्बन्धी हक –संविधानको धारा ३१

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ।
(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ।
(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने छ।
(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।
(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ।

### अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४

- परिच्छेद १ मा परिभाषाहरू
- परिच्छेद २ मा अपाङ्गता को वर्गीकरण, परिचयपत्र तथा अभिलेख
- परिच्छेद ३ मा अपाङ्गता भएका व्यक्तिको अधिकार जस्तै भेदभाव विरुद्ध, सामुदायिक जीवन, संरक्षण, राजनीतिक सहभागिता, नीति निर्माण, संस्था खोल्ने, सांस्कृतिक, सेवा सुविधा र न्यायमा पहुँच, सामाजिक सुरक्षा, सूचनाको हक र आवतजावतको अधिकारका कुराहरू उल्लेख
- परिच्छेद ४ मा अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकारहरू जस्तो महिलाको अधिकारको संरक्षण गर्न तथा उनीहरूको ज्ञान, सिप तथा क्षमताको उच्चतम उपयोगको, विशेष अवस्थालाई ध्यानमा राखी उनीहरूको स्वास्थ्य तथा प्रजनन अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्नुपर्ने। बालबालिकाको हकमा जस्तै स्वास्थ्य, स्याहार, शिक्षा,

मनोरञ्जन, सहभागिता, पुनर्स्थापना, घरबाट अलग गर्न नहुने, सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइलगायतका विषयमा उपयुक्त व्यवस्था तथा विशेष संरक्षणको अधिकार व्यवस्था गरिएको

- परिच्छेद ५ मा अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क शिक्षा, आवासीय, प्राविधिक शिक्षा, उपयुक्त भाषा र भौतिक सुविधा, छात्रवृत्ति तथा गुणस्तरीय शिक्षाका लागि शिक्षक तालिम र उपयुक्त शिक्षण सामग्रीको व्यवस्था
- परिच्छेद ६ मा तालिम र रोजगारी
- परिच्छेद ७ मा स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा, मनोरञ्जन, चिकित्सकीय सेवा, जीवनोपयोगी सिप
- परिच्छेद ८ मा अपाङ्गता भएका व्यक्तिलाई सहुलियत र सुविधा जस्तो यात्रा गर्दा यात्रु भाडामा पचास प्रतिशत छुट, सस्तो ब्याजदरमा ऋण उपलब्धता, सहायक सामग्रीमा कर छुट
- परिच्छेद ९ मा निर्देशन समिति (अपाङ्गता राष्ट्रिय निर्देशन समिति ,प्रदेश स्तरीय तथा नगर वा गाउँपालिका स्तरीय समन्वय समितिको व्यवस्था
- परिच्छेद १० मा अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व
- परिच्छेद ११ मा अपाङ्गता भएका व्यक्तिको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन
- परिच्छेद १२ मा कसुर र सजाय
- परिच्छेद १३ मा विविध

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ को परिच्छेद ९ मा अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र संरक्षणसम्बन्धी काम कारबाहीमा समन्वय, रेखदेख, प्रबद्र्धन गर्ने तथा सोसम्बन्धी काममा निर्देशन दिने काम समेतको लागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको अध्यक्षतामा एक अपाङ्गता राष्ट्रिय निर्देशन समिति रहने व्यवस्था गरिएको त्यसैगरी प्रदेश स्तरमा सम्बन्धित विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरको समिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ। स्थानीय गाउँ वा नगरपालिका स्तरको समन्वय समितिसम्बन्धी व्यवस्थामा अपाङ्गता भएका व्यक्तिको हकहित संरक्षणसम्बन्धी विषयमा समन्वय गर्ने काम समेतको लागि प्रत्येक गाउँपालिका र नगरपालिकामा स्थानीय समन्वय समिति रहने छ।

**स्थानीय गाउँ वा नगरपालिका स्तरको समन्वय समितिको (११ जनाको) गठन देहायबमोजिम हुने छ :**

- गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख – संयोजक
- गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्यमध्येबाट गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको एक जना महिला सदस्य – सदस्य
- गाउँपालिका र नगरपालिकाभित्रका माध्यमिक विद्यालयका प्रधानाध्याक वा स्रोत व्यक्तिमध्येबाट गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको व्यक्ति एकजना – सदस्य
- गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक एक जना – सदस्य
- स्थानीय प्रहरी कार्यालयको प्रमुख एक जना – सदस्य
- अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत सङ्घ संस्थाहरूमध्येबाट गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले मनोनयन गरेको संस्थाको प्रतिनिधि एक जना – सदस्य
- गाउँपालिका र नगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्तिहरूमध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिलासहित तीन जना – सदस्य
- नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख एक जना - सदस्य
- गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्मचारी एक जना – सदस्य–सचिव

**स्थानीय गाउँ वा नगरपालिका स्तरको समन्वय समितिको काम, कर्तव्य र अधिकार**

समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

- अपाङ्गता भएका व्यक्तिको हक, हित तथा संरक्षणको विषयमा स्थानीय स्तरमा काम गर्ने विभिन्न निकाय, सङ्घ वा संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा त्यस्तो काम सञ्चालन गर्न कुनै निकायलाई निर्देशन दिने
- अपाङ्गताको वर्गीकरण स्पष्ट नभएका र अपाङ्गता भए नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको निवेदनउपर जाँचबुझ गरी परिचयपत्र प्रदान गर्न कार्यालयलाई सिफारिस गर्ने
- स्थानीय तहभित्र अस्पताल, विद्यालयलगायत अन्य सरकारी तथा सार्वजनिक भौतिक संरचना तथा स्थानमा अपाङ्गता भएका व्यक्तिको पहुँच सहज गराउन अपाङ्गतामैत्री संरचना विकास वा निर्माण गर्ने, गराउने
- स्थानीय तहभित्र रहेका अपाङ्गता भएका व्यक्तिको अभिलेख सङ्कलन तथा अद्यावधिक गर्न लगाउने
- अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा स्थानीय तहमा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने
- तोकिएबमोजिमका अन्य काम गर्ने

**शिक्षा नियमावली २०५९ (संशोधनसहित)**

सङ्घीय सरकारको शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ६१ देखि ६६ सम्म विशेष शिक्षा परिषद्को गठन, काम कर्तव्य र अधिकार, विशेष विद्यालय सञ्चालन हुने दिन, विद्यालय सञ्चालन, विशेष विद्यालय सञ्चालन गर्ने संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीको नियुक्ति तथा सेवा शर्तसम्बन्धी प्रावधान राखिएको छ । कानुनी प्रावधान विद्यमान भएता पनि देशमा सङ्घीय गणतन्त्रको कार्यान्वयनपछि यो परिषद् क्रियाशील छैन । हाल यसमा भएका अधिकांश अधिकार स्थानीय सरकारमार्फत गरिँदै आइएको छ ।

**नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०७६।०७।१८ मा स्वीकृत राष्ट्रिय शिक्षा नीति २०७६**

**९. रणनीति**

९.१६. भौतिक पूर्वाधार, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउने (८.७)

९.१७. अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने (८.७)

**१०. नीति तथा कार्यनीति**

**छ. समावेशी र विशेष शिक्षा नीति**

१०.२८ अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सिप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकुलन गर्ने

१०.२८.१. अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको "विशेष विद्यालय" सञ्चालन गरिने

१०.२८.२. अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरिने

१०.२८.३. अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सिप सिक्ने अवसर प्रदान गरिने

१०.२८.४. साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तरअनुसार आवश्यक पर्ने सामग्रीहरू (जस्तैः ह्विल चेयर, छडी, ब्रेल पुस्तक, साङ्केतिक चित्र आदि) को समुचित प्रबन्ध गरिने

१०.२८.५. सबै प्रकारका अपाङ्गता भएका बालबालिकहरू (शारीरिक अपाङ्गता, सुनाइ अपाङ्गता, दृष्टि अपाङ्गता, स्वर र बोलाइ अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, अटिजम अपाङ्गता र बहुअपाङ्गता) को पठनपाठनमा सहजता ल्याउन शारीरिक तथा बौद्धिक क्षमताअनुसारको अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको प्रबन्ध गरिने

१०.२८.६. सबै बालबालिकालाई सक्षम बनाउन बालबालिकाहरूको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको व्यवस्था मिलाइने

१०.२८.७. अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीमा विविधीकरण गरिने

१०.२८.८. सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहीन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गरिने

१०.२८.९. अपाङ्गताको प्रकृतिअनुसार लचिलो पाठ्यक्रम तथा पाठ्यपुस्तक, वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण विधिमा जोड दिनुको साथै विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकूल बनाइने

**नीति १०.२९ आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहनलगायतका उपायहरू अवलम्बन गर्ने**

१०.२९.१. विद्यालयको सेवा क्षेत्रभित्रका दलित, जनजाति, सीमान्तकृत र लोपोन्मुख समुदायहरूको बाहुल्यता भएका विद्यालयहरूमा समुदायको भाषा र पृष्ठभूमि बुझ्ने शिक्षकको व्यवस्था गर्न प्राथमिकता दिइने

१०.२९.२.विद्यालयमा महिला शिक्षकको सहभागिता वृद्धि गर्न विद्यमान आरक्षण तथा सकारात्मक विभेदका कार्यक्रमहरूलाई निरन्तरता दिइने

१०.२९.३. दलित, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछि परेका समुदाय तथा क्षेत्र, विशेष प्रतिभावान् व्यक्ति र विशिष्टीकृत विषयमा आवश्यक जनशक्ति उत्पादनका लागि सङ्घ, प्रदेश वा स्थानीय तहले पूर्ण वा आंशिक लगानी गरी शिक्षाको प्रवर्धन गर्ने व्यवस्था मिलाइने

१०.२९.४. विद्यालयको नेतृत्वमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न क्षमता विकासमा जोड दिई प्रधानाध्यापक नियुक्तिमा महिलालाई प्राथमिकता दिइने व्यवस्था अवलम्बन गरिने

१०.२९.५. निश्चित समूहका सबैलाई दिने गरिएको विद्यमान छात्रवृत्ति व्यवस्थालाई पुनरावलोकन गरी गरिब तथा विपन्न केन्द्रित बनाउँदै लगिने। निजी विद्यालयहरूमा छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीले पनि उच्च शिक्षाको छात्रवृत्तिको आरक्षण सिटमा प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरिने

१०.२९.६. शिक्षाका सबै तहमा (प्रारम्भिक बालविकासदेखि उच्च शिक्षा तथा जीवनपर्यन्त शिक्षासम्म) समावेशीकरणसम्बन्धी मुद्दा पहिचान गरी त्यसको उचित सम्बोधन गरिने

१०.२९.७. सरकारी छात्रवृत्ति तथा विदेशी सरकारले नेपाललाई उपलब्ध गराउने छात्रवृत्ति सार्वजनिक अथवा सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई प्रदान गर्न प्राथमिकता दिइने

१०.२९.८. आर्थिक रूपले विपन्न, दुर्गम क्षेत्र र मानव विकास सूचकाङ्कमा पछि परेका क्षेत्र र वर्गलाई प्राथमिकता दिँदै स्टेसनरी, दिवा खाजा र पोशाक स्थानीय तहले नै क्रमशः निःशुल्क उपलब्ध गराउँदै जाने व्यवस्था मिलाइने

१०.२९.९. बालबालिकामा छुवाछुतका कारण हुने मनोवैज्ञानिक प्रभाव र भेदभावलाई अन्त गर्न विद्यालयमा छुवाछुत प्रथा पूर्ण रूपमा उन्मूलन गर्दै सबैलाई समान व्यवहार र सिकाइमा समान अवसर प्रदान गर्न विद्यालय तथा शिक्षकहरूलाई पूर्ण जिम्मेवार बनाइने

## २.४ नेपालको शैक्षिक योजनामा समावेशी शिक्षा

### विभिन्न योजना र आयोगका प्रतिवेदनहरूमा समावेशी शिक्षा

- राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२ ले "अपाङ्गहरूको निमित्त शिक्षाको व्यवस्था" शीर्षक दिएर एक अनुच्छेदमा "लाटा कान नसुन्ने र अन्धा तथा अरू खालका अपाङ्ग विद्यार्थीहरूलाई दिइने शिक्षाको व्यवस्था पनि गरिनु आवश्यक छ तर त्यस्ता अपाङ्ग विद्यार्थीहरूलाई दिइने शिक्षा प्राविधिक दृष्टिकोणले छुट्टै ढङ्गको हुनुपर्ने स्वःत सिद्ध छ" भन्दै यस्तो विद्यालय काठमाडौंमा तत्कालै सुरु गर्नुपर्ने भनी सुझाव गरेकोबाट अपाङ्गता भएका बालबालिकालाई दिइने शिक्षाको खाँचो महसुस भएको तर अपाङ्गताको परिभाषा, शिक्षाको स्वरूप र शिक्षा दिइने स्थानका बारेमा गरिएको विचारले समावेशिताको दिशामा नआइपुगेको प्रष्ट देखाउँछ ।

- राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले १३ वटा खण्डमध्ये एउटा अलग्गै खण्ड ९ मा "विशेष शिक्षा" नाम दिएर पृष्टभूमि, वर्तमान स्थिति, प्रमुख समस्या र मुद्दाहरू र सुझावहरू गरी चार शीर्षकमा नेपालमा विशेष शिक्षाको अभ्यासलाई चिरफार गर्ने प्रयत्न गरेको छ । विशेष शिक्षालाई गुणस्तरीय बनाउन वि सं २०३० मा विशेष शिक्षा परिषद्को गठन भएको र २०४८/४९ को आर्थिक वर्षबाट विशेष शिक्षाको सञ्चालन शिक्षा तथा संस्कृति मन्त्रालयले गरेको व्यहोरा उल्लेख छ । यस प्रतिवेदनको सुझावका रूपमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको सहयोगमा शिक्षा तथा संस्कृति मन्त्रालयमा एउटा अलग्गै "विशेष शिक्षा एकाइ" को गठन पनि भएको थियो । यस प्रतिवेदनले दिएको सुझावमा अपाङ्गहरूलाई सामाजिक एकीकरण र स्वाबलम्बनका निम्ति उपयुक्त ज्ञान, सिप प्रदान गर्नु विशेष शिक्षाको उद्देश्य हुने छ भनिएको छ । यसले पाठ्यक्रमलाई न्यूनतम समायोजन गरी मूल पाठ्यक्रम सरह मान्यता दिन सुझाएको छ। अपाङ्गता भएका बालबालिकालाई सिकाइ सामग्रीसहितको आवासीय र निःशुल्क शिक्षाका साथै घरपरिवार र सामाजिक सङ्घसंस्थाको पहलमा पुनर्स्थापनाको कार्यक्रम ल्याउनसमेत सुझाव दिएको छ । अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्ने, समस्याको निदान गर्ने, उनीहरूको शिक्षा र आत्मनिर्भरतामा विभिन्न पक्षलाई सहभागी गराउने र शिक्षालाई गुणस्तरीय बनाउने विभिन्न प्रयत्न गर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले समावेशी शिक्षा शब्दको प्रयोग नगरीकन विशेष शिक्षाको नामबाट समावेशी शिक्षाको लामो प्रक्रियामा प्रवेश गराउन विभिन्न उपायहरू सुझाएको पाइन्छ ।

- उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले पनि २०४९ को प्रतिवेदनले झैं अवस्थाको विश्लेषण गरी विशेष शिक्षाको विकासका लागि सुझावहरू प्रस्तुत गरेको छ । यसले विशेष शिक्षा परिषद्को सचिवालयको गठन गरी सोअन्तर्गत उच्चस्तरीय प्राविधिक समिति गठनको सुझाव दिएता पनि कहिल्यै कार्यान्वयन भने भएन । यस प्रतिवेदनले विशेष विद्यालयमा अन्यत्र भन्दा फरक ढङ्गले विद्यालय व्यवस्थापन समिति गठनको अवधारणा ल्याउँदै अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धि गर्न र गुणस्तर कायम गर्न अपनाउनुपर्ने उपायहरू बताउँदै पाठ्यक्रम तथा पाठ्यसामग्री, अनुगमन तथा आर्थिक अनुदान सहयोगको व्यवस्थाका बारेमा सुझाएको छ । यो प्रतिवेदनको भाव पनि समावेशी शिक्षाको सफल अभ्यासमा पृष्टभूमि तयार गर्नु रहेको पाइन्छ ।

- यसैगरी वि. सं.२०७५ मा नेपाल सरकारले गठन गरेको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले यसपूर्वका आयोगले भन्दा माथि उठेर समावेशी शिक्षा शब्दको प्रयोग गरेर विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि दिइने शिक्षाका बारेमा थप सुझावहरू पेस गरेता पनि यो प्रतिवेदन सरकारका तर्फबाट प्रकाशनमा आउन बाँकी हुनाले कार्यान्वयनमा आउन सकेन । यस समयसम्म आइसक्दा मुलुकमा सङ्घीयता कार्यान्वयन भई सकेको र विद्यालय सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मा स्थानीय सरकारको जिम्मामा गइसकेको अवस्था थियो । अन्तर्राष्ट्रिय क्षेत्रमा समावेशी शिक्षाको लहर चलेको र विद्यालय शिक्षामा पूर्ववत सरकारले बनाएको सबै संरचना, ज्ञान र अनुभव स्थानीय सरकारलाई हस्तान्तरण भइसकेको पृष्टभूमिमा यो प्रतिवेदन लेखन भएको थियो ।

**शिक्षाका आवधिक योजनाहरूमा समावेशी शिक्षा**

- आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलोको प्रारम्भमा विशेष शिक्षा परिषद्लाई सशक्त बनाई यसअन्तर्गत विशेष शिक्षा एकाइको गठन भयो । यस अवधिमा नै समाज कल्याण परिषद्अन्तर्गत सञ्चालनमा रहेका विशेष विद्यालयहरूलाई शिक्षा मन्त्रालयको छानोमुनि ल्याई विद्यालय, विद्यार्थी शिक्षक र शैक्षिक कार्यक्रमलाई पुनःपरिभाषित गरिएको थियो । यस परियोजनाको दोस्रो चरणमा आइपुग्दा विशेष विद्यालय र एकीकृत विद्यालय; स्रोत शिक्षक र स्रोत कक्षा तथा साधारण विद्यालयलाई दिइने अनुदान र विशेष विद्यालयलाई दिइने अनुदान तथा अपाङ्गता भएका विद्यार्थीले पाउने छात्रवृत्तिको स्पष्ट प्रबन्ध भइसकेको थियो ।
- शैक्षिक सुधारमा अन्तर्राष्ट्रिय अभियानकासाथ आएको सबैको लागि शिक्षा २००१-२०१५ ले छओटा अन्तर्राष्ट्रिय र एउटा नेपालको मौलिक उद्देश्य गरी जम्मा सातओटा उद्देश्यहरू तय गरियो । समावेशी शिक्षाको उद्देश्य प्रासिका लागि यस योजनाको दोस्रो उद्देश्यले सन् २०१५ सम्ममा बालिका, अपाङ्गता भएका बालबालिका, कठिन परिस्थितिका बालबालिका एवं अल्पसङ्ख्यक दलित र जनजातिका बालबालिकाका लागि गुणस्तरीय एवं निःशुल्क प्राथमिक शिक्षामा पहुँच र स्तरीय प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने लक्ष्य लियो । यसरी सबैको लागि शिक्षा अभियानको मध्यावधिपछि विद्यालय क्षेत्र सुधार कार्यक्रम २००९-२०१५ पनि कार्यान्वयनमा आयो। यस कार्यक्रमले समावेशी सहभागिताको

सुनिश्चितता भन्ने अलग्गै उद्देश्यसाथ विभिन्न कार्यक्रमहरू ल्यायो । यस योजनाले आधारभूत शिक्षा १-८ लाई अधिकारका रूपमा व्याख्या गऱ्यो ।

- यसै श्रृङ्खलामा सन् २०१५ युनेस्कोको आयोजनामा कोरियाको इन्छनमा सन २०३० सम्ममा प्राप्त गर्ने गरी मा "सबैका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ" भन्ने नाराका साथ विश्व शिक्षा सम्मेलन भयो यसको कार्यान्वयनका क्रममा नेपालमा "विद्यालय क्षेत्र विकास योजना २०१६-२०२३" जारी भयो । यस योजनाले शिक्षामा समता कायम गर्न राखेको मूल लक्ष्यमा पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार ल्याउन समावेशी र समतामूलक शैक्षिक प्रणालीको विकास गर्ने भनी उद्देश्य किटान गऱ्यो । आजका दिनमा आइपुग्दा विद्यालय शिक्षाका अतिरिक्त राज्यका हरेक एकाइहरूको संरचना समावेशी छन् र उपलब्ध भएसम्म अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व भएको छ ।

विशेष शिक्षा कुनै ठाउँ वा विद्यालय होइन यो त विशेष आवश्यकता भएका बालबालिकालाई उनीहरूको अवस्थाअनुसारको आफ्नो अधिकार प्राप्तिका लागि सक्षम बनाउने सेवा वा सुविधा मात्र हो । यो सुविधा प्रदान गर्दा गर्दै समावेशी वातावरणको सिर्जना हुन्छ । समावेशी शिक्षा भनेको विद्यालयमा भर्ना भएका सबै बालबालिकालाई एकै ठाउँमा जम्मा गर्नु र एकै प्रकारको शैक्षिक प्रबन्ध गर्नु होइन । यो त वैयक्तिक विभिन्नतालाई पहिचान गरी उनीहरूको विकासका लागि आवश्यक पर्ने सेवा वा सुविधाको प्रबन्ध गर्नु हो । समावेशी शिक्षा एउटा प्रक्रिया हो । कुनै एउटा सुधारले मात्र शिक्षा समावेशी नहुन सक्छ ।

### २.५ नेपालमा समावेशी शिक्षाको अभ्यास र बहिरा बालबालिकाको लागि शिक्षा

समावेशी शिक्षाको बृहत परिभाषाले अपाङ्गता भएका बालबालिकामात्र नभएर कुनै पनि अवस्थाका बालबालिकालाई सरल ढङ्गले उनीहरूको अवस्था र रुचिलाई सम्बोधन गर्ने गरी गुणस्तरीय शिक्षा दिने प्रबन्धलाई समेटेको छ । समावेशी शिक्षाको सिद्धान्तले माग गरेबमोजिमका भौतिक तथा शैक्षिक पूर्वाधार तथा पद्धतिको निर्माणमा विभिन्न तहका सरकार र विद्यालयहरू क्रियाशील छन् । देशमा चलेका सबै प्रकारका विद्यालयमा समावेशी शिक्षाका दृष्टिकोणले उपयुक्त सेवा प्रवाह गर्न विद्यालय शिक्षासँग सम्बन्धित जनशक्तिको विकास गर्ने काम निरन्तर भइरहेको छ । सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई उनीहरूको अवस्थाबमोजिम कक्षाकोठामा समाहित गरिएको छ । सुस्तश्रवण भएका अधिकांश बालबालिका सुन्न सक्ने बालबालिकासँगै बसेर पढ्ने सक्ने गरी व्यवस्था मिलाइएको छ भने बहिरा बालबालिकालाई हृदयङ्गम गरी विशेष विद्यालय र विषेश कक्षाको प्रबन्ध गरिएको छ । सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाका शिक्षकले पेडागोजिकल तालिमका अतिरिक्त साङ्केतिक भाषाको तालिम अनिवार्य रूपमा लिनुपर्ने भएकाले विभिन्न सङ्घसंस्थाहरूको समन्वयमा विभिन्न अवधिको तालिमको व्यवस्था मिलाइएको छ ।

नेपालमा अपाङ्गताका चार क्षेत्र शारीरिक अपाङ्गता, बहिरा तथा सुस्त श्रवण, बौद्धिक अपाङ्गता र दृष्टिविहीन विद्यार्थीका लगि विशेष तथा एकीकृत विद्यालय सञ्चालनमा छन् । एउटै प्रकारको अपाङ्गता भएका विद्यार्थी अध्ययन गराउने विद्यालयहरू विशेष विद्यालयहरू हुन् । नेपालको पहिलो बहिरा विशेष विद्यालय केन्द्रिय बहिरा मा. वि. नक्साल हो, जहाँ कक्षा १२ सम्म पढाइ हुन्छ । साधारण विद्यालयहरू जहाँ अपाङ्गता भएका विद्यार्थीहरूलाई समेत अध्ययन सुविधा उपलब्ध छ, त्यस्ता विद्यालयलाई एकीकृत विद्यालय भनिन्छ । एकीकृत विद्यालयमा समावेशी पद्धतिका आधारमा पढाइ सञ्चालन गरिन्छ । यस्ता विद्यालयमा अपाङ्गता भएका विद्यार्थीका लागि आवश्यक सहयोग गर्न स्रोतकक्षाको व्यवस्था गरिएको छ । हाल यस्ता विद्यालयहरूमा अन्य विद्यालयलाई झैं स्थानीय तहमार्फत वजेट जाने व्यवस्था मिलाइएको छ ।

**नेपालमा हाल अपाङ्गता भएका बालबालिकाहरूका लागि संचालित विद्यालयहरूः**

- एकीकृत शिक्षा सञ्चालित विद्यालय (बहिरा ५, दृष्टिविहीन १६, शारीरिक अपाङ्गता २) -२३ ओटा
- विशेष विद्यालय (बहिरा १८, बौद्धिक १४, दृष्टिविहीन १) -३३ ओटा
- स्रोत कक्षा सञ्चालन भएका विद्यालय - ३८० ओटा

*स्रोत : अपाङ्गता पहिचान तथा सहजीकरण सहयोगी पुस्तिका २०७५*

## २.६ बहिरा बालबालिकाको शिक्षण व्यवस्था

विशेष आवश्यकता भएका अन्य बालबालिकालाई जस्तै बहिरा बालबालिकालाई पनि उनीहरूको अवस्था र आवश्यकताका आधारमा विभिन्न प्रकारका ढाँचाबाट शिक्षा दिने प्रबन्ध गरिन्छ । शिक्षा बालबालिकाको अधिकारको विषय हो । नजिकमा बहिरा बालबालिकाका लागि उपयुक्त विद्यालय छैन भन्दैमा शिक्षा दिने कार्य रोकिनु हुन्न । विद्यालय जानै नसक्ने बालबालिका छन् भने पनि घरमै शिक्षा दिने व्यवस्था मिलाइनुपर्दछ । प्रारम्भिक उमेर मै बालबालिकाको श्रवणशक्तिको पहिचान गरी सिकाइपरक गतिविधिमा परिचित गराउनुपर्दछ ।

**प्रारम्भिक हस्तक्षेप र प्रारम्भिक विद्यालय/विद्यालय पूर्वका कार्यक्रमहरू (Early intervention and preschool programs)**

बालबालिकामा बहिरापन जन्मपूर्व वा जन्मपश्चात् हुन सक्छ । जन्मपूर्व नै बहिरापनको अवस्था रहेछ भने सानै उमेरमा पहिचान गर्न सकियो भने सिकाइ निर्देशित बनाई उमेरअनुसारको विकास गराउन सकिन्छ । घर परिवार र विशेष गरेर आमा वा स्याहारकर्ताको सहायताले बालबालिकामा विद्यालय पूर्वको उमेरदेखि नै सुनाइसम्बन्धी समस्या छ छैन पहिचान गरी तदनुकूलको सिकाइ वातावरणको सिर्जना गर्नुपर्ने हुन्छ । तीन वर्षको उमेरभित्र बहिरापन पत्ता लगाउन सकियो भने शिशुकक्षा देखि नै सिकाइ व्यवस्थालाई उसको अवस्था र आवश्यकताअनुरूप ढाल्न सकिन्छ । सानो उमेरमा बहिरापनको पत्ता लगाउन नसक्दा बालबालिकामा गरिएको उनीहरूको व्यवहारमा आशातित परिवर्तन नआउनाले सम्पूर्ण मेहनत खेर जान्छ । यस्तो उमेरमा उनीहरूलाई ठोस वस्तु र अभिनयको प्रदर्शन तथा साधारण सङ्केतको सहायताले सञ्चार गरी संवादको अवस्था सिर्जना गर्नुपर्दछ । यो उमेरमा बालबालिकालाई शारीरिक आवश्यकतासँग सम्बन्धित (जस्तैः खान, हिँड्डुल गर्न, दिसापिसाब लागेमा अभिव्यक्त गर्न, लुगा लगाउन वा खोल्न, कुनै इच्छा अभिव्यक्त गर्न, अरूले गरेको काम हेर्न, कुनै वस्तु चिन्न, खेल्न आदि जस्ता) सञ्चारको बढी जरुरत पर्दछ । यो अवधिमा बहिरा बालबालिकामा सामान्य दिनचर्यासँग सम्बन्धित बानी बसाल्ने काम गरिन्छ । विद्यालय जानुपूर्वको अवस्थामा बालबालिकामा बहिरापनको पहिचान र उपयुक्त व्यवहारका लागि डाक्टर, मनोवैज्ञानिक र शिक्षक जस्ता विज्ञहरूको सल्लाहको जरुरी हुन्छ ।

**दिवा विद्यालय (Day schools)**

सामान्य विद्यालयमा झैं बहिरा बालबालिकालाई दिवा विद्यालयमा नियमित रूपमा तोकिएको कार्यघण्टामा शिक्षण गरिन्छ । विद्यार्थीहरू घरबाट विद्यालय आउने भएकाले विद्यालय बाहिरको समय आफ्ना अभिभावकसँग बस्ने हुन्छन् । यस्ता विद्यार्थीमा घर र विद्यालय दुवैको प्रभाव हुन्छ । दिवा विद्यालय विशेष विद्यालय वा स्रोत कक्षासहितको विद्यालय हुन सक्छ । कक्षा शिक्षण, विषय शिक्षण, बहुकक्षा शिक्षण वा मिश्रित शिक्षण कुनै पनि ढाँचामा पठनपाठन हुन सक्छ । विद्यार्थीको सिकाइ र आदत निर्माणमा विद्यालयको प्रमुख भूमिका हुनुपर्छ ।

**आवासीय विद्यालय (Residential schools for the deaf)**

बहिरा बालबालिकाका लागि सञ्चारको माध्यम नै साङ्केतिक भाषा हो । घर परिवारमा सबैजनाले साङ्केतिक भाषाको प्रयोग नगर्ने र प्रयोग गरी हाले पनि स्थानीय सङ्केतको प्रयोग हुन जाँदा सञ्चार अबरुद्ध हुन जान्छ । आवासीय विद्यालयले विद्यार्थीलाई एकै वातावरणमा स्तरीकृत साङ्केतिक भाषामा सिकाइ सहज गर्न सहयोग पुऱ्याउँछ । आवासीय विद्यालय सुविधा लिएका विद्यार्थीमा बाह्य प्रभाव कम हुने भएकाले विद्यालयले बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मकलगायत सबै पक्षको विकास हुने क्रियाकलाप सन्तुलित ढङ्गबाट गराउनुपर्दछ । उदाहरणका रूपमा धौलागिरी बहिरा मा. वि. बागलुङले सबै विद्यार्थीलाई आवासीय सुविधा उपलब्ध गराएको छ ।

**विशेष सुविधासहितको कक्षाकोठा (Self-contained Classrooms)**

एउटै विद्यालय जहाँ अपाङ्गता भएका र नभएका बालबालिका अध्ययन गर्छन् तर अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको आवश्यकताअनुसारका सेवा र सुविधा उपलब्ध गराइन्छ । बालबालिकाहरू धेरैजसो गतिविधिमा अन्य बालबालिका सँगै सिक्छन् । सिक्ने क्रममा जब उनीहरूमा क्रियात्मक सीमितताको अवस्था आउँछ । त्यस्तो अवस्थामा एउटा अलग्गै विशेष सुविधासहितको कक्ष वा वातावरणमा राखिन्छन् । बहिरा बालबालिकाको सन्दर्भमा साङ्केतिक भाषा सबै अवस्थामा अनिवार्य मानिन्छ तर जब साङ्केतिक भाषाको प्रयोगका कारण अन्य बालबालिका सिकाइमा ढिलो भएको महसुस गर्छन् तब बहिरा बालबालिकाका लागि अलग्गै थप प्रयत्नसहितको शिक्षण सिकाइको वातावरणको आवश्यकता पर्दछ । यस्तो अवस्थामा उनीहरूलाई अलग्गै कक्षामा वा वातावरणमा राखेर सिकाइन्छ । यसरी दुवै प्रकारको सुविधा भएको कक्षाकोठा वा विद्यालयले

दिने वातावरणलाई विशेष सुविधासहितको कक्षाकोठा भनिएको हो । स्रोत कक्षा भएका विद्यालय यसका उदाहरणहरू हुन् । स्रोत कक्षा सञ्चालन भएका विद्यालयका बालबालिका पनि छात्रावासको सुविधा लिन सक्छन् ।

Self contained classroom (Source: https://www.pinterest.com/pin/)

**अन्य विद्यार्थीसँग समाहीकरण (Mainstreaming and inclusion in general education settings)**



अपाङ्गता भएका विद्यार्थीलाई अन्य समकक्षीसँगै राखेर शिक्षण गराउने कार्यलाई अपाङ्गता भएका बालबालिकाका लागि मूल प्रवाहीकरण वा समाहीकरण भनिन्छ । मूल प्रवाहीकरण वा समाहीकरणको कक्षामा सुन्न सक्ने, आँशिक रूपमा सुन्न सक्ने र सुन्न नसक्ने बालबालिकालाई एउटै कक्षामा सँगै राखेर अध्यापन गराउन यस प्रकारको प्रबन्ध गरिन्छ । बाग्लुङ जिल्लाको धौलागिरी बहिरा मा. वि. मा बहिरा बालबालिकाकासँग सुन्न सक्ने बालबालिका पनि सँगै एउटै कक्षामा पढ्छन् । आवासीय सुविधासहितको विद्यालय भएकाले कक्षाबाहिरको क्रियाकलापमा पनि उनीहरू सँगसँगै सहभागी हुन्छन् । सुन्न सक्ने बालबालिकाले पनि कक्षामा साङ्केतिक भाषाको प्रयोग गरेर सिक्छन् । जब समावेशी शिक्षाको विश्वव्यापी अभियान नेपालमा प्रवेश गर्‍यो त्यती बेलादेखि नै यस प्रकारको अभ्यास नेपालमा पनि भित्रियो । यस प्रकारका विद्यालय अन्यत्र पनि छन्, धौलागिरी बहिरा मा. वि. एउटा उदाहरण मात्र हो । एउटै कक्षामा सबै अवस्थाका विद्यार्थीलाई सँगै राख्नु मात्र समावेशी शिक्षा होइन । यसका लागि उनीहरूलाई आवश्यक पर्ने सिकाइ सेवा दिनुपर्ने हुन्छ । समावेशी शिक्षाका लागि देहायका पाँच विधि अनिवार्य मानिन्छन् –

(1) सहयोगात्मक परामर्श (Collaborative consultation): बालबालिकामा अपाङ्गताको पहिचान भई सकेपछि समावेशी कक्षाको शिक्षकलाई विज्ञद्वारा उक्त बालबालिकालाई शिक्षण गर्न गरिने कार्यलाई सहयोगात्मक परामर्श भनिएको हो । यसमा विज्ञ वा विशेष शिक्षकले शिक्षण, थप सहयोग, बहिरा बालबालिकाका लागि आवश्यक व्यवहारिक योजना वा घर र विद्यालयमा गरिने कार्यको सूची उपलब्ध गराउँदछन् ।

(2) सहकार्यात्मक शिक्षण र अन्य सहयोगी समूह व्यवस्था (Cooperative teaching and other team arrangements): यो एउटै कक्षामा विशेष शिक्षक र साधारण कक्षाका शिक्षक दुवैले सँगसँगै पढाउने कक्षाकोठाभित्रको प्रबन्ध हो । बहिरा बालबालिकालाई पढाउने शिक्षकले साङ्केतिक भाषाको प्रयोग गर्न नजान्दा विशेष शिक्षक वा दोभाषेले कक्षामा सघाउनु यसको अर्को उदाहरण हो । यो प्रबन्धले शिक्षणमा प्रभावकारिता ल्याउने भएता पनि खर्चिलो हुन्छ ।

(3) पाठ्यक्रम र शैक्षणिक रणनीति (Curricula and instructional strategies): फरक अवस्थाका बालबालिकाहरूको मिश्रित समूहभित्र एकआपसमा सहयोगात्मक सिकाइ र सहपाठी साथीसँग सिकाइ जस्ता शैक्षिक रणनीतिले पाठ्यक्रमको दायराभित्रको विषयवस्तुको सिकाइमा तीव्रता दिन्छ ।

(4) समायोजन र अनुकुलन (Accommodations and adaptations): अपाङ्गता भएका बालबालिकालाई सिकाइने विषयवस्तु, सिकाइ प्रक्रियामा प्रयोग गरिने साधन, विधि र प्रक्रियामा बालबालिकाको अवस्था र आवश्यकतानुरूप परिमार्जन वा रुपान्तरण वा सरलीकरण गरेर सिकाइ सम्भव तुल्याउन सकिन्छ, यसलाई पाठ्यक्रमको समायोजन वा अनुकुलन भनिन्छ ।

(5) कक्षाकोठामा भएका सबै बालबालिकाको विविधताको अनुकुलनका लागि सबै शिक्षकलाई तालिमको प्रबन्ध गर्नु (Training general education teachers to accommodate diversity): नियमित कक्षामा अध्यापन गराउने शिक्षकलाई समावेशी शिक्षा शिक्षणको तालिम आवश्यक छ , जसले सबै शिक्षकलाई फरक फरक अवस्था र आवश्यकता भएका बालबालिकाको लागि व्यवहारिक हुने गरी समावेशी कक्षा सञ्चालन गराउन सक्ने बनाउँछ ।

**घरमा विद्यालय वातावरण (Home school environment)**

गम्भीर प्रकृतिका अपाङ्ता भएका बालबालिकाहरू विद्यालयमा जान नसक्ने हुनाले घरमै विद्यालयीय सेवा दिने गरिन्छ । बहिरापनको एक्लो कारण मात्र विद्यालय जान नसक्ने भन्ने हुँदैन । बहिरापनसहितको बहु अपाङ्गताको अवस्थामा भने यस्तो हुन सक्छ । तर नजिकमा बहिरा विद्यालय नहुँदा वा शिक्षकले साङ्केतिक भाषामा सञ्चार गर्न नसक्ने अवस्था भएमा र टाढाको विद्यालयमा जाने अवस्था नभएमा वा बहिरापनसहितको मिश्रित अपाङ्गता भएको अवस्थामा बहिरा बालबालिकालाई विज्ञको सल्लाहमा घरमै शिक्षा दिनुपर्ने हुन्छ । यसरी शिक्षा दिँदा घुम्ती सेवा दिने शिक्षक (Itinerant teacher) को खाँचो पर्दछ ।

# एकाइ ३: सिकाइमा हुने कठिनाइ र सिकाइ शैली

## ३.१ सिकाइसम्बन्धी कठिनाइ, लक्षण तथा सहजीकरणका उपाय

**पढ्नमा कठिनाइ हुने समस्या** (Dyselexia)

| लक्षणहरू | सहजीकरण उपाय |
|---|---|
| • विद्यालय आउनुअगाडि नै ढिलो बोल्न सिक्ने, नयाँ शब्द सिक्न गाह्रो हुने, गीत गाउँन गाह्रो हुने<br>• पढ्न असहज हुने तथा पढ्नबाट बच्न खोज्ने<br>• पढ्दा लेख्दा साह्रै गाह्रो मान्ने। लेख्दा उल्टो अक्षरहरू लेख्ने<br>• हिज्जे वा स्पेलिङमा समस्या हुने<br>• समानता र भिन्नता छुट्याउन गाह्रो हुने<br>• नाम र शब्दको उच्चारणमा समस्या हुने<br>• अक्षरहरू चलाएमान हुने<br>• सम्झन र सारांश गर्न गाह्रो हुने | • बालबालिकाहरूलाई शब्द र लाइनमा छोएर पढ्न भन्ने<br>• लामा हरफलाई टुक्र्याएर सानो सानो बनाइदिने<br>• पुस्तक वा कापी पढ्दा एउटा कागजको टुक्राले एक एकलाइन मात्र देखिने गरी पढ्न लगाउने<br>• अक्षर र शब्दहरूलाई कुनै क्रियाकलाप वा चित्रसँग जोडेर सम्झने तरिका उपयोग गर्ने<br>• बालबालिकाहरूलाई उनीहरूको मनपर्ने विषय पढ्ने मौका दिने<br>• बोर्डमा लेख्दा सकेसम्म ठुलो र स्पष्ट अक्षरमा लेख्ने<br>• बालबालिकाहरूलाई हतार हतारमा कक्षाकार्य गर्न नभन्ने,<br>• घरमा पढ्न थप कार्यहरू दिने<br>• पढाइको लागि टाईपोस्कोपको प्रयोग गर्न प्रेरित गर्ने |

**लेख्नमा कठिनाइ हुने समस्या (Dysgraphia)**

| लक्षणहरू | सहजीकरण उपाय |
|---|---|
| • कलम बेसरी समाउने र हातका औंलाहरू सुनिने<br>• सिधा रेखामा लेख्न गाह्रो हुने, खाली ठाउँ मिलाउन गाह्रो हुने<br>• अक्षर र शब्दको आकार ठूलो सानो हुने<br>• हिज्जे वा स्पेलिङमा समस्या हुने शब्द वाक्य पूरा नहुने<br>• ढिलो लेख्ने<br>• लेख्दा हात नाडी र शरीरको आसन अप्ठ्यारो गरी बस्ने | • ठुलो लाइन भएका कापी वा ग्राफ पेपरमा लेख्न सिकाउने<br>• समाउन सजिलो हुने पेन्सिल वा कलमबाट लेख्न लगाउने<br>• कम्प्युटर वा ट्याबलेटमा लेख्न लगाउने<br>• लेख्न हतार नगर्ने र ढिला लेखे पनि गाली नगर्ने<br>• समस्याको बारेमा बालबालिकासँग स्पष्ट कुराकानी गर्ने<br>• लेख्नुभन्दा अगाडि लेख्ने चिन्ता कम गर्न हात हल्लाउन, दुवै हात हल्लाउन, रगड्न हौसला दिने<br>• हातको मांसपेशी बलियो हुने र संयोजन हुने किसिमको अभ्यास दिने<br>• मौखिक वा कम्प्युटरको माध्यमबाट परीक्षा दिने व्यवस्था गर्ने |

**गणितमा कठिनाइ हुने समस्या (Dyscalculia)**

| लक्षणहरू | सहजीकरण उपाय |
|---|---|
| • अङ्क, पैसा, समय, र ग्राफ चार्ट बुझ्न कठिनाइ हुने<br>• प्रारम्भिक वर्षहरूमा गणना गर्न र अङ्क र वस्तुको सङ्ख्यासँग जोड्न कठिनाइ हुने<br>• सानो र ठुलो वस्तुको अवधारणा बुझ्न गाह्रो हुने<br>• सामान्य तथ्य पनि बुझ्न गाह्रो जस्तै ६+४ =१० हुन्छ भन्न गाह्रो हुने<br>• गणितका चिन्हहरू चिन्न र बुझ्न गाह्रो हुने | • अहिलेको अवस्था पहिचान गर्ने<br>• समस्याको बारेमा बालबालिकाहरूसँग खुलेर कुरा गर्ने<br>• गाली नगर्ने, अत्याउने र अरूसँग तुलना गर्ने काम नगर्ने<br>• ग्राफ पेपरमा लेख्ने मौका दिने<br>• एकपटकमा गणितको एउटा मात्र अवधारणा सिकाउने<br>• ठोस वस्तु वा क्यालकुलेटर प्रयोग गरेर गणित सिकाउने |

| | |
|---|---|
| • ६+४ =१० तथा ४+६=१० एउटै हो भन्ने बुझाइ हुन गाह्रो हुने<br>• ग्राफचार्ट पढ्न गाह्रो हुने | • कक्षाकार्य र परीक्षामा थप समय दिने<br>• बालबालिकाले निर्देशन राम्रो बुझेको छ छैन सुनिश्चित गर्ने |

**ध्यान एकत्रित नहुनु वा चकचके हुनु (Attention deficit hperactivity disorder)**

| लक्षणहरू | सहजीकरण उपाय |
|---|---|
| • ध्यान एकत्रित गर्न र एकै ठाउँमा बसिरहन गाह्रो हुने<br>• सजिलै ध्यान विकर्षण हुने<br>• कुनै काम गर्दा छिट्टै दिक्क मान्ने र दिइएको काम सम्पन्न नगर्ने<br>• अरूको कुरा नसुन्ने र भनेको नमान्ने<br>• निर्देशन बुझ्न र सम्झन गाह्रो हुने<br>• छिनछिनमा अर्को क्रियाकलाप गर्न खोज्ने र छाड्ने,<br>• अरुको लुगा तान्ने वा कापी किताब मिल्काइदिने वा डिस्टर्ब गर्ने,<br>• निरन्तर गल्ती गरिरहने | • ध्यान विकर्षण हुने सिटमा नराख्ने, जस्तै झ्याल वा ढोका नजिक नराख्ने<br>• सम्बोधन गर्दा जहिले पनि नामले बोलाउने<br>• सकेसम्म अघिल्लो सिटमा राख्ने<br>• महत्त्वपूर्ण बुँदाहरू बोर्डमा लेखेर सार्न भन्ने<br>• लामो कक्षा कार्यलाई पनि छोटो छोटो खण्डमा गर्न दिने<br>• पढाइपाठनको बिचमा ब्रेक दिने<br>• अर्को राम्रो सिकाइ भएको साथीसँग बस्ने व्यवस्था मिलाउने<br>• शिक्षक यस किसिमका बालबालिकाहरूको नजिक गइरहने<br>• उनीहरूको रुचि बुझेर क्रियाकलापहरू गर्ने |

**दृष्टि प्रक्रियामा विचलन (Visual processing disorder)**

| लक्षणहरू | सहजीकरण उपाय |
|---|---|
| • अक्षरहरू उल्टो देख्ने जस्तै, द लाई म, उ लाई त्र आदि<br>• आँखा मिच्ने र अक्षर स्पष्ट नभएको अनुभव गर्ने<br>• पढ्दा टाउको फर्काउने र किताब वा कापीलाई अप्ठ्यारोसँग समाउने<br>• पढ्दा एउटा आँखा बन्द गर्ने वा हाई काढ्ने<br>• सार्दा वा लेख्दा गल्ती गर्ने<br>• कलम जोडसँग समाउने वा पेन्सिलको टुप्पो भाचिँने गरी समाउने<br>• शब्द वा चित्रको आंशिक भाग हेरेर के हो भनेर छुट्याउन गाह्रो हुने<br>• पेपर टाँस्न र काट्न समस्या हुने<br>• लेख्दा लाइन नाघ्ने, अक्षर एक अर्कासँग टाँसिने, खाली ठाउँ छाड्ने ठाउँमा अनियमित हुने<br>• अक्षर र शब्द लाइनमा लेख्न नसक्ने | • हस्तलेखनका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने<br>• उनीहरूलाई मनपर्ने कथाको श्रुतिलेखन गराउने<br>• लिखित कक्षाकार्य तथा गृहकार्यको सट्टामा मौखिक कार्य दिने<br>• विशेष प्रकारको पेन्सिल वा कलम उपलब्ध गराउने<br>• कम्प्युटर वा ट्याबलेट प्रयोग गरेर लेख्ने अवसर दिने<br>• लेख्दा रुलर प्रयोग गरेर लेख्ने अवसर दिने<br>• अडियो बुकको प्रयोग गर्न सके अझ राम्रो हुने<br>• ग्राफ कापीमा लेख्ने अभ्यास गराउने |

**सुनाइ प्रक्रियामा विचलन (Auditory Processing Disorder)**

| लक्षणहरू | सहजीकरण उपाय |
|---|---|
| • भाषा बुझ्ने र सम्झने प्रक्रियामा कठिनाइ हुने तर गीत तथा म्युजिक सम्झन सजिलो<br>• सोच्ने, विचार गर्ने तथा व्याख्या गर्ने काम गाह्रो हुने<br>• उस्तै खालका शब्दको उच्चारणमा गल्ती हुने<br>• वातावरणीय आवाजहरूले कुराकानीमा अवरोध गर्ने<br>• कुनै प्रवचन, भाषण वा प्रस्तुतीकरण ध्यान दिएर सुन्न गाह्रो हुने | • भन्ने र बुझाउने भन्दा गरेर वा लेखेर देखाउने<br>• दृश्य र लिखित सामग्रीहरूको प्रयोग गर्ने<br>• दोहो अर्थ लाग्ने शब्दको सकेसम्म प्रयोग नगर्ने वा लेखेर बताई दिने<br>• बोल्दा स्वरको उतारचढाव गर्ने तथा मुख्य शब्दहरूमा जोड दिने<br>• बुझे नबुझेको यकिन गर्न विशिष्ट प्रश्नहरू गर्ने |

| | |
|---|---|
| • मौखिक निर्देशन नबुझ्ने र नसम्झिने<br>• कुराकानी गर्दा सुने पनि, के भनेको भनेर बारम्बार सोधिरहने | • प्रश्नको उत्तर दिनको लागि केही समय दिने<br>• मौखिक रूपमा विचार व्यक्त गर्ने अभ्यास निरन्तर गर्ने |

**शारीरिक सन्तुलन र संयोजनमा हुने कठिनाइ तथा भाषा र बोलीमा कठिनाइ (Dispraxia)**

डिस्प्रयाक्सियाले शारीरिक सन्तुलनको अवस्थालाई निकै प्रभाव पार्छ। यसको कारणले बालबालिकाहरू उनीहरूको उमेरअनुसार दैनिक क्रियाकलाप अपेक्षा गरेअनुसार गर्न नसक्ने हुन्छन् ।हिँडडुल गर्दा पनि केही अप्ठेरो हुने गर्छ र हिँडाइ र चालढाल भद्दा देखिन्छ। बालबालिकामा हुने क्रियाकलापहरू जस्तै बामे सर्ने, हिँड्ने, आफैं खाने र आफैं लुगा लगाउने जस्ता कुराहरू गर्न ढिला हुने गर्छ। सोही अनुरुप लेख्ने, चित्र बनाउने तथा खेलकुदमा पनि उमेरअनुसार नहुन सक्छ। प्रायः बच्चा ५ वर्ष वा सोभन्दा बढी उमेर नपुगेसम्म समस्या थाहा नहुन सक्छ।

***स्रोतः https://www.nhs.uk/conditions/developmental-coordination-disorder-dyspraxia/***

| लक्षणहरू | सहजीकरण उपाय |
|---|---|
| • शारीरिक सन्तुलन कम हुने तथा बारम्बार लडिरहने<br>• शरीरका दायाँबायाँ भागबिच समन्वय गर्न कठिनाइ हुने<br>• हात र आँखाको समन्वय कम हुने<br>• आफू र आफ्नो सामान सम्हाल्न कठिनाइ हुने<br>• ठुलो स्वर वा अचानक हुने स्पर्शमा बढी उत्तेजित हुने<br>• खेलौना छान्दा कुनै सिप नचाहिने सजिलो छान्ने<br>• सूक्ष्म काम जस्तै लाइनभित्र रङ भर्ने, पजल मिलाउने<br>• सिधा काट्ने, राम्रोसँग टाँस्ने जस्ता काममा कठिनाइ हुने<br>• रफ, टाइट तथा गह्रौं लुगा मन पराउने | • उनीहरूसँग जे गरिन्छ बोलेर कार्य गर्ने जस्तैः म तपाईंलाई छुँदैछु तर पछाडिबाट नछुने<br>• धेरै नजिक नहुने तर नजिकै भएको अनुभूति दिने<br>• शान्त ठाँउ र वातावरण बनाउने<br>• बालबालिकाहरूसँग कुरा गर्दा कानेखुसी गरी कुरा गर्न सकिने<br>• धेरै आवाज आउने ठाउँमा बालबालिकाको कानमा इयरप्लग राख्न सकिने<br>• दैनिक रूपमा कामजन्य थेरापी (अकुपेसनल थेरापी) को सहयोग लिनुपर्ने<br>• बालबालिकाहरूलाई मन नपर्ने वा चिढाउने खालका प्रकाश र यसका स्रोतहरू छन् भने सचेत हुने |

*स्रोतः अपाङ्गता पहिचान तथा सहजीकरण सहयोगी पुस्तिका -२०७५*

## ३.२ बालबालिकाहरूको सिकाइ शैली (Learning Styles)

**परिचय र महत्त्व**

हरेक विद्यार्थीको सिक्ने शैली र क्षमता फरक फरक हुन्छ।त्यसैले कुन विद्यार्थीको कस्तो सिक्ने शैली छ वा कसरी सिकाउँदा उसले उत्कृष्ट तरिकाले सिक्छ भन्ने कुरा शिक्षकले, एजुकेटर वा सिकाइमा सहयोग गर्ने सिकाइ सहयोगीहरूले बुझ्नु जरुरी हुन्छ। यसो गर्दा विद्यार्थीको सिकाइको प्रतिफल पनि उच्च हुन जान्छ।तर विद्यार्थीहरूको सिक्ने शैली पहिचान एवम् प्रयोग गर्नको लागि शिक्षकले सर्वप्रथम सिकाइ शैली वा तरिकाहरू बारे जानकारी राख्नु जरुरी हुन्छ।

**महत्वः** बालबालिकाहरूको सिक्ने शैली वा तरिकाको बारेमा जानकारी राखी शिक्षण-सिकाइ क्रियाकलापहरू गराउँदा निम्न फाइदाहरू हुन्छन्ः

- विद्यार्थीहरूले आफ्नो सिक्ने शैलीबाट सिक्न पाउँदा सिकाइमा धयान केन्द्रित हुन जान्छ ।
- आफ्नै सिकाइ शैलीबाट सिकाइ हुँदा छिटो बुझ्ने र सहजै सिक्ने सम्भावना हुन्छ ।
- छिटो सिक्ने हुनाले समयको बचत हुन्छ र शिक्षण सिकाइ क्रियाकलापहरू पनि समयमै सकिन्छ ।
- विद्यार्थीको लागि सिकाइ रुचिपूर्ण हुन जान्छ ।
- शिक्षकको लागि प्रशिक्षण कार्य सजिलो एवम् प्रभावकारी हुन्छ ।
- सिकाइको प्रतिफल राम्रो हुन्छ ।

## सिकेका कुरा कति स्मरण हुन्छ?

# शिक्षण शैली

*स्रोतः प्राविधिक प्रशिक्षण प्रतिष्ठानः कन्सेपप्ट कार्ड नं - ०५५*

**सिकाइ शैली**

केही सिकाइ शैलीहरूको (Learning styles) बारेमा तल चर्चा गरिएको छः

| **१. दृष्यात्मक सिकाइ (Visual learning)** |
|---|
| दृष्यात्मक वा हेरेर सिक्ने विद्यार्थीहरूमा शिक्षकले कक्षाकोठामा देखाउने कुराहरूप्रति बढी आकर्षित हुन्छन्। बोलेरभन्दा बोर्डमा लेखेर देखाएका कुराहरू हेर्न रुचाउने र हेरेर बढी सिक्छन। बोर्डमा देखाइएका कुराहरू, चित्रहरू वा तस्विरहरू वा अन्य दृश्य सामग्रीहरूको बारेमा कुरा गर्दा निकै चासो दिन्छन् र ती वस्तुहरूको आकार, प्रकार वा बनावटको बारेमा छिटो सिक्छन् र राम्रो बुझाइ राख्दछन्। यस किसिमका विद्यार्थीले डायग्राम, चार्ट, नक्सा, चित्रहरू आदिबाट धेरै कुराहरू सिक्दछन्। |
| **२. श्रवण वा सुनेर सिक्ने (Auditory learning)** |
| सुनेर सिक्ने विद्यार्थीहरूले बढीभन्दा बढी सुन्न रुचाउछन् र शिक्षकले बोलेर दिएको सन्देश छिटो टिप्छन् र सिक्छन्। शिक्षकले व्याख्या गर्दा ध्यान दिएर सुन्छन् र ग्रहण गर्दछन्। हेरेर भन्दा शिक्षकले बोलेको कुराहरू बढी सुन्ने र सिक्ने गर्छन्। गीत, सङ्गीत र लयतालप्रति झुकाव राख्दछन्। आवाज सुनेर नै बढीभन्दा बढी सूचना सङ्कलन गर्ने र स्मरण गर्ने गर्दछन्। यस शैलीमा सिक्ने विद्यार्थीहरूले कक्षामा बढी सुन्न रुचाउँछन् । लेक्चर, अडियो बुक र मौखिक प्रशिक्षणमा ध्यान दिन्छन्। त्यसैगरी लेखेको भन्दा बोलेर पेस गरेको रिपोर्ट रुचाउँछन्। छलफल, अन्तरक्रिया र बहसमा रुचि राखेर सुन्ने र भाग लिने गर्छन्। मौखिक निर्देशनहरू सुन्ने र छिटै बुझ्छन्। कक्षामा चुट्किला सुन्न र भन्न पनि रुचाउँछन्। |

| ३. बोलेर सिक्ने (Verbal learning) |
|---|
| बोलेर सिक्ने विद्यार्थीहरूले आफैंले बोलेर वा आवाजका साथ पढेर सिक्ने प्रयास गर्छन्। यस शैलीमा सिक्ने बालबालिकाले आवाज निकालेर पढ्दा सजिलो मान्छन्। लेख्दा पनि आवाज निकालेर लेख्ने गर्दछन्। बोलेर सिक्ने बालबालिकाले शब्दहरू प्रयोग गर्न रुचाउँछन् र ती शब्दलाई बोलेर पढ्ने गर्छन् र यसरी पढ्दा छिटो सिक्छन्। ध्यान दिएर सुन्ने र सुनेको कुरा बोलेर व्यक्त गर्ने गर्छन्। छलफल वा प्रस्तुतिमा जानेको कुरा बोल्ने र सुनाउने गर्छन्। |
| **४. छोएर वा चलाएर सिक्ने (Tactile and kinesthetic learning)** |
| शारीरिक चाल वा छोएर वा चलाएर सिक्ने विद्यार्थीहरूले आफ्नो शारीरिक अङ्गहरूलाई बढी प्रयोग गरेर, यताउता हलचल वा गतिशील भएर वा हातहरू चलाएर, काम गरेर, छोएर र सक्रिय रहेर सिक्ने प्रयास गर्दछन्। यस किसिमका विद्यार्थीहरू प्रयोगात्मक सिकाइतर्फ बढी आकर्षित हुन्छन्। यी बालबालिकाहरू वस्तु वा कुनै नयाँ संरचना निर्माण गर्न, नयाँ कुरा सिर्जना गर्न, बिगार्न र फेरि बनाउनमा तल्लिन देखिन्छन् र यसरी नै सिक्छन्।गरेर सिक्ने प्रवृत्ति देखिन्छ। नाटक वा भूमिका अभिनयमा भाग लिएर पनि सिक्दछन्।<br>यस शैलीमा सिक्ने विद्यार्थीहरूले औजार वा साधनहरू र सरसामानहरूलाई प्रयोग गर्न रुचाउँछन्। त्यस्तै अनुकरण गर्न, अनुकरणअनुसार प्रदर्शन गर्न र अभ्यास गरेर सिक्न मन पराउँछन्। फिल्ड भ्रमण वा एक्सकर्सनमा गएर सिक्न पनि रुचि राख्छन्। प्रयोगात्मक विषय, आर्ट, क्राफ्ट जस्ता विषयहरू सजिलो मान्छन् र स्पोर्ट्समा राम्रो हुन्छन्। तर यी विद्यार्थीले लामो लेक्चर सुन्न् र लामो समय एकै ठाउँमा बसेर किताब पढ्न मन पराउँदैनन्। |
| **५. तार्किक सिकाइ (Logical learning)** |
| तार्किक सिकाइ शैलीअन्तर्गत पर्ने विद्यार्थीहरूले तर्कपूर्ण तरिकाले सोच्ने गर्छन् र त्यसरी नै सिक्छन्। यी बालबालिकाहरूले प्रणालीगत एवम् तर्कसङ्गत कामहरू गर्न रुचाउँछन्। गणितीय समस्याहरू समाधान गर्न सजिलो मान्छन्। आफ्ना सिकाइ अनुभव र सिकेका कुराहरू पनि तार्किक तरिकाले पेस गर्न सक्छन्। तर्कपूर्ण सिकाइ भएका विद्यार्थीले नियम पालना गर्ने, नियमसङ्गत कुराकानी गर्ने र सोहीअनुसार हुन सक्ने परिणामहरूबारे अनुमान गर्न सक्छन्।<br>नियमसङ्गत एवम् व्यवस्थित सोच हुने हुनाले यस्ता विद्यार्थीहरूले धेरैभन्दा धेरै सूचना वा ज्ञानलाई आफ्नो मस्तिष्कमा सङ्कलन एवम व्यवस्थित गरी राख्न सक्छन्। तर्कपूर्ण विषयहरूमा रुचि राख्ने र छिटो सिक्ने गर्छन्। |
| **६. सामाजिक वा अन्तरव्यक्ति सिकाइ शैली (Social or inter-personal learning)** |
| सामाजिक वा अन्तरव्यक्ति सिकाइ स्वाभाव भएका विद्यार्थीहरूले समूहमा बसेर वा एकआपसमा मिलेर सिक्न रुचाउँछन्। अन्य विद्यार्थीहरूसँग पनि राम्रो सम्बन्ध राख्ने गर्छ। साथीहरूसँग समूहमा मिलेर बस्ने र सिक्ने पनि गर्छन्। कक्षाकोठामा हुने समूह कार्यमा भाग लिने, छलफल गर्ने, अनुभवहरू आदानप्रदान गर्ने र समूहबाट सिक्ने प्रयास गर्ने गर्छन्।<br>कुनै समस्या उपर छलफल गर्दा अन्य विद्यार्थीको विचार लिने, पृष्ठपोषण लिने दिने र सुझाव सल्लाहअनुसार काम गर्ने पनि गर्दछन्। |
| **७. एकल वा स्वयम् सिकाइ (Self or intra-personal learning)** |
| एकल वा स्वयम् सिकाइअन्तर्गतका विद्यार्थीहरू प्रायः एक्लै सिक्न रुचाउँछन् र बाह्य हस्तक्षेप त्यति रुचाउँदैनन्। यस्ता विद्यार्थीहरूले आफूलाई मन पर्ने र आफ्नो व्यक्तिगत रूपमा अध्ययन गर्ने तरिका नै अवलम्बन गर्दछन्।<br>कुनै कार्य वा समस्यामा एक्लै सोच्ने, मन्थन गर्ने र उपायहरू निकाल्ने गर्छन् र आफ्ना विचारहरूलाई सजिलै व्यवस्थित गर्ने गर्छन्। यस वर्गका विद्यार्थीहरू प्राय एक्लै पढिरहेको देखिन्छन्। सिकाइमा अरुको हस्तक्षेप रुचाउँदैनन्। एकान्तप्रेमी हुन्छन्। |
| *"The art of teaching is the art of assisting discovery." --- Mark Van Doren* |

# एकाइ ४: एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवधारणा

## ४.१ एकीकृत पाठ्यक्रमको अवधारणा तथा संरचना

सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट प्रेरित भई विद्यार्थी सक्रियतालाई केन्द्रबिन्दुमा राखेर दुई वा सोभन्दा बढी विषयका सान्दर्भिक पक्षलाई अर्थपूर्ण रूपमा संयोजन गरी निर्माण गरिएको पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रम भनिन्छ । एकीकृत पाठ्यक्रमको अवधारणाले विभिन्न विषयलाई अन्तर्सम्बन्धित गरेर जीवनसापेक्ष हुने गरी सिकाइ सञ्चालन गर्ने भन्ने बुझाउँछ। एकीकृत पाठ्यक्रममा भिन्न विषय क्षेत्रका सिकाइ सक्षमतालाई एउटै पाठ्यक्रममा समावेश गरी सिकाइ प्रक्रियालाई समायोजन गरिएको हुन्छ । विधागत एवं विषयगत पाठ्यक्रम (Within subject areas) हँदै वहुविषयगत (Multidisciplinary), अन्तरविषयगत (Interdisciplinary) र जीवन्त अनुभवसँग (Beyond subject areas) आवद्ध भएको एकीकृत पाठ्यक्रमको विकास भएको पाइन्छ । यसले विषयवस्तुको निश्चित सीमा निर्धारण नगरी समस्या समाधानका लागि आवश्यक ज्ञान तथा सिप प्राप्त हुने गरी सिकाइलाई सान्दर्भिक बनाउँछ । दुई वा दुईभन्दा बढी विषयहरूको संयोजन गरी, एकअर्का विषयबिचको अवधारणाको सम्बन्ध खोज्न लगाउने, विद्यार्थीको समूह निर्माण गरी सिक्ने सिकाउने अवसर प्रदान गर्ने गर्नु एकीकृत पाठ्यक्रम कार्यान्वयनको ढाँचा हो । यो दुई वा दुईभन्दा बढी विषय वा विधाका उद्देश्यहरू सँगै मिलाएर समग्रतामा सिकाउने एउटा व्यवहारिक विधि हो ।

### एकीकृत पाठ्यक्रमले विकास गर्न खोजेको व्यवहारकुशल सिप

एकीकृत पाठ्यक्रमले विद्यार्थीहरूमा व्यवहारकुशल सिपहरू विकास गराउन खाजेको छ । व्यवहारकुशल सिपहरू कुनै निश्चित कार्य वा भूमिकामा मात्र सीमित नभई विभिन्न कार्य वा भूमिकाका लागि आवश्यक हुने गर्दछन् । व्यवहारकुशल सिपले विद्यार्थीका दैनिक जीवनका यथार्थ समस्या समाधान गर्न सहयोग पुऱ्याउँछन् ।

आधारभूत तह कक्षा १—३ को पाठ्यक्रम २०७६ ले व्यवहारकुशल सिपहरूलाई मुख्य गरी ५ क्षेत्रमा विभाजन गरेको छः

- सोचाइ सिप Thinking skills (s1)
- वैयक्तिक सिपहरू Intrapersonal skills (S2)
- अन्तरवैयक्तिक सिपहरू Interpersonal skills (S3)
- सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरू Information communication and multiliteracy skills (S4)
- नागरिक सिप Citizenship skills (S5)

### प्रारम्भिक कक्षामा एकीकृत पाठ्यक्रम कार्यान्वयनको ढाँचा, संरचना, विषयगत क्षेत्रहरू र मूल्याङ्कन

एकीकृत पाठ्यक्रम आधारभूत तह अन्तर्गत कक्षा १-३ को पाठ्यक्रमको समग्र संरचनालाई नेपाली, अंग्रेजी, गणित, विज्ञान, स्वस्थ्य र शारीरिक र सामाजिक अध्ययन पाँच विषयक्षेत्रमा समायोजन गरी केही बहुविषयगत र केही विषयगत थिममा सङ्गठित गरिएको छ । मातृभाषा वा स्थानीय विषयका पाठ्यक्रम भने सम्बन्धित स्थानीय तहमार्फत नै विकास र कार्यान्वयन हुने व्यवस्था गरेको छ । सबै विषय पाठ्यघण्टाअनुसार निर्माण गरिएको छ। कक्षा १-३ सम्म हरेक कक्षा २६ पाठ्यघण्टाको हुने छ। एक पाठ्य घण्टा बराबर ३२ कार्य घण्टाको सिकाइ सहजीकरण क्रियाकलाप तोकिएको छ। यसरी एउटा कक्षामा वर्षभरि ८३२ कार्य घण्टाको सिकाइ सहजीकरण हुने छ। यस पाठ्यक्रमले अब घण्टीमा आधारित शिक्षण सिकाइ क्रियाकलापलाई कक्षागत (ग्रेड) शिक्षणमा रूपान्तरण गरिदिएको छ।

### कक्षागत संरचना, विषय, विषयगत क्षेत्र, अपेक्षित सक्षमता, पाठ्यघण्टा (credit hours), कार्यघण्टा (working hours)

विद्यालय शिक्षाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्दछ। यस पाठ्यक्रममा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आँकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, धारणासहितका सक्षमताहरू समेटिएको छ। यसमा पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी समसामयिक सुधार तथा परिमार्जनका लागि मार्ग निर्देश गरिएको छ। त्यसैगरी यस पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना, आधारभूत शिक्षाका तहगत सक्षमता (कक्षा १–३), आधारभूत तह (कक्षा १–३) का विषयगत पाठ्यक्रम, एकीकृत पाठ्यक्रममा समावेश गरिने व्यवहार कुशल सिपहरू र एकीकृत पाठ्यक्रमको समग्र संरचना समावेश गरिएको छ। यसमा सिकाइ सहजीकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, माध्यम

भाषाको छनोट, पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधारको प्रक्रिया पनि समावेश गरिएको छ ।

**विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना**

| विद्यालयको तह | कक्षा | उमेर | सिकाइ स्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ बर्ष | |
| आधारभुत | कक्षा १ - ३ | ५ देखि ७ बर्षसम्म | तह १ |
| | कक्षा ४ — ५ | ८ देखि ९ बर्षसम्म | तह २ |
| | कक्षा ६ — ८ | १० देखि १२ बर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ — १० | १३ देखि १४ बर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ बर्षसम्म | तह ५ |

**आधारभूत शिक्षा (कक्षा १ — ३) को पाठ्यक्रम संरचना**

| क.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकाससम्बन्धि क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सिप विकाससम्बन्धि क्रियाकलाप (अंग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सिप विसकासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप(हाम्रो सेरोफेरो) | ८ | २५६ |
| ५ | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |
| पठनपपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समायावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ । | | | |

**आधारभूत शिक्षा (कक्षा १–३) का तहगत सक्षमता**

आधारभूत शिक्षा (कक्षा १–३) को उद्देश्य बालबालिकालाई आधारभूत साक्षरता, गणितीय ज्ञान तथा सिप र जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नु हो। आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरू आफु रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुने छन्। यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिएको छ। आधारभूत शिक्षा (कक्षा १–३) का सक्षमता देहायबमोजिम हुने छन्:

- आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग
- आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
- अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास
- विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास

- शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिपको विकास
- कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास
- आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

**एकीकृत पाठ्यक्रम अनुरूप विषयगत रूपमा तय गरिएका विषयगत सक्षमताहरू**

**(क) नेपाली विषय**

१. कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका क्रममा दोहोरो सञ्चार
२. चित्र, घटना, परिवेश र पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र अभिव्यक्ति
३. शब्दमा प्रयुक्त ध्वनि र वर्णको शुद्ध उच्चारण
४. वर्ण, मात्रा र शब्दको सङ्केतन र विसङ्केतन गरी शुद्ध बोलाइ र लेखाइ
५. प्रवाहपूर्ण पठन, उपयुक्त बोध र अभिव्यक्ति
६. श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीको बोधसहितको भाषिक कार्य
७. मौखिक र लिखित अभिव्यक्तिमा सिर्जनात्मक तथा समालोचनात्मक शिल्पको प्रयोग

**(ख) गणित विषय**

१. दुई आयामिक ज्यामितीय आकृतिहरूको पहिचान, मापन र रचना
२. पाँच अङ्कसम्मका सङ्ख्यालाई देवनागरी र हिन्दु अरेबिक सङ्ख्याङ्क प्रयोग गरी दैनिक जीवनमा प्रयोग
३. स्थानीय सङ्ख्याङ्कन पद्धतिको प्रयोग
४. भिन्नको अवधारणा बोध र तुलना गर्ने क्षमता विकास
५. गणितीय आधारभत क्रियाहरूको प्रयोग गरी दैनिक जीवनका समस्या समाधान
६. उपयुक्त सामग्री तथा एकाइ प्रयोग गरी वस्तुहरू तथा समयको व्याख्या तथा दैनिक जीवनका समस्या समाधानमा प्रयोग
७. नेपाली मुद्रा चिनेर दैनिक हिसाब गर्न सक्ने क्षमता विकास
८. साधारण ग्राफ र तालिकाबाट जानकारी हासिल
९. गणितीय ज्ञान, सिप, सोच र अभिवृत्तिको विकास तथा दैनिक जीवनमा प्रयोग

**(ग) English Subject:**

1. Demonstrate an understanding of simple spoken language.
2. Respond in simple English with intelligible pronunciation.
3. Use English for communication inside and outside the classroom.
4. Read simple texts for understanding and pleasure.
5. Express opinions, ideas and feelings using simple English.
6. Work with peers to learn language together.

**(घ) हाम्रो सेरोफेरो**

१. आफू, आफ्नो परिवारको परिचय तथा परिवार र छिमेकीको काममा सहयोग
२. खानेकुरा र सामानको जतन र उपयोग
३. मेलमिलाप, सहयोग, समन्वय, सहभागिता जस्ता सामाजिक सिपको विकास
४. विद्यालयमा हुने क्रियाकलापमा सहभागिता र दुर्घटना एवम् प्रकोपप्रति सचेतता र सावधानी
५. हाम्रा सामाजिक, सांस्कृतिक गतिविधिहरूको पहिचान, सम्मान र सहभागिता
६. सूचना तथा सञ्चार र यातायातका साधनको सामान्य चिनारी र उपयोग
७. पृथ्वी र आफ्नो वरपरको भौगोलिक स्वरूपको जानकारी र नक्साङ्कन
८. आफ्नो समुदायमा भएका सार्वजनिक सम्पत्ति र प्राकृतिक सम्पदाको संरक्षण र प्रयोग
९. आफ्नो अधिकार र कर्तव्यप्रति सचेतना र सामाजिक शिष्टाचार तथा नियमहरूको पालना
१०. कामको सम्मान तथा मितव्ययिता कायम र सामान्य आर्थिक क्रियाकलापको महत्त्व बोध
११. शारीरिक एवम् मानसिक सिप विकाससँग सम्बन्धित स्थानीय तथा अन्य खेलहरूको अभ्यास र खेल सामग्रीको उचित प्रयोग

१२. आधारभूत शारीरिक क्रियाकलाप र योगमा सहभागिता र अभ्यास तथा स्वस्थकर र सुरक्षित बानी विकास
१३. दैनिक जीवनमा शक्तिका स्रोत, हावा, पानी आदिको विशेषता पहिचान र उपयोग
१४. वरपरका वस्तु, घटना तथा मौसमप्रति सचेतता
१५. वातावरणीय सरसफाइ, रोग र स्वास्थ्यप्रति सचेतता
१६. सङ्गीत तथा दृश्यकलामार्फत सिर्जनात्मक प्रस्तुति र सम्मान
१७. बिरुवा र जनावरहरूको लक्षण पहिचान, वर्गीकरण, संरक्षण र यिनीहरूको वातावरणसँग अन्तरसम्बन्धको बोध
१८. वैज्ञानिक सिकाइ र विज्ञानका प्रक्रियागत सिप तथा व्यवहारकुशल सिप विकास
१९. कागज र माटाको प्रयोगवाट वस्तुको नमुना निर्माण तथा स्थानीय वस्तुबाट छपाइ

**नेपाली विषयको विषयवस्तुको क्षेत्र**

| भाषिक सिपगत क्षेत्र | भाषिक तत्त्वगत क्षेत्र | कैफियत |
|---|---|---|
| **१. सुनाइ र बोलाइ** | **१.१. ध्वनि सचेतीकरण** | पारिवारिक परिवेशमा प्रयोग हुने शब्दको उच्चारण<br>शिष्टाचारका लागि प्रयोग हुने शब्दको उच्चारण<br>कुराकानी, सोधपुछ र प्रश्नोत्तर<br>स्वर तथा व्यञ्जन वर्णगत वर्णको ध्वनि, उच्चारण अभ्यास तथा वर्ण विभेदीकरण<br>शब्दका सुरु र अन्त्यका ध्वनि उच्चारण अभ्यास<br>वर्ण जोडेर, छुट्याएर झिकेर, थपेर र परिवर्तन गरेर शब्द निर्माण<br>शब्दका वर्ण विभाजन<br>हलन्त तथा संयुक्त व्यञ्जन वर्णको वर्णगत ध्वनि तथा उच्चारण अभ्यास |
| | **१.२. श्रव्य/दृश्य बोध** | प्रचलित आकृति, रङ र सङ्केत चिह्नको प्रयोग<br>श्रव्य र दृश्य सामग्रीका आधारका नाम र मुख्य मुख्य विषयवस्तु वर्णन<br>हाउभाउ र अभिनयसहितको मौखिक प्रस्तुति र त्यसको अनुकरण<br>संवेगात्मक अभिव्यक्ति (आश्चर्य, उमङ्ग, उत्सुकता, घृणा, चिन्ता, हर्ष) र प्रतिक्रिया<br>अनुमान, कल्पना र समस्या पहिचानसहित मौखिक वर्णन |
| **२. पढाइ** | **२.१. पठन प्रवाह** | मुद्रण सचेतता<br>वर्ण, शब्द, सरल वाक्य र अनुच्छेद पठन<br>पद्यात्मक पाठ पठन<br>वाचन (सस्वर, द्रुत, एकल, युगल र समूह) |
| | **२.२. पठनबोध** | सङ्केत, चित्र, शीर्षक, पाठ, कथा, कविता र संवादका विषयवस्तु बोध<br>स्थानीय परिवेश र पाठगत सन्दर्भकाआधारमा छलफल र प्रश्नोत्तर<br>आफ्नो अनुभव वर्णन<br>पाठगत पात्र र घटना पहिचान |
| **३. लेखाइ** | **३.१. लेख्यवर्ण सचेतीकरण** | समान र असमान चित्र, शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्दको पहिचान र लेखन<br>सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क)बाट विभिन्न आकृति र चित्र निर्माण<br>स्वर तथा व्यञ्जन वर्ण तथा मात्राको सङ्केतन, विसङ्केतन र ढाँचाको अनुकरण<br>चन्द्रबिन्दु (ँ), शिरबिन्दु (ं) र विसर्ग (ः)को पहिचान र प्रयोग<br>अक्षर जोडेर तथा झिकेर, थपेर र परिवर्तन गरेर शब्द निर्माण र शब्दका अक्षर विभाजन<br>समान असमान संरचना भएका शब्दको सूची निर्माण |

| | | |
|---|---|---|
| | | हलन्त तथा संयुक्त व्यञ्जन वर्ण र लेख्य सङ्केतको प्रयोग<br>लेख्य वर्णको विविधता ख्याल गरी शब्दको सङ्केतन, विसङ्केतन र प्रयोग |
| | **३.२. लेखाइ** | सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण<br>छड्के, सिधा र गोलो रेखा कोराइ<br>चित्र तथा आकृतिमा रङ भराइ<br>वर्ण, शब्द, वाक्य र अनुच्छेदको अनुलेखन तथा श्रुतिलेखन<br>विषयवस्तुका आधारमा शब्दभरण र वाक्यपूरण<br>प्रश्नोत्तर<br>निर्धारित शीर्षक तथा विषयवस्तुका आधारमा<br>निर्देशित लेखन<br>स्वतन्त्र रचना |
| **४. शब्दभण्डार र कार्यमूलक व्याकरण** | **४.१. शब्द भण्डार** | वस्तु वा चित्रको नाम, सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग<br>दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक<br>शब्दको उच्चारण, अर्थबोध र प्रयोग<br>धारणा र शब्दलाई सिकाइमा उपयोग<br>नयाँ शब्दको पहिचान, अर्थबोध र प्रयोग<br>आफ्नो परम्परागत मूल्यमान्यताका बारेमा छलफल |
| | **४.२. कार्यमूलक व्याकरण** | पदसङ्गति (लिङ्ग, वचन, पुरुष र आदर)<br>क्रियाका काल र पक्ष<br>लेख्य चिह्न प्रयोग (पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्न) |

**विषयगत क्षेत्र अनुरूप अनुमानित कार्य घण्टा**

| क.सं | विषयवस्तु | विषय र कक्षा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हाम्रो सेरोफेरो | | | गणित | | | नेपाली | | | अङ्ग्रेजी | | |
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | वर्ण(Alphabet) | | | | | | | | | | ६० | | |
| २ | म र मेरो परिवार (Me and myfamily) | ४० | ४० | ४० | २५ | ७ | | १५ | १५ | १५ | १८ | २१ | १८ |
| ३ | मेरो दैनिक जीवन (My dailylife) | ४५ | ४० | ४० | ५ | ६ | ८ | ११ | १० | १० | ७ | १७ | १७ |
| ४ | हाम्रो समुदाय (Our Community) | ३८ | ४० | ४० | ५५ | १३ | २० | १२ | १५ | १५ | | | |
| ५ | हाम्रो विद्यालय (Our school) | ३८ | ४० | ४० | २७ | १९ | | १२ | १५ | १५ | ७ | १७ | १७ |
| ६ | हाम्रो वरपरका जीवजन्तु (Animaland plants around us) | १७ | १७ | १७ | | | | | | | | | |
| ७ | हाम्रो वातावरण (Ourenvironment) | १८ | २० | २० | | | | २० | २० | २० | ५ | २१ | १८ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | मेरो सरसामान (My belongings) | | | | | | | | | | ५ | ८ | १२ |
| ९ | मेरो सिर्जना (My creation) | २० | २० | २० | ९ | ७ | १६ | १५ | १५ | १५ | | | |
| १० | हाम्रो संस्कृति (Our culture) | १२ | १२ | १२ | | | | १५ | १५ | १५ | ४ | १२ | १२ |
| ११ | सञ्चार प्रविधि र बजार Communication technology and market) | ११ | १० | १० | ७ | १२ | २७ | १५ | १० | १० | ४ | ७ | ११ |
| १२ | हाम्रो वरपरको संसार(Our Immediate world) | १७ | १७ | १७ | | | | १५ | १५ | १५ | | | |
| १३ | सङ्ख्याको ज्ञान | | | | | १८ | १५ | | | | | | |
| १४ | गणितका आधारभूत क्रिया (Basic mathematics operation) | | | | | ४६ | ३९ | | | | | | |
| १५ | नाप, क्षेत्रफल (Measurement, Area) | | | | | | ३ | | | | | | |
| १६ | फलफूल र तरकारी (Fruits andvegetables) | | | | | | | | | | ६ | ७ | ८ |
| १७ | बानी र रूचि (Hobbies andinterests) | | | | | | | १५ | १५ | १५ | ५ | ७ | ८ |
| १८ | चरा र जनावर (Birds andanimals) | | | | | | | | | | ७ | ११ | ७ |
| १९ | हाम्रा क्रियाकलाप (Ouractivities) | | | | | | | १५ | १५ | १५ | | | |
| | **जम्मा** | २५६ | २५६ | २५६ | १२८ | १२८ | १२८ | १६० | १६० | १६० | १२८ | १२८ | १२८ |

*स्रोत: आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम, २०७६*

**आधारभूत तह कक्षा १-३ केन्द्रित सिकाइ योजना,सिकाइ क्रियाकलाप तथा विधि र प्रक्रिया**

आधारभूत तहअन्तर्गत कक्षा १–३ को पाठ्यक्रमको समग्र संरचनालाई हाम्रो सेरोफेरो,गणित र भाषाअन्तर्गत नेपाली र अङ्ग्रेजी गरी चार विषयक्षेत्रमा समायोजन गरी केही बहुविषयगत र केही विषयगत विषयक्षेत्रमा सङ्गठित गरिएको छ। मातृभाषा तथा स्थानीय विषयका पाठ्यक्रम भने सम्बन्धित स्थानीय तहमार्फत नै विकास र कार्यान्वयन हुने व्यवस्था रहेको छ।बहुविषयक ढाँचाअन्तर्गत समावेश गरिएका सिकाइ उपलब्धि तथा विषयवस्तुहरू अन्तरसम्बन्धित विषयक्षेत्रमा आधारित छन्। हाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश भएका विषयहरूलाई अन्तरविषयक ढाँचामा एकीकृत गरिएको हुँदा यस विषयक्षेत्रको शिक्षण सिकाइ क्रियाकलाप एकीकृत रूपमा सञ्चालन गर्नुपर्दछ। साथै अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक,विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो।यो एक प्रकारको शिक्षण कला हो। यसमा सिकाइ र बालमनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुशरण गरिने भएकाले यो एक विज्ञान तथा सिद्धान्त पनि हो। सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित,सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ।यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ।सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ। यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ।यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ।

**एकीकृत पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षण सिकाइ योजना निर्माण**

एकीकृत सिकाइ क्रियाकलापको माध्यमबाट निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने सुनिश्चित गरी सिकाइ क्रियाकलाप छनोट र सञ्चालन गर्नुपर्दछ।निश्चित विषयक्षेत्रमा आधारित बहुविषयगत एकीकरणले सिकाइलाई अन्तरसम्बन्धित र बढी सान्दर्भिक बनाउन सहयोग पुर्याउँछ। सिकाइको योजना निर्माण गर्दा शिक्षकले निम्नलिखित पक्षहरूलाई समेत ध्यान दिनुपर्छ:

- सिकाइको योजना निर्माणका लागि विषयगत सक्षमताहरू र समग्र पाठ्यक्रम संरचनाको अध्ययन गरी तिनको अन्तरसम्बन्ध पहिचान गर्नुपर्छ।
- अन्तरविषयक विषयक्षेत्रमा आधारित हाम्रो सेरोफेरो विषयक्षेत्रमा विषयगत सीमा निर्धारण नगरी एउटै विषयवस्तुबाट सकेसम्म एकभन्दा बढी विषय अन्तरसम्बन्धित हुने गरी सिकाइको योजना निर्माण गर्नुपर्छ।
- बहुविषयक विषयक्षेत्रमा आधारित भई हाम्रो सेरोफेरो,गणित,नेपाली र अङ्ग्रेजी विषयक्षेत्रमा सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी निर्धारित विषयक्षेत्रको वरिपरि आआफ्नो विषयक्षेत्रगत अवधारणा तथा सिपहरू हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ।
- छनोट गरिएका विधि,प्रक्रिया तथा क्रियाकलापहरूले विद्यार्थीलाई सक्रिय बनाउने,सबैलाई सहभागी बनाउने,गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ।
- सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग,सिकाइ,रचनात्मक तथा समालोचनात्मक सोचाइ,निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सिपहरू;स्वव्यवस्थापन,आत्मबल,अनुशासन,जिम्मेवारी अनुकुलता जस्ता अन्तर वैयक्तिक सिप,सञ्चार,सहकार्य, सहानुभूति जस्ता वैयक्तिक सिपहरू, विभिन्न किसिमका बहुसाक्षरता सिपहरू र नागरिक दायित्वसम्बन्धी विभिन्न किसिमका नागरिक सिप प्राप्तिलाई सहयोग गर्नुपर्छ।
- विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि,सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था इत्यादिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्छ।
- विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नुपर्दछ।न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशः माथिल्लो स्तरको सिकाइ गर्न सक्ने बनाउन सहयोग गर्नुपर्छ।
- यथासक्य कक्षा शिक्षणको प्रबन्ध गर्नुपर्दछ।एकभन्दा बढी शिक्षकले एउटै कक्षामा विभिन्न समयमा शिक्षण गर्ने गरिए पनि टिममा छलफल गरी अन्तरविषयक र बहुविषयक शिक्षण योजना तयार गर्नुपर्छ।
- कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकालाई सिकाइ क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ।यसका लागि कक्षामा यथासक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने,घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुन सक्ने प्रबन्ध गर्नुपर्छ ।

**कक्षा १–३ सम्मको सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन**

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्ने छ। विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ।
- खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्ने छ। यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्ने छ।
- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ।
- विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ। विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ।
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ।
- शिक्षकले सहयोगी, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ।
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकता अनुसार उपयोग गर्नुपर्ने छ।
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ।
- भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्ने छ।
- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षकसमुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्ने छ।
- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सिप विकास, व्यवहारकुशल सिप र सिकाइबिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्ने छ।
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्ने छ।
- सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्ने छ।
- सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ।
- शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्ने छ।
- सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहार कुशल सिप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्ने छ।
- एकीकृत पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्धारण गर्छ। सरल विषयक्षेत्रबाट क्रमशः जटिल विषयक्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गति बमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्नेछ।

**सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष**

सम्बन्धित विषयक्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन्:

**सक्षमता तथा सिकाइ उपलब्धिहरू:** पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरू अनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ।

**विषयवस्तुको स्वरूप:** विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ।

**बाल मनोविज्ञान:** सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ। त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ।

**स्रोत साधनहरूको उपलब्धता:** शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ।

**विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति:** शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ।

**समय र विद्यार्थी सङ्ख्या:** उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ।

**शिक्षकको योग्यता, क्षमता र रुचि:** शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ।

यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ।

**विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुर्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू**

क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १–३ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ। शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ।

**१. कथा कथन एवम् गीत:** यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ।

**२. आगमन विधि:** यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ।

**३. भूमिका निर्वाह अभिनय:** यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ।

**४. निर्माणात्मक कक्षा:** यस विधिमा मस्तिष्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तैः वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकता अनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ।

**५. सहयोगात्मक कक्षा:** यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ।

**६. परियोजना कार्य:** विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ।

**७. छलफल र प्रश्नोत्तर:** यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ। प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसैगरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

**८. अन्वेषण, अनुसन्धान तथा खोज:** यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

**९. प्रविधियुक्त कक्षा:** मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

**१०. सिर्जनात्मक कार्य:** यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ।

**११. समस्या समाधान विधि:** यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

**१२. खेल विधिः** यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ।

**१३. प्रयोगात्मक विधिः** यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

**१४. भ्रमणः** विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ।

**१५. प्रदर्शन विधिः** विषयवस्तुसँग सम्बन्धित तस्वीर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ।

**१६. स्वाध्ययन तथा छलफलः** विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबिच छलफल गराउन सकिन्छ।

**१७. अन्तरक्रियाः** यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ।

**१८. उदाहरण र प्रयोगः** पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ। यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ। भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ।

**१९. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरणः** यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ। यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ।

*स्रोतः आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम, २०७६*

### ४.२. एकीकृत पाठ्यक्रमअनुसार १-३ को मूल्याङ्कन प्रक्रिया

विद्यार्थीहरूको सिकाइ मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गदर्शन गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ। कक्षा १–३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ। विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के र कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ। यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ। कक्षा १–३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ। कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ। विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन। विद्यार्थीको मूल्याङ्कनमा यथासम्भव वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ।

**कक्षा १–३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया**

- मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ।
- सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ।
- दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ।
- विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ।
- विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ।

- मूल्याङ्कनका क्रममा आवश्यक व्यवहार कुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ।
- मूल्याङ्कनपश्चात कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरूप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ। पटक-पटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ। मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ। विद्यार्थीको व्यक्तिगत फाइल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ।
- मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ।
- विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिबिम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ।

**मूल्याङ्कनका तरिका र साधन**

| क्र.सं. | मूल्याङ्कन तरिका | मूल्याङ्कन साधन | कैफियत |
|---|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रूजू सूची, रूब्रिक्स, प्रश्न, फाराम, घटना | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना | |
| ३ | लिखित कार्य | प्रश्न, छोटो परिक्षा, घटना, सन्दर्भ, सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रूजू सूची, रूब्रिक्स, श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रूजू सूची, रूब्रिक्स, श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रूजू सूची, श्रेणी मापन, मौखिक प्रश्न | |
| ७ | स्वमूल्याङ्कन | रूजू सूची, श्रेणी मापन, फाराम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रूजू सूची, श्रेणी मापन, फाराम | |
| ९ | कुराकानी, छलफल | अवलोकन, रूजू सूची, श्रेणी मापन, फाराम | |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परिक्षण गरेर निम्नअनुसार रेटिङ गर्नुपर्दछ ।

**विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो सतरको उपलब्धि हासिल गरेको |

**अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग**

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ। शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ। मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ। विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिजन्यतालाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिँदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन। त्यसैले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ।

- दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने कार्य वा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने ।
- दृष्टिविहीनमध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने। तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने। जस्तै विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको रेकर्ड दिएर उत्तर वा कार्यको विवरण रेकर्ड गर्न लगाउने। यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने।
- दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहीनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्न सकिने ।
- कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्नुपर्ने । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्न सकिने ।
- शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूको लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्ने।
- बौद्धिक अपाङ्गता भएकाहरूको लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने।

मूल्याङ्कन गर्ने तरिका

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| **उपलब्धि प्रतिशत** | **अक्षरमा उपलब्धि स्तर** | **उपलब्धिस्तरको व्याख्या** |
|---|---|---|
| ३० भन्दा कम | E | ज्यादै कमजोर |
| ३० र सो भन्दा माथि ४५ भन्दा कम | D | कमजोर |
| ४५ र सो भन्दा माथि ६० भन्दा कम | C | सामान्य |
| ६० र सो भन्दा माथि ७५ भन्दा कम | B | राम्रो |
| ७५ र सो भन्दा माथि ९० भन्दा कम | A | उच्च |
| ९० र सो भन्दा माथि | $A^+$ | उत्कृष्ट |

विद्यार्थीको समग्र प्रगति प्रतिवेदनको ढाँचा

## विद्यार्थीको प्रगति प्रतिवेदन

**विद्यार्थीको नाम :** **कक्षा :** **रोल नं. :**
**विद्यालयको नाम :** **सङ्केत नं.:** **वर्ष :**
**उपस्थिति :** विद्यालय सञ्चालन भएको दिन : .................. उपस्थित भएको दिन र प्रतिशत :............., ..............

| क्र. सं. | विषयक्षेत्र | पाठ्यघण्टा | सिकाइ उपलब्धि सङ्ख्या | समग्र उपलब्धि स्तर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ५ | | | |
| २ | गणित | ४ | | | |
| ३ | अङ्ग्रेजी | ४ | | | |
| ४ | हाम्रो सेरोफेरो | ८ | | | |
| ५ | मातृभाषा/ स्थानीय विषय ................... | ५ | | | |

(क) विषयगत सिकाइ उपलब्धि प्रतिशतका आधारमा समग्र विषक्षेत्रगत सिकाइ उपलब्धि स्तर उत्कृष्ट (९० देखि १००%) लाई $A^{+}$, उच्च (७५ देखि ९०%) लाई A, राम्रो (६० देखि ७५%) लाई B, सामान्य (४५ देखि ६० %) लाई C, कमजोर (३० देखि ४५ %) लाई D र ज्यादै कमजोर (३०% भन्दा कम) लाई E स्तर निर्धारण गर्नुपर्छ ।

(ख) विद्यार्थीको प्रगति प्रतिवेदन यसै पाठ्यक्रमको ९६ पेजमा दिइएको समग्र मूल्याङ्कन गर्ने तरिकाका आधारमा भर्नुपर्छ ।

.................................... ..........................................

**कक्षा शिक्षक** **प्रधानाध्यापक** **मिति :**

*स्रोत: आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम, २०७६*

### ४.३. पाठ्यक्रमका अवयवहरू

शैक्षणिक कार्यक्रम सुरू गर्दा आफू कसका लागि, के अपेक्षा गरेर, कुन औजारको प्रयोग गरी शिक्षण गर्दै छु र आशातीत सफलता प्राप्त हुन सक्यो कि सकेन, सकेन भने किन सकेन जस्ता विषयमा प्रष्ट हुनु पर्छ । यसका लागि पाठ्यक्रमका अवयव चिन्दै ती अवयवलाई साना कक्षाका बहिरा बालबालिकासँग तुलना गरी हेरिनुपर्छ ।

पाठ्यक्रमका चार मुख्य अवयवहरू लक्ष्य तथा उद्देश्य, विषयवस्तु, शिक्षणविधि, मूल्याङ्कन हुन् ।

(1) पाठ्यक्रमको उद्देश्यले सिकारूबाट (तोकिएको तहको- कक्षाको- विषयको पाठबाट) अपेक्षा गरिएको ज्ञान, सिप, क्षमता र अभिबृत्तिको गहिराई तथा चौडाइका बारेमा बताउँछ ।
(2) विषयवस्तुले सिकाइमा कुन कुन वियवस्तु राख्दा अपेक्षा गरिएका उद्देश्य पूरा गर्छ भनी पढाउने पाठको निक्यौंल गर्छ ।
(3) शिक्षण विधिले तोकिएका विषयवस्तुलाई कसरी सिकाउँदा सिकारुले सहजै बुझ्छन्, त्यस्ता उपायको खोजी गर्दछ ।
(4) मूल्याङ्कनले माथि उल्लेख गरिएका तीन ओटै पक्ष आआफ्नो जिम्मा पूरा गर्न के कति मात्रामा सफल भए र सफल नभए अब के गर्नुपर्ला भनी समग्र कामको सिंहावलोकन गर्छ ।

### ४.४. पाठ्यक्रममा अनुकुलन

पाठ्यक्रममा अनुकुलन भन्नाले कुनै कक्षाका तयार गरिएको पाठ्यक्रममा सबै विद्यार्थीका लागि हुने गरी समायोजन वा रुपान्तरण गर्नु हो । पाठ्यक्रम एकै प्रकारको हुन्छ तर सिकारुको प्रकृति र अवस्था भने फरक फरक हुन्छ । यसरी फरक अवस्थाका सिकारुलाई तोकिएको पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गराउने क्रममा विधि र प्रक्रियामा विविधता दिएर समायोजन तथा रुपान्तरण गर्नु पर्ने हुन्छ । सिकारुलाई प्रशस्त छनोटको अवसर दिनु पर्छ । साधारण उद्देश्यको प्राप्तिका लागि विशिष्ट उद्देश्यमा समेत समायोजन गर्नु पर्ने हुन्छ । पाठ्यक्रमको कार्यान्वयनमा गरिने यसरी गरिने सरलिकरणको समग्र प्रक्रियालाई पाठ्यक्रमको अनुकुलन भनिन्छ । पाठ्यक्रममा अनुकुलन भनेको तोकिएको पाठ्यक्रमको स्तरलाई झार्नु भनेको चाहिँ होइन । पाठ्यक्रम अनुकुलनमा समायोजन, रुपान्तरण, समानान्तर पाठ्यक्रम तथा खप्टिएको पाठ्यक्रम जस्ता विभिन्न पदावलीहरूको प्रयोग भएको पाइन्छ । यसरी प्रयोग गरिएका पदावलीले थोरै फरक अर्थ दिएता पनि सबैको साझा उद्देश्य चाहिँ वैयक्तिक विभिन्नतालाई समेट्न सक्ने गरी पाठ्यक्रमका अवयवमा पुनरावलोकन गर्नु नै हो। पुनरावलोकनले सिकाइलाई सरलीकरण गर्दै सुनिश्चित गर्नुपर्छ ।

#### पाठ्यक्रम कार्यान्वयनमा अनुकूलनका प्रकार

विज्ञहरूले पाठ्यक्रम अनुकूलनका नौओटा क्षेत्रलाई औँल्याइएको पाइन्छ :

- परिमाणः सिकाइवस्तुको सङ्ख्यालाई सानो वा थोरै पार्ने वा पटक पटक नगर्ने
- समयः व्यक्तिगत भिन्नताबमोजिम काम सम्पन्न गर्न दिएको समयमा अलि लचिलो बन्ने
- सहयोग/सहयोगीः सिकाइ प्रक्रिया वा क्रियाकलाप सञ्चालन गर्ने क्रममा थप सामग्रीसहित सहयोग गर्ने वा सहयोगीको सङ्ख्यामा वृद्धि गर्ने
- अतिरिक्त मेहनत/लगानीः शिक्षणका विधि, माध्यम, उदाहरण, सामग्री आदिसहित थप मेहनत गर्ने
- कठिनाइ : सिकाइको स्वरूपबमोजिम के गर्दा सजिलोसँग सिकाइ सम्भव हुन्छ वा सिकाइ क्षमता प्रदर्शन हुन्छ, त्यो सहज गराइ दिने । जस्तै सूत्र प्रयोग गर्दा वा क्यालकुलेटर प्रयोग गर्दा वा अन्य कुनै
- उपलब्धिः कुन विकल्प दियो भने सिकारुले सहि प्रतिक्रिया गर्न सक्छ छान्ने । जस्तैः लेखेर देखाउन नसके भनेर सुनाउन लगाउने
- सहभागिताः जुन हदसम्म सिकारुले सिकाइ क्रियाकलापमा सहभागी हुन सक्छ, त्यो हदसम्म मात्र लगाउन सकिने
- वैकल्पिक लक्ष्यः जटिल अपाङ्गता भएका बालबालिकालाई सिकाइको लक्ष्यमा नै विकल्प दिनुपर्ने
- वैकल्पिक पाठ्यक्रमः जटिल प्रकृतिको अपाङ्गता भएका बालबालिकालाई वैयक्तिक विभिन्नताका आधारमा व्यावहारिक हुने गरी तय गरिएको लक्ष्य पूरा गर्न पाठ्यक्रमको समग्र पक्षमा विकल्प दिनुपर्ने हुने जस्तैः भाषा शिक्षण गर्दा शौचालय जाँदा सहायक सामग्री प्रयोग गरेर जाने सिप सिकाउने, कम्प्युटर चलाउने सिप सिकाउने

# एकाइ ५. पठन सिप सुधारका लागि शैक्षणिक तथा सन्दर्भ सामग्री तथा प्रयोग

## ५.१ शैक्षणिक तथा सन्दर्भ सामग्रीहरूको परिचय र औचित्य

विद्यालय स्तरमा अध्ययन गर्ने बहिरा बालबालिकाहरूको लागि दृश्य सामग्रीहरू शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन निकै महत्त्वपूर्ण हुन्छन्। त्यसमा पनि विशेषगरी प्रारम्भिक तहका बहिरा बालबालिकाहरूको लागि शैक्षणिक सामग्रीहरू महत्त्वपूर्ण हुनुको साथै जरुरी पनि हुन्छ। बहिरा बालबालिकहरूको लागि त सिकाइ सहयोगी सामग्रीहरू, दृश्य सामग्रीहरू, सिकाइलाई अभ्यासमा उतार्ने सामग्रीहरू, रचनात्मक सिपको विकास गर्ने सामग्रीहरू, मनोरञ्जनका साथ खेल्दै सिक्ने सामग्रीहरू, हेर्दा आकर्षक एवम् रोचक रङ्गीन सामग्रीहरू जस्ता सामग्रीहरू निकै महत्त्वपूर्ण एवम् आवश्यक हुन्छन्।

### औचित्य

हालको शैक्षिक परिवेशलाई हेर्ने हो भने शिक्षण क्रियाकलाप गर्दा कक्षाकोठामा शैक्षिक सामग्रीको आवश्यकता अपरिहार्य नै मानिन्छ। शैक्षिक सामग्रीको सहयोग तथा प्रयोगले बालबालिकाहरूको सिकाइमा सहजता तथा दिगो रूपमा सिकाइ हुनुका साथसाथै मैत्रीपूर्ण सिकाइ वातावरण निर्माणमा सहयोग पुग्दछ। बहिरा बालबालिकाहरूको पठन सिप विकास गर्न उनीहरूको आवश्यकता, रुचि र क्षमताअनुसारका शिक्षण सामग्रीहरू प्रयोग गरियो भने उनीहरूले पनि अन्य बालबालिकाहरू सरह समान रूपले सिक्ने अवसर प्राप्त गर्दछन्। सबै बालबालिकाहरूको लागि उपयोगी हुने कुनै कुनै सामग्रीहरू सिकाइमा कठिनाइ भएका बालबालिकाहरूको उपयोगी हुन सक्छन् तर यी वर्गका बालबालिकाहरूको लागि विशेष सामग्रीहरू आवश्यक हुन्छन् भन्ने कुरालाई शिक्षक शिक्षक बिचमा छलफल र विचार मन्थन पनि गर्नुपर्ने हुन्छ। त्यसैले सबै तहबाट (शिक्षक, अभिभावक आदि) उपयोगी सामग्रीहरूको बारेमा मन्थन गर्ने, सामग्रीहरू चयन गर्ने वा निर्माण गर्ने र साथै ती सामग्रीहरूलाई प्रभावकारी रूपमा कक्षाकोठामा वा घरमा प्रयोग गरी पठन सिप सुधारमा योगदान पनि पुऱ्याउनुपर्ने हुन्छ। यसर्थ यस एकाइमा अपाङ्गता भएका बालबालिकाहरूको लागि के कस्ता किसिमका सामग्रीहरू उपयोगी हुन सक्छन् र तिनलाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने बारे जानकारी प्रस्तुत गरिएको छ।

**बहिरामैत्री सामग्रीहरूको नमूना सूची**

| सामग्रीको विवरण | |
|---|---|
| • वर्णपत्ती | • छात्र र छात्राको फ्लेक्स |
| • बारखरी चार्ट | • अभ्यास पुस्तिका |
| • झ्यालेपत्ती | • डायस (वर्ण, मात्रा, अङ्क |
| • शब्द र चित्रपत्ती | • बोध डायस |
| • शब्द र वाक्य पिनह्विल चार्ट | • म्याजिक बल |
| • बालगीत चार्ट | • स्पञ्ज अक्षर र मात्रा |
| • विसङ्केतन पुस्तक | • खेल पत्ती |
| • तहगत पुस्तक | • सानो किताब |
| • ठुलो किताब | • मझौला किताब |
| • कथाका किताब | • टाइपोस्कोप |
| • फोटो र पोस्टर | • अन्य सन्दर्भ सामग्रीहरू |

## ५.२ बहिरामैत्री शैक्षणिक सामग्री र तिनको प्रयोग

बहिरा बालबालिहरूको पठन सिप विकास गर्न निम्न शैक्षणिक सामग्रीहरू उपयोगी हुन सक्छन् र यिनलाई देहाबमोजिम प्रयोग गर्न सकिन्छ। यसबाहेक शिक्षक र अभिभावकहरूले विद्यालय एवम् घरमा पठन सिप सिकाउनको लागि अन्य स्थानीय सामग्रीहरूको निर्माण र प्रयोग गर्न सकिन्छ।

- **सङ्केतको प्रयोग**

  अङ्ग्रेजी वा नेपाली भाषाका अक्षर, अङ्क, शब्द, वाक्य, क्रिया आदि जनाउने स्तरीकृत साङ्केतिक भाषामा प्रयोग भएका सङ्केतहरूलाई सङ्केतको प्रयोग भनिन्छ ।

- **सङ्केतसहितको वर्णपत्ती प्रयोग**

  वर्ण वा अक्षर चिनारी गराउन, ओठको चाल र सङ्केतको सम्बन्ध देखाउन, वर्णमात्रा सिकाउन, शब्द बनाउन, वर्ण चिनारीका खेलहरू खेलाउन, वर्ण/मात्रा लेखन आदिको लागि यो सामग्रीको प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको बाह्रखरी चार्ट प्रयोग**

  वर्ण चिनारी गराउन, शब्द निर्माण तथा नेपाली भाषाको क्रमबद्ध वर्ण सिकाइ गर्न, वर्ण/मात्रा चिनारी गर्न तथा अक्षर वा वर्ण र मात्राहरूको लेखन क्रियाकलाप र अभ्यास गर्न यो सामग्री प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको झ्यालेपत्ती प्रयोग**

  स्वर र व्यञ्जन वर्णलाई जोड्न र छुट्याउन, वर्ण र ओष्ठपठनसहित सङ्केत चिनारी गराउन, बाह्रखरी वर्ण परिचय गराउन तथा मात्रा शिक्षण गर्न, वर्ण/मात्राहरू लेख्न सिकाउनको लागि यो सामग्रीको प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको शब्द र चित्रपत्ती प्रयोग**

  शब्दभण्डार वृद्धि गर्न, पढिसकेका वा सिकेका शब्दहरूको पुनरावृत्ति गर्न, सङ्केतबाट शब्दार्थ भन्न, शब्दबाट वाक्य बनाउन, शब्द र चित्र जोडा मिलाउन, शब्दको अर्थबोध गराउन, खेल तथा लेखन क्रियाकलापहरू आदि गराउन यो सामग्रीको प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको शब्द र वाक्य पिनह्विल कार्ड प्रयोग**

  वर्णहरू जोडेर शब्द बनाउन, शब्दहरू जोडेर वाक्य बनाउन, शब्द निर्माण तथा वाक्य निर्माणका क्रियाकलाप गर्न, खेलहरू खेलाउन, शब्दवाक्य लेखन क्रियाकलाप आदि गराउन यो सामग्रीको प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको विसङ्केतन किताब प्रयोग**

  पढिसकेका वर्ण तथा मात्राहरूको पुनरावलोकन गर्न, वर्णमात्रा पढ्न, विसङ्केतन गरी वर्णमात्रा पहिचान गर्न, ओष्ठको चाल सहित पठन अभ्यास गर्न, चित्रवर्णन तथा अनुमान गर्न, पठनबोध गराउन, सिकेका वर्ण वा शब्दहरू स्वतन्त्र रूपले पढ्न, नमुना पठन, साझा पठन गर्न र लेखन आदि क्रियाकलाप गर्दा यो सामग्री प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको ठुलो किताब प्रयोग**

  वर्ण तथा मात्राहरू तथा शब्दहरूको पुनरावलोकन गर्न, वर्ण/मात्रा पढ्न तथा चिन्न वा पत्ता लगाउन, शब्दहरूमा स्वतन्त्र पठन गर्न, नमुना पठन, साझा पठन गर्न, पठनबोध गर्न, चित्र वर्णन, पूर्वानुमान तथा लेखन क्रियाकलाप आदि गर्न यो सामग्रीको प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको कथाका किताब प्रयोग**

  कथा वाचन गर्न, कथा बोध गर्न, पठन गति विकास गर्न, वर्ण तथा मात्राहरू तथा शब्दहरूको पुनरावलोकन गर्न, वर्ण/मात्रा पढ्न तथा चिन्न वा पत्ता लगाउन, शब्दहरूमा स्वतन्त्र पठन, ओठको चालबाट नमुना पठन, साझा पठन गर्न, पठनबोध गर्न, कथा चित्र वर्णन गर्न, पूर्वानुमान गर्न, सारांश गर्न, प्रश्नोत्तर-लेखन आदि गर्ने जस्ता क्रियाकलाप गर्न यो सामग्री प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको पोस्टर वा फोटो प्रयोग**

  चित्र छलफल गर्न, चित्र वर्णन गर्न, पोस्टर वा फोटोमा देखिएका वस्तुहरूको वा शब्दहरू नाम भन्न, लेख्न, पोस्टर वा फोटोमा देखिएका स्थान वा व्यक्तिहरूको नाम छुट्याउन, अनुमान गर्न, विश्लेशण गर्न, रङ पहिचान गर्न र भर्न, पोस्टर वा फोटोअनुसारको चित्र बनाउन, सङ्केत गरी शब्दार्थ भन्न आदि जस्ता क्रियाकलाप गराउने यो सामग्री प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको अभ्यास पुस्तिका प्रयोग**

  शिक्षण सिकाइको क्षेत्र र क्रममा तय गरे अनुरूप हरेक दिन र चरणअनसुारका सिकाइ क्रियाकलापलाई समेटेर लेखाइ तथा पढाइ सिप विकास गर्न यो सामग्रीको प्रयोग गर्न सकिन्छ ।

- **छात्रछात्रा फ्लेक्स प्रयोग**

  केटा वा केटीको चित्र पहिचान गर्न, शारीरिक अङ्गहरूका नामहरूको पहिचान तथा शब्दभण्डार वृद्धि गर्न, चित्र निर्माण गर्ने, भिन्नता वर्णन गर्न, चित्रमा आधारित लेखन आदि क्रियाकलाप गराउने यो सामग्री प्रयोग गर्न सकिन्छ ।

- **वर्ण, मात्रा र अङ्क डायस प्रयोग**

  वर्ण चिनारी, सङ्केतबाट वर्ण मात्रा र अङ्क डायस चिन्न, वर्ण मात्रा सिकाउन, शब्द बनाउन, वर्ण चिनारीका खेलहरू खेलाउन, ० देखि ९ सम्मका अङ्कहरू सङ्केत गर्न, चिन्न, वर्ण/मात्रा तथा अङ्क चिनारीका खेलहरू, तथा वर्ण/मात्रा तथा अङ्कहरूको लेखन आदि क्रियाकलापहरू गराउने यो सामग्रीको प्रयोग गर्न सकिन्छ ।

- **म्याजिक बल प्रयोग**

  खेलहरूमार्फत वर्ण/मात्रा चिनारी, वर्णमात्रा सिकाउन, शब्द बनाउन, अङ्कहरू चिन्न र सङ्केत गर्न तथा वर्ण/मात्रा तथा अङ्कहरूहरूको लेखन आदि क्रियाकलाप गराउन म्याजिक बल प्रयोग गर्न सकिन्छ ।

- **स्पञ्ज अक्षर प्रयोग**

  वर्ण/मात्रा चिनारी, वर्णमात्रा सिकाउन, शब्द बनाउन, वर्ण/मात्रा चिनारीका खेलहरू खेलाउन, अङ्कहरू चिन्न र सङ्केत गर्न, वर्ण/मात्रा तथा अङ्क चिनारीका खेलहरू, तथा वर्ण/मात्रा तथा अङ्कहरूहरूको लेखन आदि क्रियाकलापहरू गराउन स्पञ्ज अक्षरको प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको खेलपत्ती प्रयोग**

  खेलकोमार्फत वर्ण/मात्रा तथा शब्द चिनारी गराउन, वर्णमात्रा सिकाउन, शब्द बनाउन, वर्ण/मात्रा चिनारीका खेलहरू खेलाउन, शब्द र चित्र मिलाउन, वर्ण वर्णबाट चित्रको नाम मिलाउन, शब्द र चित्र मिलाइ वर्णन गर्न तथा शब्दार्थ सङ्केत गर्न, शब्द र चित्र अनुरूप अर्थबोध गराउन आदि जस्ता क्रियाकलाप गराउन खेलपत्तीहरूको प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको सानो किताब प्रयोग**

  वर्ण, मात्राहरू तथा शब्दहरूको पुनरावलोकन गर्न, वर्ण/मात्रा तथा शब्द र अनुच्छेदहरू पढ्न, वर्ण/मात्रा/शब्दहरू चिन्न वा पत्ता लगाउन, स्वतन्त्र पठन गर्न, सस्वर पठन गर्न, नमुना पठन, साझा पठन गर्न, पठनबोध गर्न, चित्र वर्णन गर्न, पूर्वानुमान गर्न, हाउभाउ मिलाइ पठन गर्न तथा लेखन अभ्यास जस्ता क्रियाकलापमा यो सामग्री प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको मझौला किताब प्रयोग**

  माथि दिएको सानो किताब प्रयोगअनुसार नै यसको प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको बोध डायस प्रयोग**

  डायसको खेलमार्फत पढेका वा सुनेका कथा/पाठहरू अनुरूप दोहोर्याउन, स्थान, पात्रहरू, चित्रहरू, घटनाहरू भन्न, प्रश्नोत्तर गर्न, छलफल र अन्तरक्रिया गर्न, लेखन क्रियाकलाप गर्न, अनुमान गर्ने, वर्णन गर्न आदि जस्ता सिकाइ क्रियकलापमा यो सामग्री प्रयोग गर्न सकिन्छ ।

- **सङ्केतसहितको टाइपोस्कोप प्रयोग**

  पठन कार्य गर्दा कुनै किताबको पाना माथि राखेर केबल वर्ण, शब्द, वाक्यहरूको हरफ मात्र देखिने गरी र अन्य भाग छोप्ने गरी पढ्ने वा पढाइ सिप मापन गर्नको लागि यो सामग्रीको प्रयोग गर्न सकिन्छ ।

- **अन्य सामग्रीहरू**

  कापी, सिसाकलम, न्यजु प्रिन्ट, पेन्सिल कटर, मार्कर, शैक्षणिक पाटी, इरेजर, मेटाकार्ड, कलर, कैंची, स्केल आदि। आवश्यकता र शिक्षण सिकाइ क्रियाकलापले मागे अनुरूप प्रयोग गर्न सकिन्छ ।

- विद्यालयमा/कक्षाकोठामा/समुदायद्वारा निर्मित/स्थानीय रूपमा उपलब्ध वा शिक्षक/अभिभावक/विद्यार्थीद्वारा निर्मित सामग्रीहरू आवश्यकता र शिक्षण सिकाइ क्रियाकलापको माग अनुरूप प्रयोग गर्न सकिन्छ ।

## ५.३ बहिरा बालबालिकाका लागि सहायक सामग्रीहरू र तिनका कार्यहरू

सहायक सामग्री तथा प्रविधिहरू मूलतः अपाङ्गता वा अशक्त व्यक्तिको समग्र हित एवम् दैनिक रूपमा प्रयोग गर्नका लागि तयार गरिएका हुन्छन्। कसैमा निर्भर नभई र स्वतन्त्र रूपले आफना कार्यहरू गर्न तथा सामाजिक जीवनमा सहभागी हुन सक्षम बनाउने उद्देश्य यी सहायक सामग्रीहरू निर्माण गरिएका हुन्छन्। यी सहायक सामग्रीहरूले व्यक्तिको अपाङ्गता वा अशक्ततालाई रोक्न र अशक्तताको कारणले पछि गएर स्वास्थ्यमा हुन सक्ने नकारात्मक असर वा थप नोक्सानी हुनबाट पनि जोगाउँछन्।

### औचित्य

संयुक्त राष्ट्र सङ्घले पनि अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायक एवम् गमनशीलतामा प्रयोग हुने सामग्रीहरूको औचित्य एवम् महत्त्वमाथि जोड दिएको छ। संयुक्त राष्ट्र सङ्घको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐनको धारा ४, २० र २६ मा पनि राज्यले अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायक सामग्री र गमनशीलतामा प्रयोग हुने सामग्रीहरूको उपलब्धतामा पहुँच पुऱ्याउनुपर्ने तथा यस किसिमका सामग्रीहरूको बारेमा आवश्यक सूचनालाई पनि प्रवर्धन गर्नुपर्ने कुरा उल्लेख गरेको छ। सामग्रीहरू वितरण गर्नुको मुख्य औचित्यहरू देहायअनुसार रहेका छन् :

(1) अपाङ्गता भएका व्यक्तिहरूलाई अरू व्यक्तिहरू सरह गतिशील हुन मद्दत गर्ने
(2) आफ्ना दैनिक कार्यहरू स्वयं गर्न र सामाजिक जीवनमा अरूसरह सहभागी हुन मद्दत गर्ने
(3) शारीरिक, दृष्टि, सुनाइ वा बौद्धिक अपाङ्गताको अवस्थालाई थप बिग्रनबाट जोगाउन र सुधारतर्फ लैजान मद्दत गर्ने
(4) सहायक सामग्रीको माध्यमबाट अरूसरह काम वा व्यवसाय गर्न, आफ्नो रुचि वा क्षमतालाई उत्कृष्टतातर्फ लैजान मद्दत गर्ने जस्तै खेलकुद, सङ्गीत आदि
(5) परनिर्भर नभई आफ्नो जीविकोपार्जनमा आत्मनिर्भर हुन मद्दत गर्ने

स्रोतः https://www.ncbi.nlm.nih.gov/books/NBK310951/

सहायक सामग्रीहरू वितरण गर्नुभन्दा अघि ध्यान दिनुपर्ने पक्षहरू

- **जाँच (assessment)**

  सहायक सामग्रीहरूको वितरण गर्नु अघि सर्वप्रथम व्यक्तिको शारीरिक वा अन्य जाँच हुनु जरुरी हुन्छ। व्यक्तिलाई कुन सामग्री, कस्तो आकारप्रकार वा डिजाइनको आवश्यकता छ भनेर जाँच वा मूल्याङ्कन हुनुपर्छ। गलत सामग्री र डिजाइन हुन गयो भने व्यक्तिलाई थप समस्या हुन सक्छ जस्तै प्रयोग गर्न असहज वा अप्ठ्यारो हुने, विस्तारै झन्झट लाग्ने र अर्को नयाँ समस्याको उत्पन्न हुन सक्छ।

- **अवरोधरहित वातावरण (barrier-free environment)**

  सहायक सामग्री वितरण गर्दा विद्यमान वातावरण कस्तो छ भन्ने कुरालाई पनि ध्यान दिनुपर्ने हुन्छ। प्रायजसो घरमा, विद्यालयमा, समुदायमा वा कार्यालयमा पनि सहायक सामग्रीहरूको प्रयोग गर्ने उचित वातावरण हुँदैन। यदि यस्तो अवस्था छ भने घरपरिवार, विद्यालय, कार्यालय वा समुदायले पनि सकेसम्म अवरोधहरूलाई हटाउने प्रयास गर्नुपर्ने हुन्छ।


- **प्रयोगबारे ज्ञान र सिप (building capacity)**
  - सहायक सामग्री वितरण गरेर मात्र पुग्दैन । बरु ती सामग्रीहरूलाई कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे ज्ञान र सिप पनि दिनुपर्ने हुन्छ। घरमा सहयोग गर्ने व्यक्तिलाई पनि सामग्री कसरी प्रयोग गर्ने र सुरक्षित रहने भन्नेबारे ज्ञान हुनुपर्छ। अझ सकिन्छ भने सामग्रीमा केही गडबडी आएमा वा बिग्रेमा प्रयोग गर्ने व्यक्ति र घर परिवारका सदस्यहरूले नै सामान्य रूपमा मर्मत गर्न सक्ने गरी ज्ञान र सिप दिन जरुरी हुन्छ।

- **पहुँचबारे जानकारी (accessing information)**
  - धेरै अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्रीहरूको उपलब्धताको बारेमा सूचना नहुन सक्छ। कुन कुन सामग्री कहाँ र कसरी प्राप्त गर्न सकिन्छ, सोबारे जानकारी हुँदा लाभान्वित हुनुपर्ने व्यक्तिहरूले फाइदा लिन सक्छन्। यसबारे सूचना कसलाई दिने र कुन माध्यमबाट दिने भन्नेबारे ध्यान दिनुपर्ने हुन्छ।

(स्रोतः https://www.who.int/disabilities/technology/en/ )

## ५.४. बहिरा बालबालिकाका सिकाइ सामग्रीहरू (learning devices)

| सहायक सामग्री | सहायक सामग्रीले गर्ने कार्य | सामग्री चित्र |
|---|---|---|
| कम्प्युटर र मोबाइल स्क्रिन रिडर | कम्प्युटर वा मोबाइल तथा यिनमा राखिएका स्क्रिन रिडरले दृष्टिमा कठिनाइ भएका व्यक्तिहरूलाई त्यहाँ के लेखिएको छ वा लेखिँदैछ भन्ने कुरा आवाजमार्फत जानकारी गराउँदछ। |  |
| मोबाइल एपहरू (अडियो भिडियो एप) | मोबाइलका अडियो भिडियो एपहरूले बालबालिकाको सिकाइ सहजीकरणमा सहयोग गर्न सकिन्छ । |  |
| शब्द पत्ती, चित्र पत्ती | अक्षर,<br>शब्द, वाक्य संरचना<br>चिनाउन र उच्चारण तरिका सिकाउन प्रयोग गरिन्छ । |  |
| दृश्य तालिका | कहिले कुन काम गर्ने सङ्केतबाट देखाउन सकिने समय राखेर पनि देखाउन सकिन्छ ।<br>शब्द र सङ्केतको सम्बन्ध देखाउन सकिन्छ । |  |
| शब्द सङ्केत पत्ती | शब्द र सङ्केतको सम्बन्ध सिकाउन यसको प्रयोग गर्न सकिन्छ । |  |

| | | |
|---|---|---|
| पाठ्यपुस्तक | अन्य विद्यार्थीले झैं पढ्न, क्रियाकलाप गर्न र अभ्यास गर्न यसको प्रयोग गर्न सकिन्छ । |  |
| शिक्षकले बनाएका सामग्रीहरू | आवश्यकता र प्रसङ्गबमोजिम सिकाउन यस्ता सामग्रीहरू प्रयोग गर्न सकिन्छ । |  |
| सङ्केतहरू | अक्षर र सङ्केतको सम्बन्ध बताउन र सङ्केत चिनाउन यसको प्रयोग गर्न सकिन्छ । |  |

# एकाइ ६ : पढाइको परिचय, महत्त्व र भाषिक तत्त्वगत क्षेत्र तथा क्रियाकलाप

## ६.१. पढाइको परिचय तथा महत्त्व

पढाइ एउटा भाषिक सिप हो। पढाइ साक्षरताको एउटा अवयव पनि हो। भाषाको ध्वनिलाई प्रतिनिधित्व गर्ने सङ्केतलाई चिनेर उच्चारण गर्ने कार्य पढाइको सुरुवाती चरण हो। पढाइ भन्नाले सामान्यतया छापामा लेखिएका सामग्री पढेर अर्थ बोध गर्नु भन्ने बुझिन्छ। जुनसुकै तह र विषयको सिकाइका लागि पढाइ सिप अपरिहार्य हुन्छ। प्रारम्भिक कक्षामा पढ्न सिक्ने र माथिल्ला कक्षाहरूमा सिक्नका लागि पढ्ने कुरामा जोड दिइने भएकाले तल्ला कक्षाहरूमा नै पढाइ सिपको विकास हुनु आवश्यक हुन्छ। प्रारम्भिक पढाइ सिपमा दुई अन्तरनिहित तत्त्वहरू रहेका छन्: चिनारी र बोध। लेखिएको वर्णलाई विसङ्केतन (Decoding) गर्नु चिनारी हो भने लेखिएको वा छापिएको कुरा पढेर अर्थ बुझ्नु बोध हो।

**महत्त्व**

पढाइ आर्जित सिप हो। पढ्नु भनेको सिप सिक्नु पनि हो। पढाइ सिपले बालबालिकालाई धेरै कुरा सिक्न मद्दत गर्छ। पढ्न जानेपछि गणित, सामाजिक, विज्ञानजस्ता अन्य विषयको सिकाइ पनि सहज हुन्छ। पढाइ र बोध क्षमता कमजोर हुँदा समग्र सिकाइ नै कमजोर हुने भएकाले सिकाइलाई प्रभावकारी बनाउन पढाइ सिप विकासलाई आधारभूत र अनिवार्य ठानिन्छ। शैक्षिक दृष्टिले बोध र अभिव्यक्ति क्षमता विकासको पहिलो चरण पढाइ हो। पढाइको मुख्य उद्देश्य भनेकै बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु हो। विद्यार्थीको संज्ञानात्मक क्षमता एवम् शब्दभण्डारको वृद्धि गर्दै स्वअध्ययनको बानी निर्माण र बौद्धिक क्षमताको विकास गर्न पनि पढाइ सिप आवश्यक हुन्छ। त्यस्तै बुझेर पढ्न तथा पढेर बुझ्नका लागि पढाइ सिप अनिवार्य मानिन्छ।

पढाइ सिप भाषा विषयमा मात्र नभई अन्य विषयमा पनि त्यत्तिकै महत्त्वपूर्ण मानिन्छ। तसर्थ समग्र सिक्ने तरिका र सिकाइमा सुधार गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पढाइ सिपको विकास अनिवार्य मानिएको छ। विद्यार्थीको पूर्वज्ञान, अनुभव, अभिवृत्ति, सामाजिक तथा सांस्कृतिक स्तरले पढाइमा प्रभाव पार्छ। पढाइ सिप विकासका लागि पढाइका आधारभूत सिपसहित निरन्तर अभ्यासको आवश्यकता पर्छ। कतिपय विद्यार्थीले पाठ पढ्दा शब्दलाई वर्णगत वा शब्दगत रूपमा पढ्ने गर्छन्। बुझाइसहितको पढाइका क्रममा कतिपय शब्दलाई आकृतिका रूपमा र कतिपय शब्दलाई भावका रूपमा पनि बुझ्दछन्। प्रारम्भिक तहमा नै पढाइ सिप कमजोर भएमा अन्य सबै विषयहरूमा सिकाइ कमजोर हुन्छ। पढाइ सबै सिकाइको पूर्वाधार हो।

*स्रोत : राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम – तालिम स्रोत सामग्री २०७५*

## ६.२. भाषिक तत्त्वगत क्षेत्र तथा क्रियाकलाप

**१. ध्वनि सचेतीकरण (Phonological awareness):** बहिरा बालबालिकाको पढाइ ओठको चाल, सङ्केतले व्यञ्जन वर्णसँग परिचित हुँदा मात्र ध्वनि सचेतीकरणको अभ्यास सम्भव हुन्छ । प्रायजसो भाषाको संरचना वर्णबाट शब्द, शब्दबाट वाक्य स्तर हुँदै विकसित हुन्छन्। कुनै पनि पाठकलाई पढाइमा पोख्त बनाउन प्रारम्भिक कक्षामा राम्रोसँग ध्वनि सचेतीकरण भएको हुनुपर्छ। तर बहिरा बालबालिकाले कुनै आवाज सुन्न नसक्ने हुनाले यो ध्वनि सचेतीकरण उनीहरूको सवालमा दृश्य सामग्रीको माध्यमबाट हुन्छ (साङ्केतिक भाषा प्रयोगकर्ताहरूका लागि ध्वनि सचेतीकरण उपयुक्त नहुन सक्दछ) ।

**२. श्रव्यदृश्यबोध**

श्रव्य र दृश्य सामग्रीका आधारका मुख्य मुख्य विषयवस्तु वर्णन गर्ने अभ्यासात्मक क्रियाकलाप नै श्रव्यदृश्य बोध हो । यसमा दिइएका दृश्य सामग्रीको अनुमान, कल्पना र समस्या पहिचानसहित मौखिक वर्णन गराउनुपर्छ । विषयवस्तुलाई सुनेर वा हेरेर नाम, परिवेश, घटना, सन्दर्भ, अनुमान, पूर्वानुमान, कल्पना, समस्या, तुलना, वर्णन जस्ता अभ्यासात्मक क्रियाकलाप श्रव्यदृश्यबोधअन्तर्गत पर्छन् । श्रव्यदृश्यबोध सम्बन्धी क्रियाकलापबाट विद्यार्थीहरूमा आकृति, रङ, सङ्केत, चिह्नको प्रयोग, हाउभाउ र अभिनयसहितको मौखिक अभिव्यक्तिको विकास गराउन सकिन्छ । आश्चर्य, उमङ्ग, उत्सुकता, घृणा, चिन्ता, हर्ष, विस्मात आदिसँग सम्बन्धित संवेगात्मक अभिव्यक्तिको विकाससमेत श्रव्यदृश्यबोधका माध्यमबाट गराउन सकिन्छ ।

**श्रव्यदृश्यबोधको आवश्यकता**

- दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गर्न
- श्रव्यदृश्य सामग्रीका आधारमा हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति गर्न
- अनुमान र समस्या पहिचानसहित मौखिक वर्णन र प्रश्नोत्तर गर्न
- बहुभाषिक विद्यार्थीको सिकाइलाई सबलीकरण गर्न

**३. लेख्य वर्ण सचेतीकरण (Grapho-phonemic Awareness) :** लेख्य वर्ण सचेतीकरण भनेको ओठको चालले प्रतिनिधित्व गर्ने वर्ण वा अक्षरको सङ्केतलाई चिनाउनु हो। यो वर्ण र ओठको चाल र सङ्केतको चिनारी वा तिनका सम्बन्धको ज्ञान हो। भाषाका सङ्केतहरू र सङ्केतको प्रतिनिधित्व गर्ने सम्बन्धित भाषाका वर्णहरूको सम्बन्धको सिकाइ लेख्य वर्ण सचेतीकरण हो। लेख्य वर्ण सचेतीकरणअन्तर्गत मुद्रित सामग्रीको सचेतता, वर्णमाला सचेतता, विसङ्केतन र पढाइ अभ्यास जस्ता कुरा पर्छन्। बहिरा बालबालिकालाई आकार वा सङ्केतसँग सम्बन्ध गराइ अक्षर चिनाइन्छ । अक्षर चिन्नु, सही तरिकाले सङ्केत गर्न जान्नु, पढ्नु र लेख्नु भाषा सिकाइका लागि अत्यन्त जरुरी हुन्छ।

**४. पठन प्रवाह (Fluency) :** पाठकले पढाइ सामग्री सर्सर्ती, शुद्ध तरिकाले र हाउभाउसहित पढ्न सक्नु नै पठन वा पढाइ प्रवाह हो। पढाइ प्रवाहको बोधसँग सम्बन्ध रहन्छ। बालबालिकाले पढेको कुरा बुझ्नका लागि उपयुक्त प्रवाहका साथ पढ्न सक्ने हुनुपर्छ। यो कुरा सङ्केत सहित वा मौन पढाइ दुवै सन्दर्भमा लागु हुन्छ। पठन प्रवाहले गति र यतिका साथ तहअनुसार दिइएको पढाइ सामग्री शुद्धसँग पढ्ने वा सङ्केत गर्ने सिपलाई बुझाउँछ। बालबालिकाले जति छिटो र सही तरिकाले पढ्न सक्छन्, त्यति नै धेरै उनीहरूमा बोध क्षमता विकास हुने कुरा अध्ययनहरूले देखाएका छन्।

**५. शब्दभण्डार (Vocabulary) :** अक्षरहरूको सार्थक समूह नै शब्द हो। भाषा सिकाइ र अर्थका हिसाबले "शब्द" न्यूनतम भाषिक एकाइ हो। शब्दको ज्ञान हुनु भनेको शब्दको सूची र तिनले दिने अर्थसँग परिचित भई वाक्यमा प्रयोग गर्न सक्नु हो।. शब्दभण्डार शिक्षणलाई भाषा सिकाइको एक महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ। शब्दभण्डार भनेको कुनै भाषा प्रयोग गर्ने मानिसमा भएको त्यस्तो शब्दको सङ्ग्रह हो जुन मानिसले सुन्न, बोल्न, पढ्न, लेख्न र सहजै प्रयोग गर्न सक्छन्।

**६. बोध (comprehension):** सामान्य अर्थमा बोध भनेको बुझाइ हो। सङ्केत गरी बोलिएका कुरा हेरेर र लेखिएका कुरा पढेर अर्थ लगाउन सक्नु नै बोध हो। पढेर बोध गर्नुलाई पढाइ बोध भनिन्छ। पढाइ बोधको प्रमुख अभिप्रायः भनेको पढेर, हेरेर, बुझेर र पाएको ज्ञानलाई प्रयोग गरेर केही नयाँ कुरा वा सिकाइ प्राप्त गर्नु र अर्थ निकाल्नु हो। पढाइ बोधका लागि प्रश्नोत्तर, पूर्वानुमान, पढेका कुराको अनुभव आदान प्रदान आदि गराउन आवश्यक हुन्छ।

**७. लेखाइ (Writing):** लेख्य सङ्केतद्वारा विषयवस्तुलाई प्रस्तुत गर्नु लेखाइ हो। लेखाइ र पढाइ एक आपसमा सम्बन्धित छन्। लेख्य वर्ण सचेतीकरणमा भाषा सङ्केतलाई प्रस्तुत गरिन्छ भने लेखाइमा अनुलेखन, चित्र वर्णन, हेरेर लेख्ने तथा स्वतन्त्र लेखनका क्रियाकलाप गराइन्छ। कक्षा १ मा भर्ना भइसकेपछि कक्षा ३ मा पुग्दासम्म कलम समाउन सिक्ने, थोप्ला जोड्ने, धर्का जोड्ने, अक्षर लेख्ने, शब्द बनाउने, वाक्य लेख्ने, चित्रको व्याख्या गर्ने, पढेका पाठमा आधारित भई प्रश्नको उत्तर लेख्ने र स्तरअनुसारका सामान्य विषयमा स्वतन्त्र रूपमा लेख्नेसम्मको सिप विकास हुने अपेक्षा गरिएको हुन्छ।

**८. कार्यमूलक व्याकरण**

भाषाका वर्ण, रूप, शब्द, वाक्य आदिसँग सम्बन्धित व्यवस्थालाई व्याकरण भनिन्छ । नेपाली भाषा शिक्षण गर्दा भाषिक सिप (सुनाइ, बोलाइ, पढाई र लेखाइ) मा जोड दिनुपर्छ । भाषिक सिप शिक्षणलाई विषयक्षेत्रसँग सम्बन्धित पाठ्यवस्तुलाई जोडेर व्याकरणिक तत्वको पहिचान र प्रयोग गराउनु नै कार्यमूलक व्याकरण हो । व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुस्टाई गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रबाटै नियम खोजी गर्ने कार्यलाई कार्यमूलक व्याकरण भनिन्छ । कार्यमूलक व्याकरण शिक्षण गर्दा पाठ्यवस्तुको उपयोग, भाषिक सिप, भाषिक अभ्यास र विद्यार्थीको भाषिक अनुभवलाई प्रयोगपरक किसिमले उपयोग गर्नुपर्छ । यसबाट विद्यार्थीहरूमा शुद्धसँग बोल्ने र लेख्ने क्षमता विकास हुन्छ । कार्यमूलक व्याकरणमा कालका सामान्य पक्षको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिने, लिङ्ग, वचन, पुरुष र आदरको ख्याल गरी मौखिक तथा लिखित अभिव्यक्ति दिने र पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयादिबोधक र उद्धरण चिह्नको ख्याल गरी मौखिक तथा लिखित अभिव्यक्ति दिने सिपको विकास गर्न सकिन्छ ।

**कार्यमूलक व्याकरणको आवश्यकता**

- भाषाको शुद्ध प्रयोग गर्न सक्ने बनाउन
- उदाहरण र प्रयोगमा आधारित भई व्याकरणका नियमप्रति सचेत हुन
- आधारभूत तह (कक्षा १–३) मा पदसङ्गति, काल र लेख्य चिह्नको पहिचान र सामान्य प्रयोग

*स्रोत : राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम तामिल स्रोत सामग्री २०७५*

**६.३. प्रारम्भिक तहमा बहिरा बालबालिकाहरूको सिकाइका मुख्य समस्याहरू**

- नियमित परीक्षण तथा श्रवण क्षमता पहिचान नहुनु
- बहिरा बालबालिकाका लागि सहयोगी उपकरण नहुनु
- बहिरामैत्री पूर्वाधार तथा कक्षाकोठा व्यवस्थापन नहुनु
- बहिरामैत्री सिकाइ वातावरण नहुनु
- शिक्षकको क्षमता विकासमा ध्यान कम पुग्नु
- पाठ्यक्रम तथा मूल्याङ्कन प्रणाली समावेशी प्रकृतिका नहनु
- विभेदरहित समावेशी वातावरण नहुनु
- उपयुक्त र पर्याप्त शैक्षिक सामग्री नहुनु र भएका सामग्री प्रयोग नहुनु
- बहिरा बालबालिकाहरू विविध कारणले नियमित नहुनु
- आवश्यकताअनुरूप साङ्केतिक भाषामा निर्देशन नहुनु
- कक्षाकोठाको बाह्य वातावरण व्यवस्थापन नहुनु
- बहिरा बालबालिकाप्रतिको बुझाई, सकारात्मक सोच र सहयोगमा कमी
- बहिराप्रति मर्यादित शब्दावली प्रयोग नहुनु
- वैयक्तिक शैक्षिक योजना निर्माण तथा कार्यान्वयन नगर्नु
- आवश्यक प्रविधिहरूको अभाव तथा भएका प्रविधिको प्रयोग नहुनु
- पर्याप्त समय, अभ्यास तथा छलफल नहुनु
- स्पष्ट निर्देशन (प्रष्ट बोली, प्रष्ट सङ्केत) नहुनु
- कक्षा शिक्षणको अभ्यास नहुनु
- नियमित सुधारात्मक मूल्याङ्कन नहुनु
- आवश्यक्ता अनुरूपका क्रियाकलापहरूको नियमित योजना निर्माण तथा कार्यान्वयन नगर्नु

**प्रारम्भिक तहमा बहिरा बालबालिकाहरूको पढाइका मुख्य समस्याहरू**

- बहिरा बालबालिकाहरूको पढाइ सिप विकासका लागि शिक्षकमा ज्ञान र सिपको कमी हुनु
- कक्षाकोठामा बहिरामैत्री शिक्षण सिकाइ तथा पठन/पढाइ सामग्रीको अपर्याप्तता हुनु
- पढाइ सिप सुधारका योजना तथा वैयक्तिक शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन नहुनु
- कक्षाकोठामा बहिरा विद्यार्थीहरूलाई पर्याप्त अभ्यास, थप समय तथा उपयुक्त विधि र प्रक्रियाको प्रयोगमा ध्यान नदिइनु
- विद्यार्थीहरूको पढाइको स्तर वा तह पहिचान नहुनु
- बहिरा विद्यार्थीहरूको शिक्षण क्रियाकलापमा समान सहभागिता नहुनु
- कक्षाकोठामा स्पष्ट तथा पर्याप्त निर्देशन र मातृभाषामा निर्देशनको कमी
- घरमा पढ्ने वातावरण नहुनु तथा अभिभावकहरूले पढाइमा सहयोग गर्न नसक्नु

बहिरा कक्षा वा विद्यालयका प्रमुख समस्याका रूपमा शिक्षक शिक्षालाई लिन सकिन्छ । पर्याप्त र सही सञ्चारको अभावमा विद्यार्थीले आवश्यक सन्देश पाउन नसक्नु नै सिकाइको पहिलो बाधक हो । शिक्षकहरूले साङ्केतिक भाषा नसिक्नु र प्रयोग गरेको भाषा स्तरीकृत नहुनु भाषासम्बन्धी समस्या हुन् । शिक्षकहरू विषयवस्तु र प्रविधिमा अद्यावधिक नहुनु अर्को समस्या हो। शिक्षकलाई बहिरामैत्री विषय शिक्षण विधिका तालिमहरू नहुनाले शिक्षण प्रभावकारी हुन सकेको छैन । सङ्घीयताको कार्यान्वयनपछि सबै स्थानीय तहको बुझाइमा एकरूपता नहुँदा पहिले प्राप्त भएका उपलब्धि पनि गुम्ने अवस्थामा पुगेको छ ।

कक्षाकोठामा दृश्य र डिजिटल सिकाइ सामग्रीको अभाव हुनु र भएका सामग्रीको सही प्रयोग गर्न नजान्नु अर्को सुधारको क्षेत्र हो ।

बहिरा बालकालिकाका शिक्षक वा अभिभावकले पढाइ सिप वृद्धि गर्न निम्न सिप विकास गर्नुपर्छ :

- स्तरीय साङ्केतिक भाषा वा सङ्केत गर्न पर्याप्त जान्ने
- दृश्यात्मक सामग्रीलाई प्राथमिकता दिने
- अक्षरपत्तीको प्रयोग गर्ने
- शब्दभण्डार बढाउने
- बहिरा बालबालिकाको शिक्षाप्रति सँधै सकारात्मक बन्ने
- सिकाइ वातावरणलाई अनुकूल बनाउने
- बोध क्षमताको परीक्षण गरिरहने

### ६.४. साङ्केतिक भाषा, वाणी भाषा र पढाइ सिपको विकास

बालबालिकामा बहिरापन विभिन्न समयमा हुन्छ । कुनै बालबालिका जन्मपूर्व नै बहिरापनको लक्षण लिएर जन्मेका हुन्छन् । कुनै बालक जन्मेर घर परिवारले बालबालिकालाई प्रयोग गर्ने सामान्य भाषा सिकेर बहिरा भएका हुन्छन् भने कुनै बालक विद्यालय प्रवेश गरेपछि बहिरा भएका हुन्छन् । भाषा सिकिसकेपछि बहिरो भएको बालकलाई भन्दा जन्मपूर्व बहिरा भएका बालकलाई सिकाउन कठिन हुने भएकाले सिकाइका रणनीति पनि फरक हुन्छन् । शिक्षकले पढाइ सिप सुधार गराउनु पूर्व बालबालिकाहरूको बहिरापनको इतिहास बुझ्नुपर्ने हुन्छ ।

**बहिरा बालबालिकाले सञ्चार गर्ने भाषा २ प्रकारका छन् :**

1. साङ्केतिक भाषाः आफू बसोबास गर्ने क्षेत्र वा समुदायमा बहिरा समुदायबिच हातहरू प्रयोग गरी सञ्चार गरिने सङ्केतहरू
2. वाणी भाषाः आफू बसोबास गर्ने क्षेत्र वा समुदायमा ओठको प्रयोग गरी सञ्चार गरिने भाषा । भाषा सिकेपछि बहिरा भएको बालकले वाणी भाषाको प्रयोग अधिक गर्न सक्छन् ।

बहिरा बालबालिकाले हातको प्रयोग गरी सङ्केत बनाएर सञ्चार गर्दछन् । त्यसैले बालबालिकालाई एउटा भाषा सिकाएर सिक्दै जाने क्रममा सञ्चारका अन्य उपाय पनि सिकाउनुपर्दछ ।धेरै अभिभावकहरूले साना बालबालिकाले आवाज सुन्छन् वा सुन्दैनन् यकिन गर्न नसक्नाले सुरुमा हाउभाउ वा सङ्केतले नै सञ्चार गर्न सुरु गर्छन् । बिस्तारै बालबालिका ठुलो हुँदै गएपछि उनीहरूलाई ओठको चालबाट बोल्न र पढ्न सिकाउनुपर्छ । बालबालिका हुर्कँदै जाने क्रममा बहिरोपना भएको पत्ता लागेपछि साङ्केतिक भाषा र ओठको चालबाट सञ्चार सिपको विकास गराई पढाउनुपर्दछ । शिक्षकले बहिराबालबालिकासँग सञ्चार गर्दा साङ्केतिक भाषासँग ओठको चालबाट वाणी भाषाको पनि प्रयोग गर्नुपर्छ र यो अभ्यास बालबालिकालाई पनि गराउनुपर्छ ।

पढाइ सिपको विकासका लागि सञ्चार सिपको जरुरत पर्दछ। बालबालिकाहरूको सञ्चार सिपमा विकास भए नभएको थाहा पाउन निम्न व्यवहार अवलोकन गर्नुपर्दछः

- बालबालिकाहरूले पहिले भन्दा बढी बुझ्न थालेका छन् ?
- उनीहरूले मुखको चाल र सङ्केत पहिलेभन्दा बढी गर्न थालेका छन् ?
- बालबालिकाहरू सञ्चार गर्न इच्छुक छन् वा निराश छन् ?
- सञ्चार हुन नसक्नाका कारण पटक पटक रिसाउने गरेका छन् ?
- सञ्चारमा सुधार आएको छ वा पहिले जस्तै छ ?
- सबै बालबालिकालाई दिएको सूचनाबमोजिम काम गर्न सकेका छन् वा छैनन् ?


**बहिरा बालबालिकाका लागि सिकाइका स्रोतहरू**

(1) समुदायभित्रका बहिरा बालबालिकाहरू वा उनीहरूको क्लब वा साङ्केतिक भाषा सिकाउने व्यक्ति
(2) समुदायमा आधारीत पुनर्स्थापना कार्यक्रम वा आमाबाबु समूह र अन्य सङ्घसंस्थाहरू
(3) बहिरा विद्यालय
(4) बहिराका सफलताका कथाहरू भएको पुस्तक वा भिडियोहरू
(5) घरपरिवारका सदस्यहरू, स्याहारकर्ताहरू र साथीहरू

कान नसुनेका कारण घरपरिवारका सदस्यमा निराशा आएमा बालबालिकाको विकास राम्रो हुन्न । यसले पढाइ क्षमतालाई पनि प्रभावित तुल्याउँछ । परिवाले आफ्ना बालबालिकाको पढाइ सिप विकासका लागि घरमा सञ्चका अतिरिक्त सचित्र पुस्तकहरू उपलब्ध गराइदिनुपर्छ ।

**बहिरा बालबालिकाका सिकाइमा कठिनाइहरू**

धेरै ठाउँमा गरिएका अनुसन्धानबाट के पत्ता लागेको छ भने सुनाइ क्षमता भएका बालबालिकाको दाँजोमा बहिरा बालबालिकका शैक्षिक उपलव्धि कमजोर हुन्छ । यसको प्रमुख कारण भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये पहिलो सिपको अनुपस्थित हुनु हो । स्मरणका लागि तल चित्रमा देखाएझैं पढाइ, देखाइ, सुनाइ, हेर्दै सुन्दै, सहकार्य र कार्य गरी छ ओटा कार्यको आवश्यकता पर्दछ । बहिरा बालबालिकाका सन्दर्भमा सुनाइ र हेर्दै सुन्दैको आधा कार्य सुन्दै पक्षको पूर्ण रूपमा अनुपस्थिति रहन्छ । अर्थपूर्ण सिकाइमा मात्र प्रभावकारी स्मरण रहन्छ ।




**Chi, M. T. H., Bassok, M., Lewis, M. W., Reimann, P., & Glaser, R. (1989). Self-explanations: How students study and use examples in learning to solve problems. *Cognitive Science, 13*, 145-182.**

सिकाइमा कठिनाइ हुनु र सिकाइ असक्षमता रहनु फरक कुरा हुन् । सबै बहिरा बालबालिकामा सिकाइ असक्षमता हुँदैन । शिक्षक र सरोकारवालाले के बुझ्न जरुरी छ भने बहिरा बालबालिकाको खाँचो र सबल पक्षलाई पहिचान र समायोजन गर्दै उचित सामग्रीको प्रयोगका साथ उपयुक्त विधिबाट सिकाइयो भने उनीहरूले पनि सजिलै सिक्न सक्छन् । बहिरा बालबालिकाको सिकाइ छिटो र ढिलो हुनुमा उसको परिवारले प्रयोग गर्ने भाषा र विद्यालयमा प्रयोग हुने भाषामा फरक पर्न जाँदा हुन्छ । प्राय घरपरिवारमा औपचारिक साङ्केतिक भाषाको प्रयोग हुँदैन । विद्यालयमा साझा भाषा र अन्तर्राष्ट्रिय भाषाको सिकाइ ओपचारिक साङ्केतिक भाषाको माध्यमबाट हुने भएकाले सिकाइलाई कठिन बनाउँदछ । त्यस्तै गरी समान उमेर समूहका सुन्न सक्ने बालबालिकाको सिकाइसँग तुलना गर्ने हो भने बहिरा बालबालिकाको सिकाइ ढिलो भएको पाइनुको अर्को कारण सिकेका विषयको अनुभवमा घटबढ हुनु हो । जति धेरै अनुभव भयो उति नै बढी सिकाइ हुन्छ । जन्मपूर्व नै श्रवण शक्ति गुमाएका बालबालिकाले भन्दा एकपटक भाषा सिकार श्रवण शक्ति गुमाएका बालबालिकाले छिटो सिक्न सक्छन् । महत्त्वपूर्ण कुरा के हो भने सबै बहिरा बालबालिकाले सिक्न सक्छन् । यसका लागि पूर्ण सञ्चार विधिको प्रयोगमा पर्याप्त सिकाइ सामग्रीको उपयोग गरिनुपर्ने हुन्छ ।

अध्ययन र अनुभवले के देखाएको छ भने बहिरा बालबालिका लगि पढाइ एक चुनौतीको विषय भएको छ । कतिपय बहिरा बालबालिकामा पढाइसँग सम्बन्धित समस्या (Dyslexia) पनि हुन सक्छ तर नेपालमा यस्ता समस्याको पहिचान पद्धति नभएकाले के कारण पढाइमा समस्या उत्पन्न भएको हो यकिन गर्न कठिन छ । पढाइ मूलतः बोलाइ भाषामा आधारित छ, जुन बहिरा बालबालिकाका लागि सम्भव छैन । त्यसैले बहिरा बालबालिकाका लागि सङ्केत चित्र र अभिनय नै विसङ्केतन र बोधका प्रमुख माध्यम हुन्छन् । त्यसैले शिक्षक र घरपरिवारले बनाइदिएको वातावरणमा बहिरा बालबालिकाको पढाइ सिप निर्भर हुने भएकाले उनीहरूलाई दृश्य सामग्री र मुखाकृतिका साथ क्रियाशील बनाइनुपर्दछ । अनुसन्धानले बताएको छ कि बहिरा बालबालिकाको पढाइ सिपको विकासका लागि अन्य सहपाठीले कसरी सिक्छन् त्यही तरिका मात्र पर्याप्त हुन सक्दैन बरु व्यक्तिगत आवश्यकताबमोजिमको सहयोग (tailored support) को जरुरत पर्दछ ।

## ६.५. प्रारम्भिक तहमा बालबालिकाहरूको पढाइ सिप सुधार रणनीति

### रणनीति र क्रियाकलाप परिचय

नेपालमा प्रारम्भिक तहमा अध्ययन गर्ने बालबालिकाहरूले आफ्नो तहअनुसार पढ्न नसकेको धेरै अध्ययनहरूले देखाएका छन्। यसरी बालबालिकाहरूको सुरुआती कक्षाहरूमा नै पढ्ने सिपको विकास भएन भने उनीहरूले अरू विषयहरू पनि पढ्न र बुझ्न सक्दैनन्, फलस्वरूप उनीहरूको सिकाइको स्तर निकै तल झर्न सक्छ। अझ सामान्य विद्यार्थीहरूको भन्दा अपाङ्गता भएका बालबालिकाहरूको पढाइको अवस्था झनै नाजुक छ । यसैकारण प्रारम्भिक तहमा बहिरा बालबालिकाहरूको लागि विशेष सिकाइ रणनीति, सिकाइ क्रियाकलापहरू, उपयुक्त विधि र सामग्रीहरूको बारेमा जानकारी हासिल गर्नु जरुरी हुन्छ।

रणनीति उद्देश्य प्राप्तिको बृहत् अवधारणा वा पद्धति हो। यसले आवश्यक क्रियाकलापहरू तय गर्न र उचित विधि तथा प्रक्रियाहरू अपनाउन मद्दत गर्दछ। कुनै कार्य कार्य गर्न र कार्य गर्दा आउन सक्ने चुनौती र तिनको समाधानका उपायहरू अपनाउन समेत रणनीतिले सहयोग गर्दछ। रणनीति तत्कालीन वा दीर्घकालीन दुबै खालका हुन सक्दछन्। प्रशिक्षणको दौरान अपनाइने रणनीतिहरूमध्ये "प्रत्यक्ष प्रशिक्षण, अप्रत्यक्ष प्रशिक्षण, प्रयोगात्मक, स्वतन्त्र खोजमूलक (डिस्कभरी) र अनुभवजन्य आदि हुन सक्छन्। त्यसबाहेक प्रत्यक्ष निर्देशन, व्यक्तिगत सिकाइ रणनीति, क्रमबद्ध, सँगसँगै, संरचित (Structured) बहुसंवेदी पद्धति (Multi-Senosry) आदि पनि हुन्छन्। शिक्षणमा यिनै रणनीतिलाई सुहाउँदो विधिहरू छनौट गरिन्छ। प्रारम्भिक तहमा पढाइ सिप विकासमा भने क्रमिक सिकाइ पद्धति (Gradual Release Model) लाई रणनीतिको रूपमा अवलम्बन गरिन्छ, जसमा म गर्छु —हामी गरौं — तिमी गर भन्ने क्रमलाई अनुसरण गरिन्छ।

क्रियाकलापहरू रणनीतिअन्तर्गत गरिने कार्यहरू हुन्। यी ससानादेखि बृहत् हुन सक्छन् भने तत्काल, निरन्तर वा केही समयावधिपश्चात् गरिने क्रियाकलापहरू हुन सक्दछन्। कुनै एक रणनीतिमा रहेर एकभन्दा धेरै कार्य वा क्रियाकलापहरू गर्नुपर्ने हुन सक्छ। सिकाइ क्रियाकलापहरूको योजना बनाउँदा सिकाइलाई ससाना चरणमा विभाजन गर्न सकिन्छ । लिखित र मौखिक निर्देशन प्रयोग गर्न सकिन्छ ।नियमित रूपमा सिकाइको जाँच र पृष्ठपोषण दिन सकिन्छ । बालबालिकाहरूले शब्दमा भनेका उत्तरहरूलाई डायग्राम, ग्राफिक्स वा चित्रहरूको प्रयोग गरी थप प्रष्ट पार्न सकिन्छ ।प्रशस्त उदाहरणहरू प्रयोग र नमुना प्रदर्शन गर्न सकिन्छ । स्वतन्त्र अभ्यासको लागि प्रशस्त समय दिन सकिन्छ । प्रश्नोत्तरमार्फत अभ्यास गराउन सकिन्छ । जस्तै यो क्रियाकलाप कस्तो लाग्यो?, कुन बढी राम्रो लाग्यो?, किन राम्रो लाग्यो?, कहाँ प्रयोग गर्न सक्छौ? आदि।

सुनाइसम्बन्धी कठिनाइ वा सुस्तश्रवणका कारण सिकाइमा कठिनाइ भएका बालबालिकाहरूका लागि पढाइ सिप विकासका लागि विद्यार्थीले स्पष्ट रूपमा सुन्न सक्ने आवाजमा सिकाउनुपर्ने हुन्छ। त्यसै गरी उचित पढाइ सामग्रीहरूको प्रयोगसहित उपयुक्त रणनीतिसहितका क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ। उदाहरण स्वरूप केही रणनीति तथा क्रियाकलापहरू तल दिइएका छन् :

**सामान्य रणनीति र क्रियाकलापहरू**

| रणनीति (तरिका) | क्रियाकलाप |
|---|---|
| • कक्षाकोठा व्यवस्थापन | • सहज पहुँचयुक्त कक्षाकोठा र सामग्रीहरूको व्यवस्था गर्ने<br>• व्यवस्थित र उचित तथा मैत्रीपूर्ण बसाई, सहजै घुमफिर गर्न मिल्ने, सहज रूपमा देख्न सकिने वा उज्यालो कोठाको व्यवस्था गर्ने<br>• उचित भाषा तथा शब्दावली प्रयोग, दण्ड तथा विभेदरहित वातावरण आदिको व्यवस्था गर्ने |
| • आवश्यकता केन्द्रित सहजीकरण विधि तथा सामग्री | • बहु विधियुक्त क्रियाकलाप (प्रवचन, प्रदर्शन, खेल, गीत, नाचगान, छलफल, भूमिका प्रदर्शन, दोहोर्याएर सिकाउने, बोलेर वा लेखेर वा सङ्केत गरेर सिक्ने सिकाउने, "म गर्छु -हामी गरौं - तिमी गर" प्रक्रिया आदि)<br>• आवश्यकतामा आधारित तथा सिकाइ केन्द्रित सामग्रीको प्रयोग (उचित फन्ट वा दुरी, आकार, चित्र, रङ, अक्षर, शब्द, अनुच्छेद, सन्दर्भ, भाषा, दृश्ययुक्त, चित्रात्मक, सङ्केतयुक्त, साङ्केतिक भाषायुक्त, ठोस वस्तु, वास्तविक वस्तु वा सामग्री आदि) |
| • वैयक्तिक शैक्षणिक योजना तथा दैनिक पाठ योजना | • व्यक्तिगत अवस्था पहिचान (रूचि, कठिनाइ वा अवरोध, सबल पक्ष) गर्ने<br>• सुरुआती तथा नियमित रूपमा सिकाइ अवस्था मूल्याङ्कन र सोहीअनुरूप सहयोग गर्ने<br>• आवश्यकताअनुरूपको योजना निर्माण, कार्यान्वयन तथा नियमित अद्यावधिक गर्ने (क्रियाकलाप, विधि, सामग्री, जिम्मेवारीसहित) |

| | |
|---|---|
| | • बालबालिकाहरूको आवश्यकताअनुरूपका पढाइ तत्त्वमा आधारित दैनिक सिकाइ योजना तथा क्रियाकलाप गर्ने (भलाकुसारी, पुनरावलोकन, विषय परिचय तथा सिकाइ क्रियाकलापसँगै पर्याप्त अन्तरक्रिया र अभ्यास, मूल्याङ्कन) |
| • पर्याप्त निर्देशन तथा मातृभाषामा निर्देशन | • बढीभन्दा बढी अन्तरक्रिया, छलफल, प्रष्ट र पटक पटक लिखित, मौखिक तथा साङ्केतिक निर्देशन दिने; यथार्थ र व्याख्यात्मक जानकारी, वर्णन, पहिलो भाषामा पर्याप्त छलफल र निर्देशन् दिने; वस्तु वा चित्र वा सङ्केत सहित छलफल गर्ने; आदि |
| • पर्याप्त समय र अभ्यास | • अभ्यासको पर्याप्त समय व्यवस्थापन गर्ने<br>• विश्राम सहित दोहोर्याई दोहोर्याई पर्याप्त सिकाइ क्रियाकलाप र अभ्यास गराउने<br>• व्यक्तिगत, सामूहिक, जोडीमा पर्याप्त पठन तथा सिकाइ कार्यको अभ्यास गराउने<br>• हाउभाउ, सङ्केत तथा आवाजसहितका पर्याप्त अभ्यास गराउने<br>• शैक्षणिक क्रियाकलापपश्चात तत्कालै सहयोग गर्ने, मूल्याङ्कन गर्ने, थप क्रियाकलाप विस्तार गर्ने र तुरुन्त प्रतिक्रिया जनाउने (Prompt Evaluate Expand and Response (PEER approach) अभ्यास गर्ने<br>• मुख्य शब्द प्रयोगमार्फत सिकाइ (Key word approach) क्रियाकलापसहितका अभ्यास गराउने<br>• क्रमिक सिकाइ सिद्धान्त (Gradual Release Model-I do, we do, you do) अनुरूपका क्रियाकलापहरू अभ्यास गराउने<br>• पर्याप्त पठन क्रियाकलापहरू गराउने (नमुना पढाइ, सस्वर पढाइ, साझा पढाइ, जोडीमा पढाइ, निर्देशित पढाइ तथा स्वतन्त्र पढाइ जस्ता पर्याप्त क्रियाकलाप र अभ्यास) आदि |
| • मूल्याङ्कन विधि | • बहु विधियुक्त मूल्याङ्कन गर्ने (मौखिक, लिखित, साङ्केतिक, प्रदर्शन, खेल, छलफल, प्रश्नोत्तर, भूमिका प्रदर्शन, पहिचान, वर्णन, अनुमान, अवलोकन, कार्य गराइ, सहभागिता आदिमा आधारित नियमित सुधारात्मक मूल्याङ्कन आदि) |

## पूर्व सिकाइ तथा पढाइ सिप सुधारका क्रियाकलाप, विधि र सामग्री

### पूर्व सिकाइ

पूर्व सिकाइ भनेको पढाइका सिप सिक्नु अघि सिक्नुपर्ने सिप तथा क्रियाकलापहरू गर्नु वा सिक्नु हो। पूर्व सिकाइ क्रियाकलाप बालबालिकाहरूको समग्र सिकाइसँग जोडिएको हुन्छ। पूर्व सिकाइ सुनिश्चितताका लागि विभिन्न क्रियाकलापहरू गर्न जरुरी हुन्छ। यस क्रियाकलापले बालबालिकाहरूको सिकाइ क्रियाकलाप सुरु गर्न मद्दत पुग्दछ।

**प्रक्रिया :** म गर्छु, हामी गरौं, तिमी गर (I do, We do, You do)

| क्रियाकलाप | विधि | सामग्री |
|---|---|---|
| **कक्षाकोठामा प्रयोग गर्ने सामग्री परिचय, क्रियाकलाप, सङ्केत, आकार, प्रकारबारे जानकारी, अत्यावश्यक सङ्केतहरू, सामान्य पूर्व लेखन तयारी**<br>• कक्षाकोठामा नियमित प्रयोगमा आउने (झोला, किताब, कापी, सिसाकलम, बोर्ड आदि) सामग्रीहरूको बारे पटक पटक प्रष्ट रूपमा जानकारी गराउने।<br>• किताबकापीको पाना फर्काउन, अभ्यास पुस्तिकामा कोर्न वा लेख्न झोला तथा सामग्रीहरूको प्रयोग र जतन गर्न, साथीसँग मिलेर बस्न, क्रियाकलापमा भाग लिन, शौचालय, धारा पानीको प्रयोग गर्न जस्ता कुराहरूबारे प्रयोग गर्दै देखाउँदै वा अवलोकन गराउँदै अभ्यास गर्न लगाउने र जानकारी गराउने।<br>• क्रियाकलाप (रातो, कालो, निलो, हरियो, पहेंलो आदि), सङ्केत (केटा, केटी, आगो, खोला, पानी, जङ्गल, खतराका चिह्नहरू, गाडी, कक्षा कोठा, शौचालय आदि) बारे पर्याप्त अभ्यास गर्दै सिकाउने।<br>• विभिन्न आकार प्रकार (ठुलो, सानो, लामो, छोटो, गोलो, धेरै, थोरै, होचो, अग्लो, मोटो, मसिनो, बाक्लो, दुब्लो, पातलो आदि) बारे सिकाउने र पर्याप्त अभ्यास गराउने। | नमुना प्रदर्शन, अवलोकन, दृश्यात्मक प्रवचन, प्रश्नोत्तर, छलफल, समूह कार्य, व्यक्तिगत कार्य, चित्र छलफल, प्रस्तुतीकरण, खेल, अभिनय | किताब, कापी, अभ्यास पुस्तिका, सिसाकलम, झोला, बोर्ड, मार्कर, क्रियाकलापहरू, अवलोकन तथा प्रयोग गरिने स्थान तथा सामग्रीहरू, विभिन्न आकार प्रकारका ठोस वस्तुहरू, चित्र वा सङ्केतका ठुलाठुला पोस्टरहरू |

| | | |
|---|---|---|
| • कलम समाउन, विभिन्न किसिमका आकारप्रकारका धर्काहरू कोर्न वा तान्न, क्रियाकलापहरू भर्न जस्ता अभ्यास पर्याप्त रूपमा गराउने। | | |

**लेख्य वर्ण सचेतीकरण (Grapho-phonemic Awaremenss)**

लेख्य वर्ण सचेतीकरण भनेको ध्वनिले प्रतिनिधित्व गर्ने वर्ण वा अक्षरको सङ्केतलाई चिनाउनु हो। यो वर्ण र ध्वनिको चिनारी वा तिनका सम्बन्धको ज्ञान हो। भाषाका ध्वनिहरू र ती ध्वनिहरूको प्रतिनिधित्व गर्ने सम्बन्धित भाषाका वर्णहरूको सम्बन्धको सिकाइ लेख्य वर्ण सचेतीकरण हो। यसले विभिन्न प्रकारका ध्वनिको प्रतिनिधित्व गर्ने वर्णको लेखाइको स्वरूप र क्रमप्रति विद्यार्थीलाई सचेत गराउँछ। लेख्य वर्ण सचेतीकरणअन्तर्गत मुद्रित सामग्रीको सचेतना, वर्णमाला सचेतना, विसङ्केतन र पढाइ अभ्यास जस्ता कुरा पर्छन्। ध्वनिलाई छापामा परिणत गरेर बालबालिकालाई अक्षर चिनारी गराइन्छ। अक्षर चिन्नु, जान्नु, पढ्नु र लेख्नु भाषा सिकाइका लागि अत्यन्त जरुरी हुन्छ।

**प्रक्रिया :** म गर्छु, हामी गरौं, तिमी गर (I do, We do, You do)

| क्रियाकलाप | विधि | सामग्री |
|---|---|---|
| **लेख्य वर्ण र ध्वनि सम्बन्ध पहिचान, लेख्य वर्ण चिनारी, विसङ्केतन, लेख्य वर्ण पहिचान, अक्षरमा मात्रा जोडाइ र उच्चारण, आधा अक्षरमा अर्को अक्षर जोडी गरिने उच्चारण आदि**<br>• अक्षर कार्ड देखाउँदै उक्त वर्णको उच्चारण गर्दै चिनारी गराउने।<br>• उक्त वर्ण देखाउँदै उच्चारणसँगै पटक पटक दोहोर्याउँदै अभ्यास गर्न लगाउने।<br>• वर्ण पहिचानका खेलहरूमार्फत पर्याप्त मात्रामा अभ्यास गराउने (जस्तै उक्त ध्वनिसहितको वर्णमा गोलो लगाउने, ताली बजाउने, वर्ण पत्ता लगाउने खेल आदि)।<br>• मात्रा चिनारी गर्नका लागि वर्णमा मात्रा लगाई पहिचान गराउने। झ्याले पत्ती, चित्र र शब्द कार्ड, छोटो कथा, कविता र गीत, अक्षर स्पन्जहरू प्रयोग गर्दै उच्चारणसहित मात्रा पहिचान गराउने र पर्याप्त अभ्यास गर्न लगाउने।<br>• आधा-अक्षर वर्ण चिनारी गर्नका लागि सग्ला वर्ण तथा परिचित शब्दहरूमा आधा अक्षर जोडेर पहिचान गराउने र पर्याप्त अभ्यास गर्न लगाउने।<br>• शिर विन्दु, चन्द्र विन्दु, र 'र' का विभिन्न स्वरूपहरू लाई सग्ला वर्ण तथा परिचित शब्दसँग जोड्दै र प्रयोग गर्दै पहिचान गराउने र पर्याप्त अभ्यास गर्न लगाउने। | नमुना प्रदर्शन, अवलोकन, दृश्यात्मक प्रवचन, प्रश्नोत्तर, छलफल, समूह कार्य, व्यक्तिगत कार्य, चित्र छलफल, प्रस्तुतिकरण, खेल, अभिनय | ठुला आकारका वर्ण कार्ड, चित्रसहितका शब्द कार्ड, आधा अक्षर र मात्रासहितका वर्ण कार्ड, शब्द कार्ड तथा चित्र कार्डहरू, चित्रात्मक कथा कविताहरू, पिनह्विल चार्ट, स्पन्ज अक्षर, अक्षर गोटी, विसङ्केतन तथा तहगत किताबहरू, बाह्रखरी चार्ट, अभ्यास पुस्तिका आदि |

**पठन प्रवाह (Fluency)**

पाठकले पढाइ सामग्री सरसर्ती, शुद्ध तरिकाले र हाउभाउसहित पढ्न सक्नु नै पठन प्रवाह हो। पठन प्रवाहको सम्बन्ध बोधसँग वा बुझाइसँग हुन्छ। बालबालिकाले पढेको कुरा बुझ्नका लागि उपयुक्त प्रवाहका साथ पढ्न सक्ने हुनुपर्छ। यो कुरा सस्वर पढाइ र मौन पढाइ दुवै सन्दर्भमा लागु हुन्छ। पठन वा पढाइ प्रवाहले तहअनुसार दिइएको पढाइ सामग्री शुद्धसँग पढ्ने सिपलाई बुझाउँछ। बालबालिकाले जति छिटो र सही तरिकाले पढ्न सक्छन्, त्यति नै धेरै उनीहरूमा बोध क्षमता विकास हुने कुरा अध्ययनहरूले देखाएका छन्।

**प्रक्रिया :** म गर्छु, हामी गरौं, तिमी गर (I do, We do, You do)

| क्रियाकलाप | विधि | सामग्री |
|---|---|---|
| **सस्वर नमुना पढाइ, सस्वर पढाइ, साझा पढाइ, समूह पढाइ तथा जोडी पढाइ र स्वतन्त्र पढाइ**<br>• चित्रात्मक पढाइ सामग्रीहरू प्रयोग गर्दै सही उच्चारणसहित सस्वर नमुना पढाइ गर्ने।<br>• आफूसँगै ती सामग्रीहरू दोहोऱ्याई दोहोऱ्याई पढ्न लगाउने।<br>• समूहमा, जोडीमा, एकल रूपमा ती सामग्रीहरू दोहोऱ्याई दोहोऱ्याई पढाइको अभ्यास गर्न लगाउने।<br>• विसङ्केतन तथा तहगत पढाइ सामग्रीहरू स्वतन्त्र रूपमा पढ्न पर्याप्त समय दिने र अभ्यास गर्न लगाउने। | नमुना प्रदर्शन, अवलोकन, दृश्यात्मक प्रवचन, प्रश्नोत्तर, छलफल, समूह कार्य, व्यक्तिगत कार्य, चित्र छलफल, प्रस्तुतीकरण, खेल, अभिनय | ठूलो आकारका शब्द तथा अनुच्छेद कार्ड, चित्रात्मक कथा र कविताहरू, तहगत तथा विसङ्केतन किताबहरू, नमुना पढाइको अडियो सामग्री आदि |

**शब्दभण्डार (Vocabulary)**

अक्षरहरूको सार्थक (अर्थपूर्ण) समूह नै शब्द हो। भाषा सिकाइ र अर्थबोधका हिसाबले शब्द न्यूनतम भाषिक एकाइ हो। शब्दको ज्ञान हुनु भनेको शब्दको सूची र तिनले दिने अर्थसँग परिचित भई वाक्यमा प्रयोग गर्न सक्नु हो। शब्दभण्डार शिक्षणलाई भाषा सिकाइको एक महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ। शब्दभण्डार भनेको कुनै भाषा प्रयोग गर्ने मानिसमा भएको त्यस्तो शब्दहरूको सङ्ग्रह हो, जुन सो व्यक्तिले सुन्न, बोल्न, पढ्न, लेख्न र सहजै प्रयोग गर्न सक्छ।

**प्रक्रिया :** म गर्छु, हामी गरौं, तिमी गर (I do, We do, You do)

| क्रियाकलाप | विधि | सामग्री |
|---|---|---|
| **तहगत शब्दार्थको अभ्यास (उच्चारण, हिज्जे, अर्थ, प्रयोग :**<br>**१. पहिलो श्रेणीका शब्दको अभ्यास** (बालबालिकाहरूले सुनिरहेको वा बोलिरहेको परिचित सरल शब्दहरू)<br>• परिचित शब्दहरू (सुनिरहेको, बोलिरहेको) को उच्चारण सँगसँगै अर्थको अभ्यास पर्याप्त गराउने। जस्तैः बाबा, आमा, पानी, घर आदि।<br>• परिचित शब्दहरूसँग जोड्दै सोही स्तरका अन्य शब्दार्थका लागि जोडी अभ्यास, समूहमा, तथा एकल अभ्यास पर्याप्त मात्रामा गराउने।<br>• अक्षर अक्षर जोडेर शब्द बनाउने खेल, अक्षरबाट शब्द बनाउने खेल, शब्द पत्ता लगाउने खेल, शब्दको अर्थ भन्ने खेल, शब्द शब्द जोडेर वाक्य बनाउने खेल मार्फतपर्याप्त अभ्यास गराउने।<br>**२. दोस्रो श्रेणीका शब्दको अभ्यास** (बालबालिकाहरूलाई थाहा भएको तर अर्थबोध नभएका शब्दहरू)<br>• अर्थ जानकारी नभएका शब्दहरूको उच्चारण सँगसँगै शब्दको अर्थबोधको अभ्यास पर्याप्त गराउने। जस्तैः विद्यालय, कक्षा, शिक्षक, चौतारा, खेल-मैदान, हिमाल, सडक, रेल आदि।<br>• बालबालिकाले अर्थबोध नभएको शब्दहरूसँग जोड्दै सोही स्तरका अन्य शब्दार्थका लागि जोडीमा, समूहमा, तथा एकल रूपमा उच्चारण र अर्थसहितको अभ्यास पर्याप्त मात्रामा गराउने।<br>• शब्दको अर्थ पत्ता लगाउने खेल वा अर्थ दिने शब्द बनाउने खेल, सग्ला र आधा अक्षर बाट शब्द बनाउने र अर्थ भन्ने खेल, शब्द भित्ता बनाउने र अर्थ भन्ने खेल, अन्तिम अक्षरबाट शब्द बनाउने र अर्थ भन्ने खेलमार्फत पर्याप्त अभ्यास गराउने। | नमुना प्रदर्शन, अवलोकन, दृश्यात्मक प्रवचन, प्रश्नोत्तर, छलफल, समूह कार्य, व्यक्तिगत कार्य, चित्र छलफल, प्रस्तुतीकरण, खेल, अभिनय | ठुला अकारका वर्ण पत्ती, गोटीहरू, चित्रात्मक शब्द कार्डहरू, सरल तथा जटिल शब्दहरू वा शब्दमाला, तहगत किताबहरू, कथा, कविताहरू, बालगीतहरू, बाह्रखरी चार्ट, शब्दार्थ पत्तीहरू, थाहा नभएका वा अर्थज्ञान नभएका शब्द र अर्थ कार्डहरू, प्राविधिक तथा पारिभाषिक शब्दहरूको शब्दमालाहरू, शब्दजालहरू आदि |

| | | |
|---|---|---|
| **३. तेस्रो श्रेणीका शब्दको अभ्यास** (खासखास क्षेत्रमा प्रयोग हुने प्राविधिक तथा पारिभाषिक शब्दहरू<br>● थाहा नभएको प्राविधिक तथा पारिभाषिक शब्दहरू जस्तैः प्रदेश, जिल्ला, कार्यालय, नीतिनियम, अदालत, चिकित्सक आदिको उच्चारण र अर्थको अभ्यास पर्याप्त गराउने।<br>● बालबालिकाले परिभाषित गर्नुपर्ने शब्दहरूसँग जोड्दै सोही स्तरका अन्य शब्दार्थका लागि जोडीमा, समूहमा, तथा एकल रूपमा अर्थसहितको अभ्यास पर्याप्त मात्रामा गराउने।<br>● शब्दको अर्थ पत्ता लगाउने खेल वा अर्थ दिने शब्द बनाउने खेल, सग्ला र आधा अक्षर बाट शब्द बनाउने र अर्थ भन्ने खेल, शब्द भित्ता बनाउने र अर्थ भन्ने खेल, अन्तिम अक्षरबाट शब्द बनाउने र अर्थ भन्ने खेलमार्फत पर्याप्त अभ्यास गराउने। | | |

**पठनबोध**

सामान्य अर्थमा बोध भनेको बुझाइ हो। देखेका कुरा र लेखिएका कुरा पढेर अर्थ लगाउन सक्नु नै बोध हो। देखेका कुरा पढेर बोध गर्नुलाई पठनबोध भनिन्छ। पढाइ बोधको प्रमुख अभिप्राय भनेको पढेर, हेरेर, बुझेर र पाएको ज्ञानलाई प्रयोग गरेर केही नयाँ कुरा प्राप्त गर्नु र अर्थ निकाल्नु हो। पठनबोधका लागि ससाना अनुच्छेद ससाना कथाहरू दिएर पढाइ अभ्यास गराउन सकिन्छ। साथै चित्रात्मक सामग्रीको पनि प्रयोग गर्न सकिन्छ। पढाइ अभ्यासको आधारमा प्रश्नोत्तर गर्ने, पूर्वानुमान गर्न लगाउने, पढेका कुराको अनुभव आदानप्रदान गर्न लगाउने आदि गराउन आवश्यक हुन्छ।

**प्रक्रिया :** म गर्छु, हामी गरौं, तिमी गर (I do, We do, You do)

| क्रियाकलाप | विधि | सामग्री |
|---|---|---|
| चित्रात्मक सामग्रीको अनुमान, वर्णन , सुनेका वा पढेका पाठहरूमा अनुमान, घटनाक्रम मिलान, छलफल तथा प्रश्नोत्तर, पूर्वानुमान, पढेका कुराहरूको अनुभव आदानप्रदान, सारांश निर्माण<br>● सुरुमा चित्र, पोस्टर वा पुस्तकमा रहेको चित्रात्मक सामग्रीहरू देखाउँदै यहाँ के छ, के भइरहेको छ वा के हुन सक्छ भनी पूर्वानुमानको अभ्यास गराउने।<br>● वरपरको वातावरण, ठाउँ, रङ, आकार, प्रकार जस्ता कुराहरू देखाउँदै अनुमान र वर्णन गर्न लगाउने अभ्यास पर्याप्त गराउने।<br>● ससाना तहगत अनुच्छेद वा कथाहरू बताउने र त्यसपछिको अवस्थाबारे अनुमान गर्न लगाउने र प्रश्नोत्तर गर्ने।<br>● ससाना तहगत अनुच्छेद वा कथाहरू पढ्न लगाउने र पढिसकेपछि प्रश्नोत्तरको अभ्यास बढीभन्दा बढी गराउने।<br>● कथा वा घटना दिएर उत्तर भन्ने खेल वा सही उत्तर पत्ता लगाउने वा लेख्न लगाउने खेल, शब्दको अर्थ भन्ने वा वाक्यमा प्रयोग गर्ने खेल आदि खेलाउने। | नमुना प्रदर्शन, अवलोकन, दृश्यात्मक प्रवचन, प्रश्नोत्तर, छलफल, समूह कार्य, व्यक्तिगत कार्य, चित्र छलफल, प्रस्तुतीकरण, खेल, अभिनय | ठुला आकारका, चित्रात्मक पोस्टर वा कार्डहरू, तहगत किताबहरू, कथा, कविताहरू, अनुच्छेद चार्ट, घटना विवरण, अडियो रेकर्डहरू आदि |

**लेखाइ**

लेख्य सङ्केतद्वारा विषयवस्तुलाई प्रस्तुत गर्नु लेखाइ हो। लेखनपूर्व गरिने अभ्यास विभिन्न आकृतिसहितका धर्काहरू निर्माणबाट सुरु गरिन्छ। त्यसपछि वर्ण, मात्रा, शब्द, वाक्य र अनुच्छेदलगायत तहअनुसार विभिन्न लेखनसँग सम्बन्धित क्रियाकलाप वा पक्षहरूको अभ्यास गरिन्छ। लेखाइ र पढाइ एकआपसमा सम्बन्धित हुन्छन्। लेख्य वर्ण सचेतीकरणमा भाषा सङ्केत र उच्चार्य ध्वनिको सम्बन्धलाई प्रस्तुत गरिन्छ भने लेखाइमा अनुलेखन, चित्र वर्णन, सदृश्यलेखन तथा स्वतन्त्र लेखनका रूपमा क्रियाकलाप गराइन्छ। कक्षा १ मा भर्ना भइसकेपछि कक्षा ३ सम्म पुग्दा कलम समाउन सिक्ने, थोप्ला जोड्ने, धर्का जोड्ने, अक्षर लेख्ने,

शब्द बनाउने, वाक्य लेख्ने, चित्रको व्याख्या गर्ने, पढेका पाठमा आधारित भई प्रश्नको उत्तर लेख्ने र स्तरअनुसारका सामान्य विषयमा स्वतन्त्र रूपमा लेख्नेसम्मको सिप विकास हुने अपेक्षा गरिएको हुन्छ।

**प्रक्रिया :** म गर्छु, हामी गरौं, तिमी गर (I do, We do, You do)

| क्रियाकलाप | विधि | सामग्री |
|---|---|---|
| **पूर्व लेखन, अक्षर, वर्ण मात्रा लेखन, अनुलेखन, सदृश्यलेखन, चित्रमा आधारित लेखन, वाक्य लेखाइ, बोधका आधारमा लेखाइ, सिर्जनात्मक लेखाइ**<br>• सुरुमा ठुला ठुला चित्रहरूमा रङ भर्ने, थोप्ला जोड्ने, धर्का कोर्ने, लेखाइका आधारभूत सङ्केतहरू कोर्न लगाउने अभ्यास पर्याप्त गराउने।<br>• ठुला आकारका थोप्ले वर्णहरू जोड्न लगाउने, उक्त थोप्ले वर्णमाथि कोर्न लगाउने, चित्र बनाउन लगाउने जस्ता अभ्यास पर्याप्त गर्न लगाउने।<br>• वर्ण वा अक्षर सार्ने अभ्यास, बोल्दै लेख्ने अभ्यास, सुनेर लेख्ने अभ्यास, एक जनाले भन्ने र अर्कोले लेख्ने अभ्यास आदि पर्याप्त गर्न लगाउने।<br>• शरीरका अङ्गले (औंला वा खुट्टा) हावामा लेख्ने खेल, ढाडमा लेख्ने खेल, मार्करले बोर्डमा लेख्ने खेल, उच्चारण गर्ने र लेख्ने खेल जस्ता खेलहरू खेलाउने।<br>• निर्देशित तथा स्वतन्त्र दुबै तरिकाले वर्ण, शब्द, वाक्य, अनुच्छेद लेखन कार्यको पर्याप्त अभ्यास गर्न लगाउने।<br>• प्रश्नोत्तर लेखन अभ्यास, लिखित रूपमा चित्र वर्णन गर्न लगाउने, जनावरहरूको नाम लेख्ने, पन्छीहरूको नाम लेख्ने, फलफूलहरूको नाम लेख्ने, घरपरिवारहरूको नाम लेख्ने जस्ता क्रियाकलाप पर्याप्त गर्न लगाउने।<br>• विद्यालय, वातावरण, जनावर, वस्तु स्थान आदिको लिखित वर्णनको पर्याप्त अभ्यास गर्न लगाउने। | नमुना प्रदर्शन, अवलोकन, दृश्यात्मक प्रवचन, प्रश्नोत्तर, छलफल, समूह कार्य, व्यक्तिगत कार्य, चित्र छलफल, प्रस्तुतीकरण, खेल, अभिनय | कलम, कापी, अभ्यास किताब, क्रियाकलापहरू, कलर-साइनपेनहरू, चित्रहरू, थोप्ले अक्षर तथा तस्बिरहरू, बोर्ड, मार्कर, ठोस वस्तुहरू आदि |

## दृश्य सामग्री प्रयोग गर्ने तरिका

- बोर्ड वा फ्लिप चार्टः बोर्डमा वा फ्लिपको प्रयोग गर्दा विद्यार्थीलाई चित्र वा अक्षर हेर्न लाग्ने समय दिनु पर्छ । अनि मात्र यसले के भन्न खोजेको हो, बताउनुपर्छ । ओष्ठपठन, हिज्जे र देखाइएको विषयवस्तुको पठन एकै समयमा गर्न मिल्दैन ।
- स्लाइडः स्लाइड प्रयोग गर्दा कोठालाई अँध्यारो बनाउने तर स्लाइड, प्रस्तुतकर्ता र साङ्केतिक भाषा दोभाषे भएकोपट्टि उज्यालो बनाउनुपर्छ ।
- भिडियोः भिडियो प्रदर्शन गर्दा प्रदर्शन भएको विषयवस्तुको सारांश अक्षरमा प्रस्तुत गर्नुपर्छ । साथै समय समयमा रोकिएर स्पष्ट पार्नुपर्छ ।

**कक्षा सजावटबाट शिक्षण सामग्री**

- कक्षाकोठामा पाठसँग सम्बन्धित चित्र, तस्विर, पोस्टर, नेपालको नक्सा, प्राकृतिक दृश्य तथा नेपालको झण्डासहित राष्ट्रिय पन्छी, जनावर, राष्ट्रिय स्तरका तस्विर, चित्रहरू झण्ड्याइएको हुनुपर्दछ ।
- सूचना प्रविधिका साधनहरू जस्तैः ल्यापटप, प्रोजेक्टर, खेल सामग्री, सांस्कृतिक विविधता झल्कने भिडियो, खेल अभ्यास, दैनिक व्यायाम, योग अभ्यासको चित्र र भिडियो हुनुपर्दछ ।

## बहिरा बालबालिकाको शिक्षणमा उपयोगी शिक्षण विधि

कक्षाकोठामा बहिरा बालबालिका छन् भने शिक्षकले शिक्षण विधिमा फेरबदल गर्नुपर्छ । साधारण कक्षाका अन्य विद्यार्थीहरूले शिक्षकको निर्देशन सजिलै सुनेर पालना गर्ने हुन्छन् भने बहिरा बालबालिकाका लागि निर्देशन दिन र विषयवस्तु बुझाउन शिक्षकले थप मेहनत गर्नुपर्ने हुन्छ । कक्षाका अन्य विद्यार्थीलाई समेत सामग्रीको प्रयोगका साथ कक्षा शिक्षणमा परिचालन गर्नुपर्ने हुन्छ । बहिरा बिद्यार्थीको कक्षामा विषयवस्तुअनुसार देहायका विधिहरू अपनाउन सकिन्छ:

- वास्तविक वस्तुको प्रयोग र प्रदर्शन विधि
- चित्र वा पोस्टर प्रदर्शन विधि
- भिडियो प्रदर्शन विधि: visual aids
- वाचन पठन (Speech reading) विधि: विद्यार्थी बसाइ, सबैले सजिलै देख्न सक्ने अवस्था, एकै स्वरमा, स्पष्ट र आवश्यकतानुसार रोकिएर, एउटा सन्देश दिएपछि बुझ्न समय दिएर रोकिने, आवश्यकताअनुसार हाउभाउ गर्ने तर आवश्यकताभन्दा बढी धेरै मुख बिगारेर नगर्ने
- क्याप्सनिङ (Captioning) विधि: पाठको नाम, नयाँ विषयवस्तु, नयाँ शब्दभण्डार
- अक्षर, शब्द र वाक्यमा सङ्केतको प्रयोग विधि
- कथाकथन विधि
- छलफल विधि
- वातावरण अवलोकन विधि
- नाटक प्रदर्शन विधि
- प्रश्नोत्तर विधि

## बहिरा बालबालिकाको शिक्षणका विभिन्न उपागम

संसारका धेरै मुलुकमा बहिरा शिक्षणको लामो अनुभव छ । बहिरा बालबालिकालाई कुन विधिको प्रयोग गरी शिक्षण गर्दा वढी प्रभावकारी हुन्छ भन्ने सम्बन्धमा जानकारी राख्न धेरै अनुसन्धान समेत भएका छन् । संसारमा प्रयोगमा आएका तीन प्रमुख विधिहरू मौखिक प्रणाली (oralism), द्वैभाषिक प्रणाली (Bilingualism) र पूर्ण सञ्चार (total communication) हुन् । यी उपागमहरूको उत्पत्ति र प्रयोग विभिन्न कालखण्डमा भएका छन् । हरेक देशका आआफ्नै अभ्यास छन् । नेपालका विद्यालयमा कुन उपागमको प्रयोग उत्तम छ भनेर केही अनुसन्धान भएको छैन । विश्वका अन्य मुलुकको अभ्यास हेरेर यहाँको सरकारले कार्यक्रम ल्याएको छ । हाल यहाँ द्वैभाषिक प्रणाली वढी प्रचलित छ । तथापी अन्य उपागमको निशेष गरिएको चाहिँ होइन ।

- मौखिक प्रणाली (oralism): बहिरा बालबालिकालाई ओष्ठ पठन (lip reading), वाचन (speech), मुखाकृतिबाट गरिने अभिनय (mimicking) र वाचनका क्रममा श्वासप्रश्वासको ढाँचा (breathing pattern) जस्ता माध्यमको प्रयोगद्वारा सञ्चार गरी दिइने शिक्षा यस उपागमभित्र पर्दछ । पछिल्ला दिनमा मौखिक प्रणालीको विरुद्धमा हस्तवाद (manualism) (जस्तैः साङ्केतिक भाषा) प्रयोगमा आयो । यस पद्धतिको प्रयोगले बहिरा बालबालिकालाई सुन्ने बालबालिकासँग एकीकृत गरी सामाजिकीकरण गर्न मद्दत पुऱ्याउने अपेक्षा गरियो । मौखिक प्रणालीले साङ्केतिक भाषा, हाउभाउ र शरीरको चालको निषेध गर्दछ ।
- द्वैभाषिक प्रणाली (Bilingualism): यस शैक्षिक प्रणालीअनुसार सञ्चार गर्दा बहिरा बालबालिकाले बहिरा समुदायले प्रयोग गर्ने साङ्केतिक भाषा र अन्य सुन्ने समुदायले प्रयोग गर्ने लिखित वा मौखिक भाषाको साथसाथै प्रयोग गर्दछन् । यो पद्धति संसारका धेरै देशहरूमा प्रचलित छ । यस प्रणालीको मुख्य उद्देश्य बहिरा बालबालिकालाई भाषिक रूपमा सक्षम बनाउनु, बृहत् पाठ्यक्रममा उनीहरूको पहुँच पुऱ्याउनु, उच्च साक्षरता सिपको विकास गर्नु र बहिराको पहिचान कायम गरी सकारात्मक सोचको विकास गराउनु हो ।

- पूर्ण सञ्चार (total communication): बहिरा बालबालिकाहरूलाई सबै प्रकारका सञ्चारका उपायहरू जस्तै औपचारिक लेख्य वा बोल्य भाषा, औपचारिक साङ्केतिक भाषा, प्राकृतिक हाउभाउ, हातका औँलाको प्रयोग, शरीरको चाल, ओष्ठपठन र वाचन सबैको प्रयोगका माध्यमबाट शिक्षा दिइन्छ भने त्यसलाई पूर्ण सञ्चार भनिन्छ । यस उपागममा कुनै पनि विधि अति उत्तम र अति खराब भन्ने छैन तर यसको न कुनै स्रोत छ न कुनै विशेषता नै। आजकाल सञ्चारलाई अर्थपूर्ण बनाउने क्रममा विभिन्न क्षेत्रमा माथि उल्लिखित उपागमलाई संयुक्त रूपमा प्रयोग गर्ने चलनसमेत पाइन्छ ।

**पठन शिक्षणका क्षेत्रमा कम्प्युटर प्रविधि (Computer technplogy as an areas of reading instruction)**

शिक्षण सिकाइका क्षेत्रमा कम्प्युटर प्रविधिको बढ्दो प्रयोगले सिकाइलाई सहज बनाउँदै छ । शिक्षणका साधनहरू कम्प्युटर प्रविधिमा आधारीत बन्दै छन् । बहिरा विद्यार्थीका लागि कम्प्युटर प्रविधिमा आधारित शिक्षण वढी लाभदायक मानिएको छ । भाषिक विकास गर्न, शैक्षिक विषयवस्तुको शिक्षण सिकाइ गर्न वा कुनै सिप विकास गर्न यसको प्रयोग उपयोगी मानिएको छ । हाल यो शिक्षण विधिका रूपमा विकास भएको छ । शैक्षिक विषयवस्तु र शैक्षिक सामग्री समेत वेबमा आधारित हुँदै गएका छन् । त्यसैले बहिरा बालबालिकाका शिक्षकले कम्प्युटरमा आधारित शिक्षण गर्ने सिप र ज्ञानको विकास गर्न जरुरी भएको छ । बहिरा बालबालिकाको कक्षामा निम्न उद्देश्य प्राप्तिका लागि कम्प्युटरमा आधारित प्रविधिको प्रयोग गरिन्छ :

- साक्षरताको सिप विकास गर्न
- शैक्षिक सिप विकास गर्न
- भाषा र वाचन सिप विकास गर्न
- गणितीय सिप विकास गर्न
- विद्यार्थी उत्प्रेरणा बढाउन
- सञ्चार सिपको विकास गर्न
- साङ्केतिक भाषाको विकल्पमा वेबमा आधारित कार्यक्रमका माध्यमबाट सिक्न

## ६.६. पठनबोध रणनीति

### परिचय, बाधाहरू र पठनबोधका रणनीतिहरू

साक्षरताको विकासका क्रममा बहिरा बालबालिकाहरूले गरेका मेहनतको अधिकांश भाग पठनबोधमा जान्छ । सुन्न सक्ने बालबालिकाको दाँजोमा विभिन्न कारणले उनीहरू सिकाइ कार्यमा ढिलो प्रवेश गर्न पुग्छन् । यस्ता कारणहरूमा उनीहरूको भाषिक सिपको विकास नहुनु वा ढिलो हुनु, अभिभावकहरू (सुन्न सक्ने वा बहिरा दुवै अवस्थाका) सँग राम्रो सञ्चार नहुनु, शिक्षाप्रतिको अभिभावकको दृष्टिकोण र बालबालिकाको विद्यालयमा पहुँच आदि पर्दछन् । सिकाइ प्रक्रियाले बालविकासको गतिसँग तादात्म्यता राख्दछ । सिक्न सुरु गर्ने समय जति ढिला भयो उती थोरै उपलब्धि र बढी कठिनाइपूर्ण हुन्छ । पठनबोधको विकासको उद्देश्य शब्द पढ्नु मात्र नभई यसको अर्थ बुझ्नु हो । बहिरा बालबालिकाको पठन सिपलाई सहज र सम्भव बनाउनका लागि विषेश रणनीतिको अख्तियारी गर्नुपर्ने हुन्छ । बहिरा बालबालिकाको पठन क्षमता र साक्षरताको सिपको विकास गराउनु नै यस रणनीतिको मुख्य उद्देश्य हो । यस्ता रणनीतिहरू उनीहरूका शिक्षक र अभिभावकलाई उत्तिकै उपयोगी हुन्छन् ।

**पठनबोधका बाधाहरू**

बहिरा बालबालिकाको पढाइ सिपमा शब्दभण्डार (vocabulary) र ध्वनिविज्ञान (phonology) दुइ प्रमुख कठिनाइका स्रोतहरू छन्, जसले पठनबोधलाई कठिन बनाई दिन्छन् ।

- **शब्दप्रतिको बुझाइमा ज्ञानको अभाव (Insufficient development of metacognitive skills):** सिक्नका लागि सिकारुमा संज्ञानात्मक जागरणको जरुरत पर्दछ । नयाँ कुरा सिक्नका लागि सिकारुमा कुनै विषयवस्तु वा शब्दप्रतिको आफ्नै ज्ञान र बुझाइ हुनुपर्दछ । बहिरा बालबालिकाहरूमा अनुमान लगाएर आफैँले बुझ्ने सिप कमजोर हुनाका कारण पठनबोध कठिनाइपूर्ण हुन गएको हो ।
- **साङ्केतिक भाषा र व्याकरणबिचको बेमेलः** साङ्केतिक भाषाले व्याकरणका नियमहरूको पालना गर्दैन । त्यसैले उनीहरूका लागि छपाइको भाषाको पठनबोध कठिनाइपूर्ण हुन्छ ।
- **जटील पाठ्य विषयः** लुकेको भाव भएको (abstract), बहुअर्थी (multi-meaning) शब्द र आलङ्कारिक भाषाको प्रयोग हुँदा पठनबोध कमजोर हुन जान्छ ।

- **शब्दको ज्ञान नहुनु:** पाठमा प्रयोग भएको शब्द वा वाक्यांशको कुनै पनि ज्ञान नभएको अवस्थामा पठनबोध हुन सक्दैन ।


**आकस्मिक सिकाइ (Incidental learning):** धेरैजसो बहिरा बालबालिकाका अभिभावकले साङ्केतिक भाषामा सञ्चार गर्न सक्दैनन् । उनीहरूको सिकाइ सुन्न सक्ने बालबालिकाका दाँजोमा ज्यादै न्यून हुन्छ । त्यस्ता परिवारका बालबालिकाले वातावरणमा जे देख्दछन्, सोहीबाट सिक्ने गर्दछन् । सिकाइको स्रोत बाहिरी वातावरणअनुसार अरू मानिस बोलेको हेरेर, टेलिभिजन वा अन्य कुनै दृश्य सामग्री हेरेर जुन धारणा बनाउँदछन्, त्यो नै उनिहरूको सिकाइ हुन पुग्छ । यसरी स्वतस्फूर्त रूपमा हुने सिकाइलाई आकस्मिक सिकाइ भनिन्छ । तर आकस्मिक तरिकाबाट कहिल्यै पनि नयाँ शब्दको सिकाइ हुँदैन । यसका लागि बाह्य प्रयत्नको जरुरत पर्दछ ।

**द्वैभाषिक विद्यार्थी (Bilingual students):** द्वैभाषिकको अर्थ फरक फरक ढङ्गले गरिन्छ । दुई भाषाको अर्थ कुनै भाषा नसिकी बहिरा भएका बालबालिकाका लागि पहिलो भाषा साङ्केतिक भाषा र दोस्रो भाषा छापाको भाषा जुन पढ्ने क्रममा देखापर्दछ । धेरैजसो बहिरा बालबालिकाले यिनै दुई भाषाका माध्यमबाट सिक्ने भएकाले उनीहरूलाई द्वैभाषिक विद्यार्थी भनिएको हो । यसलाई द्वैसांस्कृतिक (bicultural) पनि भनिन्छ । द्वैभाषिक बालबालिकाको सिकाइमा अभिभावकको संलग्नता महत्त्वपूर्ण हुन्छ ।


**पठनबोध रणनीति**

बहिरा बालबालिकाको पढाइ सिपको विकासका लागि के के रणनीतिहरू हुन सक्छन् भनेर खोजी गर्न विभिन्न अध्ययनहरू भएका छन् । यस्ता रणनीतिहरू बहुआयामिक छन् । बहिरा बालबालिका शिक्षकहरूले परिस्थिति हेरेर एकभन्दा वढी रणनीतिको प्रयोग गरेका छन् भन्ने कुरा अध्ययनहरूले देखाएका छन्।

- सङ्केत र ध्वनि परिचय गराएर: मुखको चालबाट शब्दको सङ्केत गरी सञ्चार गर्ने विधि (Cued Speech), हातको चालबाट प्रयोग गरिने साङ्केतिक भाषा (sign language) र दृष्यात्मक ध्वनि सङ्केत (visual phonics) को संयुक्त प्रयोगले बहिरा बालबालिकामा पठन सिपमा सुधार गर्न सकिन्छ ।



Cued Speech




visual phonics

- चित्र, तालिका तथा आकृति भएका पठन सामग्रीको प्रयोगले पढाइलाई रोचक, सरल र आकर्षक बनाउँछ ।
- वेबमा आधारित सदृश्य सामग्रीको प्रयोग गरी अन्तर्क्रियात्मक पाठको प्रयोगबाट पढाइ सजिलो बनाउँछ ।
- रेखाङ्कित उदाहरणसहितको सरल पाठ पढ्न लगाउँदा पढाइ सिपको विकास गराउन सजिलो पर्छ ।
- पढ्न प्रयोग गरिने मल्टीमेडिया सफ्टवेयरको प्रयोग गरेर पठन सिपको विकास गराउन सकिन्छ ।
- छपाइका शब्द वा वाक्यमा चित्र र साङ्केतिक भाषाको प्रयोग गरेर सिकाउन सकिन्छ ।

Lisa M. Bickham ले सन् २०१५ बहिरा बालबालिकालाई पढाउने शिक्षक र विद्यार्थीसँग लिएको तथ्याङ्कका आधारमा बहिरा बालबालिकाको पठन सिपको विकास गर्न शिक्षकहरूले प्रयोग गर्ने गरेका बहु रणनीतिहरू यहाँ उल्लेख गरिन्छ:

- Close reading
- Story maps
- Venn diagram
- Summarizing
- Adding pictures to text
- Recording the story
- Guided reading
- Shared reading

- Pre-teaching vocabulary
- Build background knowledge
- Make text connections

**पठनबोधका लागि वातावरणीय रणनीति**

बहिरा कक्षाको शिक्षण एउटा अत्यन्तै प्राविधिक कार्य हो । शिक्षणमा कक्षा कोठाको भौतिक अवस्थाको समेत उतिकै महत्त्व हुन्छ । सिकाइ कार्य एक जना शिक्षकबाट मात्र सम्पन्न हुन सक्दैन । सिकाइका लागि विभिन्न सञ्चारका विधिमा शिक्षक निपुण हुनुपर्दछ ।

- बालबालिकालाई पुस्तक, शिक्षकको अनुहार र सङ्केत सबै सँगै हेर्न मिल्ने गरी बस्न लगाउने
- छपाइका साधनमा मात्र सीमित नभई चित्रमा समेत पहुँच पुऱ्याउने
- अभिनयात्मक ढङ्गले पढाउने,, थप व्याख्या गर्ने, मुखाकृतिको चाल प्रयोग गर्ने आँखाको चाल प्रदर्शन गर्ने विभिन्न अवस्थामा शरीरको चालको प्रयोग गर्ने
- सङ्केतको चाल घरी बालकमा घरी पुस्तकमा गर्ने
- विद्यार्थीले माग गरेमा पाठलाई धेरैपटक दोहोऱ्याउने
- पाठ पढिसकेपछि शिक्षक विद्यार्थी दुवैले सँगसँगै अभिनय गरी प्रस्तुति गर्ने
- सिकाइ प्रक्रियामा सबै प्रकारका सञ्चार भाषाको प्रयोग गर्ने
- प्रिन्टेड भाषाको सिकाइका लागि साङ्केतिक भाषा, Cued Speech, visual phonics को प्रयोग गर्ने
- छपाइको भाषामा भएको पाठलाई साङ्केतिक भाषामा उल्था गर्न लगाउने

**पठनबोध प्रभावकारी बनाउनका लागि अपनाइने थप रणनीति**

- पाठका विषयवस्तुलाई मल्टिमेडिया विधिबाट प्रस्तुत गर्ने यसका लागि Power point presentation र Interactive white board को प्रयोग उपयुक्त हुने
- शब्दभण्डारको विकासका लागि अर्थपूर्ण नक्सा, शब्द नक्सा, कक्षा छलफलको शब्दमा प्रस्तुति आदि जस्ता प्रभावकारी विधिको प्रयोग गर्ने
- दृश्य सामग्रीको प्रयोग गर्दा हेर्ने समय अलि धेरै दिने, त्यसपछि शिक्षकले सिकाउने अनि मात्र विद्यार्थीलाई भन्न दिने। बहिरा बालबालिकालाई सिकाइ प्रक्रियामा प्रयोग गरिने विधि एकपटकमा एउटा गरी प्रयोग गर्नु गर्ने
- पछिल्ला दिनमा पढाइ हुने विषयका शब्दावलीहरू पहिले नै सिकाउने । यसका लागि speech-language pathologist र स्रोत शिक्षकको सहयोग लिन सकिने । बहिरा बालबालिकाले नयाँ शब्द अकस्मात् नसिक्ने भएकाले योजनाबद्ध रूपमा पढाएर सिकाउनुपर्ने
- प्रशस्त भाषिक वातावरण उपलब्ध गराउने, जसले सिक्न र अभिव्यक्त गर्नका लागि अर्थपूर्ण अनुभव र अवसर उपलब्ध गराउने
- बहिरा विद्यार्थीलाई साथीसँग सिक्ने वातावरण
- हरेक दिनका मुख्य मुख्य कामको सूची अक्षरमा लेखी हेर्ने अवसर उपलब्ध गराउने
- शिक्षक र विद्यार्थीको अभिभावकसँग सम्बन्ध कायम गरिदिने
- कक्षामा सबै बहिरा बालबालिका स्तरीय साङ्केतिक भाषाको प्रयोग गर्न सक्ने पक्षलाई सुनिश्चित गर्ने र सँधै स्तरीय साङ्केतिक भाषाको मात्र प्रयोग गर्ने कुराको सुनिश्चित गर्ने
- विद्यार्थीलाई प्रश्न खडा गर्न लागाउने र त्यसको जवाफ प्राप्तिका लागि पढ्न लगाउने । यस कार्यले विद्यार्थीमा शब्द चिन्ने सिप, बोध क्षमता, विश्लेषण गर्ने सिप र अनुमान गर्ने सिपको विकास गराउने
- प्रदर्शन, चित्रहरू तथा सफ्टवेयर कार्यक्रम जस्ता दृश्य सामग्रीको माध्यमबाट ध्वनि सचेतीकरण गराउने
- भाषाका चार कुशलता सङ्केतका माध्यमबाट अभिव्यक्त गर्ने, हेरेर/देखेर सूचना/सञ्चार प्राप्त गर्ने, पढ्ने र लेख्ने कार्यलाई निरन्तरता दिने ।

  (Source: French, M. (1999). Starting with Assessment: A Developmental Approach to Deaf Children's Literacy. Pre-College National Mission Programs. Washington, DC: Gallaudet University.

### पठनबोधका लागि सिकाइ विधिमा परिवर्तन

धेरै अध्ययनले सुन्न सक्ने बालबालिकाको दाँजोमा बहिरा बालबालिकाको पठनबोधको तह कमजोर भेटिएका छन् । प्रारम्भिक कक्षा उमेर समूहका बहिरा बालबालिकाहरूको पठनबोध क्षमतामा सुधार ल्याउन हाम्रो प्रारम्भिक कक्षाहरूमा "reading to learn- सिक्नका लागि पढ्ने" भन्दा "learning to read – पढ्नका लागि सिक्ने" तर्फ हाम्रा क्रियाकलाप केन्द्रित गर्नुपर्दछ । "पढ्नका लागि सिक्ने" सिकाइ विधि कठिनाइमा प्रयोग गरिने एक फरक अवधारणा हो । यो विधि प्रारम्भिक कक्षाका सिकारु र पढाइ कठिनाइ भएका अन्य बालबालिकाका लागि समेत उपयोगी हुन्छ । "पढ्नका लागि सिक्ने" विधि शिक्षक र अभिभावकको चासोसँग बढी जोडिएको हुन्छ । त्यसैले यस विधिको प्रयोग गरी बालबालिकामा पठनबोध सिपको विकास गराउन शिक्षक र अभिभावक सिर्जनशील हुनुपर्दछ । "पढ्नका लागि सिक्ने" अवसर बढाउनका लागि पाठ्यपुस्तकका अतिरिक्त अन्य रोचक र सरल पठन सामग्री जुटाउनुपर्दछ । यी सामग्रीको प्रयोग कक्षा समयसीमाभित्र बाहिर आवश्यकताअनुसार प्रयोग गर्न सकिन्छ ।

### पाठ्य क्षेत्र पठन सिप (Content area reading skill)

पाठ्य क्षेत्र पठन सिप भनेको पठनबोध भई विषयवस्तुप्रतिको बुझाइ बनाउनु हो । "पाठ्य क्षेत्र पठन सिप" एउटा बृहत् साक्षरता सिप हो, जसको विकास कक्षाकोठाभित्र र बाहिर गराइन्छ । यसले बहिरा बालबालिकाको पठनबोधको अभावमा देखिएका उपलब्धिको खाडल पुर्दछ । पाठ्य क्षेत्र पठन सिपमा नियमित रूपमा पढाइ हुने विषयहरू गणित, विज्ञान र सामाजिकका अतिरिक्त विभिन्न पत्रपत्रिका तथा लेख रचानाका सूचनामूलक पाठ्य सामग्रीको पनि प्रयोग हुन्छ । बहिरा बालबालिकाको पठन सिप जति सक्दो सानो उमेर अर्थात् प्रारम्भिक कक्षाबाट सुरु गर्दा मात्र आशातीत सफलता प्राप्त गर्न सकिन्छ । पाठ्य क्षेत्र पठन सिपको विकास गर्न प्रयोग गरिएका पाठ्य सामग्रीबाट देहायका सिपहरू विकास हुन्छन् :

- **विषयसँग सम्बन्धित ज्ञानको विस्तार गर्ने वा पूर्व ज्ञानलाई क्रियाशील गराउने:** विषयवस्तुसँग सम्बन्धित पूर्व ज्ञानलाई छलफलबाट, अनुभव आदानप्रदानबाट र कुनै श्रव्य वा श्रव्यदृश्य सामग्रीको अवलोकनबाट ज्ञानको विस्तार र क्रियाशील गराउन सकिन्छ । यस्ता सिप विकास गराउनका लागि तिमीले सुनेका थियौ वा तिमीलाई सम्झना छ जस्ता प्रश्नबाट सुरु गर्न सकिन्छ । गलत बुझाइ बनेको रहेछ भने तत्काल सच्याइदिने गर्नुपर्छ । पढ्न लागेको पाठको सन्दर्भ बालबालिकाको परिचित वातावरणसँग जोडिदिने गर्नुपर्छ।
- **पाठका विशेषताहरूको पहिचान र प्रयोग गर्ने सिपः** पाठमा प्रयोग भएका, विशेष जोड दिनका लागि बनाइएका मोटा वा ठुला साइजका वा छड्के अक्षरहरू, शीर्षक वा उपशीर्षक, चित्र वा सङ्केत, क्याप्सन वा तालिका वा ग्राफ आदिको पहिचान गरी तिनको महत्त्व बुझ्ने गर्नुपर्छ। पाठमा महत्त्व दिन खोजेका शब्द वा सङ्केतले के कुरामा जोड दिन खोजेको भन्ने बारेमा सोध्ने गर्नुपर्छ ।
- **पाठको संरचना पहिचान गर्ने क्षमताः** पाठ्य क्षेत्र पठन सिपमा बालबालिकाले आफूले पढेको पाठको संरचना जस्तैः पाठ धारा प्रवाह बगेको छ छैन वा समस्या समाधानको ढाँचामा छ कि वा कारण र असरको ढाँचामा छ कि वा वर्णनात्मक छ कि वा तुलनात्मक वा भिन्नता छुट्याउने ढाँचामा छ पहिचान गर्ने क्षमता विकास गर्ने छन् । यस सिप विकास गर्नका लागि पाठको संरचनामा कुन कारण र कुन असर हो छुट्याउन लगाउने, दुई विषयवस्तुमा कुन कुन समानता र कुन भिन्नता हो छुट्याउन लगाउने गर्नुपर्छ ।
- **पाठमा प्रयोग भएका विशिष्ट शब्दहरू बुझ्ने सिपः** आफूले पढेका पाठ्यसामग्रीमा प्रयोग भएका मुख्य शब्दहरू, विषयगत शब्दहरू पहिचान गरी बुझ्ने सिपको विकास हुने छ । यसका लागि शब्दको अर्थ भन्न लगाउने, छलफल गराउने, बहुअर्थी शब्द भए अलग अलग अर्थ भनी दिने गर्नुपर्छ। पाठका सन्दर्भमा प्रयोग भएका यस्ता शब्दहरूको अर्थ छलफल गराई भनिदिने गर्नुपर्छ ।
- **अनुमान लगाउने सिपः** पाठ पढेपछि लेखकको धारणा बुझ्ने, अनुमान लगाउने र पूर्व सिकाइ समेतको आधारमा नयाँ विचार बनाउने सिपको विकास हुने छ । (स्रोतः अक्सफवर्ड युनिभर्सिटी जर्नल)

### पठनबोधका साधारण सिप

साक्षरताको साहित्यमा पठनबोध सिप विकास गर्नका लागि अनेकन उपायहरूको खोजी भएको पाइन्छ । पठन सिप विकासमा अभिभावक र शिक्षकले धेरै उपायहरूको खोजी गर्नुपर्दछ । यहाँ केही उपायहरू सङ्क्षेपमा उल्लेख गरिन्छ ।

विद्यार्थीलाई पढाइ जबरजस्ती ढङ्गले गर्ने कामका रूपमा बुझ्नबाट बचाउनुपर्छ । यसका लागि शिक्षक तथा अभिभावकले सूचनाको सँगालो थोपरेर पढाइप्रति विकर्षण पैदा गराउनेभन्दा रोचक सामग्री उपलब्ध गराएर क्रियाकलापबाट पढाइमा सिर्जनशील गराउनुपर्दछ । पढाइ सिपको विकास गर्नका लागि देहायका क्रियाकलाप सहयोगी हुन सक्छन् ।

- पाठको महत्त्वपूर्ण अंशलाई पहिचान गरी छुट्टै रङ्गले देखाउने वा वाक्यांशमुनि धर्का तान्न लगाउने । पाठको कुन बुँदा महत्त्वपूर्ण हो छुट्याउन लगाउने । त्यस पाठमा आफूलाई लागेका कठिन वा अश्पष्ट कुरा सोध्न एकापट्टि किनारामा प्रश्न टिप्न लगाउने ।
- पढेका विषयवस्तुलाई आफ्नो बुझाइअनुसार वैयक्तीकरण गर्ने पाठका वियवस्तुलाई आफ्नो जीवनसँग सामीप्य बनाई बुझेमा राम्रोसँग बोध हुन गई सिकाइ प्रभावकारी हुने। आफ्नो परिवेशसँग मिलेका विषयवस्तुसँग जोडेर पाठको एक छेउमा लेख्न लगाउने ताकी अर्कोपटक हेर्दा छिटो बुझ्न सकून् । यसरी आफ्नो परिवेशमा घटेका घटनासँग जोडेर पाठलाई लिन सक्यो भने सिकाइ सहज हुने
- समस्या समाधान गर्ने सिपको अभ्यास गर्ने दैनिक जीवनका समस्या समाधानका विधिलाई पाठ्यक्रमसँग जोडेर पढ्न लगाउँदा पढ्ने रुचि जाग्दछ र परिचित समाधानको प्रयोगले सिकाइ सहज गराई पुनः पढ्न मन लाग्दछ । कक्षालाई साना साना समूहमा विभाजन गरी समस्या समाधानका आफूले जानेका उपायहरू प्रयोग गरी पाठसँग सम्बन्धात समस्याको समाधान गराउन लगाउन सकिन्छ ।
- आफूले अनुभव, अनुमान, महसुस गरेका र सुनेका वा देखेका धेरैभन्दा धेरै सूचनाको प्रयोग गर्ने पढ्दै जाँदा नयाँ विषयवस्तु आउने क्रममा बालबालिकाले स्वयं अनुभव गरेका वा अनुमान गरेका वा महसुस गरेका वा देखेजानेका धेरैभन्दा धेरै सूचनाहरूसँग जोड्दै जान प्रेरित गर्ने जसले पढाइ अर्थपूर्ण गराउने । विद्यार्थीलाई पढ्दा पनि कलम वा सिसाकलम लिएर बस्न लगाउने र खाँचो परेको ठाउँमा चिनो लगाउन लगाउने । बहिरा बालबालिकाका लागि यस्ता निर्देशनहरू सेतोपाटीमा लेखेर वा प्रोजेक्टरको सहायताले दिन सकिने
- सबैको रुचिको कुनै साझा शीर्षक चयन गर्ने र उक्त शीर्षकमा नयाँ कुराको खोजी गराइरहने जसले विद्यार्थीलाई पढाइ कार्यमा लगाइरहन प्रेरित गर्ने । विद्यार्थीलाई उनीहरूले निकालेको निष्कर्ष भन्न लगाउनाले उक्त शीर्षकको ज्ञान प्राप्तिमा गहिराइमा पुऱ्याउने ।
- विद्यार्थीहरूलाई उनीहरूका पढाइका उद्देश्यहरू चयन गर्न लगाउने, जसले गर्दा उनीहरूमा पढाइका सिपहरूको विकास हुन गइ सोच्न सक्ने हुने
- लामा लामा पाठलाई साना साना टुक्रामा विभाजन गराई पढ्न लगाउँदा पढ्न र बुझ्न सजिलो महसुस हुने । यसले उनीहरूलाई सिङ्गो पाठप्रतिको आत्मविश्वास समेत जगाइदिने ।
- बालबालिकाका आआफ्नै प्रकारका सिकाइका स्वभाव हुन्छन्। एउटालाई सजिलो भएको विधि अर्कोलाई नहुन पनि सक्छ, त्यसैले पढ्न प्रेरित गर्दै जाँदा पाइएका नयाँ नयाँ उपाय उनीहरूको रुचिबमोजिम प्रयोग गराउन सकिने, जसले पढाइलाई प्रभावकारी बनाई सिकाइ सम्भव हुने ।
- पढाइ रणनीतिका बारेमा शिक्षक जति धेरै सक्रिय र धेरै उपायहरूको खोजी गर्यो उति नै विद्यार्थीले पढाइ सिपको विकास गर्ने मौका पाउने ।

# एकाइ ७ : एकीकृत पाठ्यक्रममा आधारित शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान

## ७.१. सूक्ष्म शिक्षणको अर्थ, विशेषता, प्रक्रिया र आवश्यक सिपहरू

सूक्ष्म शिक्षण शिक्षणको प्रविधिमा आएको एउटा नवीन अभ्यास हो। यो शिक्षण विधि मात्र नभई शिक्षकहरूको कार्यसम्पादनलाई अभ्यासमा ढालेर अध्यापन वा सहजीकरणमा पोख्त बनाउने एक तरिका वा उपागम पनि हो। सूक्ष्म शिक्षण आज विश्वभर लोकप्रिय छ । एक जना सिकारु शिक्षकले कुनै विषयको पाठलाई साना साना टुक्रामा विभाजन गरेर छोटो समयमा सहपाठी र सुपरिवेक्षकका साथमा शिक्षण सिपको प्रयोग र विकास गरिने क्रियाकलापलाई सूक्ष्म शिक्षण भनिन्छ । विषयवस्तु जान्ने व्यक्तिले अरूलाई पनि बुझ्ने गरी सिकाउनुपर्ने हुन्छ । यसका लागि शिक्षण सिपको जरुरत पर्दछ । पाठको छोटो उद्देश्यमा आधारित शिक्षण सिकाइ पूरा गर्नका लागि साना साना सिपहरूको प्रयोग गर्नुपर्ने हुन्छ । सबै शिक्षक एकैपटक सफल भएका हुँदैनन् । धेरैपटकको अभ्यासबाट मानिसमा निपुणता आउँछ । नयाँ शिक्षकले त झन पुराना तथा अनुभवी शिक्षकका सामु सूक्ष्म शिक्षणको अभ्यास गर्नै पर्छ । अवलोकनकर्ताबाट प्रशस्त सुझाव र पृष्ठपोषण पाइन्छ, जसको पालनाले प्रयोगकर्तालाई पारङ्गत बनाउन मद्दत गर्दछ । उद्देश्यमा आधारित हुँदै शिक्षण सिपको प्रयोग गरेर तोकिएको समयमा सिकारुलाई बुझाउन सक्ने बनाउनु सूक्ष्म शिक्षणको उद्देश्य हो ।

### सूक्ष्म शिक्षणको उद्देश्य र विशेषता

शिक्षकले निर्माण गरेको सूक्ष्म शिक्षणको योजना कस्तो बनेको छ; सो योजनाअनुसार प्रस्तुतीकरण भएको छ वा छैन; उद्देश्यहरूअनुसार विषयवस्तुको प्रस्तुत गरिएको छ वा छैन, योजनामा राखे अनुसारका विधि, सामग्रीहरूको प्रयोग भएको छ वा छैन; समयको पालना भएको छ वा छैन; बिच बिचमा समीक्षात्मक मूल्याङ्कन भएको छ वा छैन; अन्तिम मूल्याङ्कन भयो वा भएन जस्ता कुराहरूलगायत समग्र कार्यसम्पादनमा सुधार आयो वा आएन भनेर यकिन गर्नु नै सूक्ष्म शिक्षण सञ्चालनको उद्देश्य हो। यसबाट सहभागीको व्यवहार वा कार्यसम्पादनमा केही परिवर्तन आएको हुनुपर्छ ।

### सूक्ष्म शिक्षणका विशेषताहरू

- शिक्षणको अभ्यासको गर्ने गरिने
- छोटो अवधि र विद्यार्थी सङ्ख्या न्यून हुन सक्ने
- सहभागी रुचि र आवश्यकता वा सहजकर्ताको सल्लाहमा साना साना पाठ वा अंशलाई प्रस्तुतीकरणको लागि छनौट गरिने
- एकपटकमा एउटा मात्र सिपको विकास गर्ने योजना बनाइने
- तत्काल पृष्ठपोषण प्राप्त गरिने
- सूक्ष्म शिक्षण चक्रमा पुनः योजना, पुनः शिक्षण र पुनः मूल्याङ्कनको सुविधा हुने
- यो अभ्यासमा शिक्षकका गतिविधिलाई सूक्ष्म तवरले हेरिने
- सहभागीले प्रदर्शन गर्ने सबै पक्षहरूको सूक्ष्म तरिकाले अवलोकन गरिने र सुधार्ने मौका मिल्ने

### सूक्ष्म शिक्षणको प्रक्रिया र सिप

यस प्रक्रियामा सिकारु शिक्षकले एउटा नियन्त्रित परिस्थितिमा, कक्षाको सानो आकारमा, छोटो समयमा, एउटा मात्र शिक्षण सिपको प्रयोग गरी, सानो पाठमा आधारित भएर पहिले त सानो योजना निर्माण गर्दछन्, योजनालाई सहजकर्ता र सहकर्मीसँग छलफल गरी सुधार गर्ने काम गर्दछन् । त्यसपछि मात्र नमुना शिक्षण गर्दछन्।

सूक्ष्म शिक्षण एउटा चक्रीय क्रियाकलाप हो । यस प्रक्रियामा एउटा सिकारु शिक्षकले तोकिएको सिप प्रयोग गर्नमा पोख्त नहुन्जेल योजना बनाउँछ; शिक्षण सिपको प्रयोग गर्छ; सहजकर्ता वा साथीबाट पृष्ठपोषण प्राप्त गर्छ; पुन योजना बनाउँछ; पुनः प्रस्तुतीकरण गर्छ; पुनः पृष्ठपोषण प्राप्त गर्छ र सक्षमता हासिल नभएसम्म यो प्रक्रिया निरन्तर चलिरहन्छ ।

### ७.२. सूक्ष्म शिक्षण विधिमा विकास गरिने सिपहरू

- **परिचयात्मक सिप**
  - विद्यार्थीसँग सम्बन्ध कायम गर्ने
  - पूर्व अनुभवसँग सम्बन्ध जोड्ने
  - परिचयात्मक खण्डलाई सो दिनको मुख्य शीर्षक वा सिपसँग सम्बन्ध जोड्ने
  - उपयुक्त विधि र साधनको प्रयोग गरी सत्र सुरु गर्ने
- **प्रश्नद्वारा परीक्षण गर्ने सिप**
  - विद्यार्थीलाई समस्याका विविध पक्षका बारेमा गहिराइमा पुगी सोच्नका लागि प्रयोग गरिने प्रश्नहरू सोध्ने
  - खुला र बन्द प्रश्नहरूको सन्तुलन गर्दै प्रश्नहरू सोध्ने
  - महत्त्वपूर्ण प्रश्नको पुनः प्रयोग गर्ने
  - प्रश्नको माध्यमबाट विद्यार्थीलाई सोच्ने वातावरण बनाउने
  - विद्यार्थीलाई विषयवस्तु गहिराइसम्म पुग्ने र उत्तर दिन सक्ने बनाउने
  - प्रश्नहरू त्रासदीपूर्ण वातावरण सिर्जना गर्न नभई रमाइलो र सहभागितालाई उत्प्रेरित गराउने किसिमको हुनुपर्ने
  - कसरी, के र किन जस्ता प्रश्नको प्रयोगले तार्किक क्षमताको विकास गराउने
- **वर्णन गर्ने सिप**
  - प्रष्टसँग व्याख्या वा वर्णन गर्ने
  - वर्णन वा व्याख्या दिक्कलाग्दो हुन नहुने
  - केवल मौखिक वर्णन भन्दा दृश्यात्मक वर्णन प्रभावकारी हुने
- **उद्दिपक (Stimulus) मा प्रतिक्रिया (Response) जनाउने सिप**
  - शिक्षकको चाल, ईशारा, आवाजमा परिवर्तन र ध्यानाकर्षण
  - अन्तर्क्रियात्मक ढाँचामा परिवर्तन
  - ठिक समयमा रोकिने र सुरु गर्ने
  - विद्यार्थीको भौतिक सहभागितामा ध्यान दिने
- **सेतोपाटीमा लेख्ने सिप**
  - स्पष्टता, आकार, राम्रो लेखन, शुद्धता
  - मुख्य बुँदालाई महत्त्व दिनु
  - ठाउँको सदुपयोग
  - शिक्षकको अवस्थिति (बिचमा उभिने र छेकिने)
  - विद्यार्थीप्रतिको दृष्टि वा लेख्दा विद्यार्थीतर्फ नफर्कने
- **समीक्षा, सारांश र मूल्याङ्कनसहित कक्षा समापन गर्ने सिप**
  - प्रश्नोत्तर गरेर समापन गर्ने
  - पूर्व ज्ञान र हाल सिकेको ज्ञानका बिचमा सम्बन्ध स्थापना गर्ने
  - सिकेको ज्ञानको साराशं गर्ने
  - सहभागीको सिकाइ मूल्याङ्कन गर्ने

**सूक्ष्म शिक्षणको लागि योजनाको ढाँचा**

| | | | | | |
|---|---|---|---|---|---|
| विद्यालयको नामः ____________ ठेगानाः ____________<br>विषयः ____________ एकाइः ________ कक्षाः ________<br>पाठ शीर्षकः ____________ समयः __१५ मिनेट__ विद्यार्थी सङ्ख्याः _____ | | | | | |
| पाठको उद्देश्यः यस पाठको अन्तमा विद्यार्थीहरू निम्न समक्षता हासिल गर्न सक्ने छन्।<br>(1)<br>(2)<br>(3) | | | | | |
| **क्रं सं.** | **क्रियाकलाप** | **समय** | **विधि** | **सामग्री** | **कैफियत** |
| | परिचय खण्ड (पाठ शीर्षक र उद्देश्यबारे छलफल) | | | | |
| | मुख्य खण्ड | | | | |
| | समीक्षा, सारांश र मूल्याङ्कन | | | | |

# एकाइ ८ : कक्षाकोठा व्यवस्थापन

## ८.१. कक्षाकोठा व्यवस्थापनको अवधारणा, उद्देश्य र महत्त्व

कक्षाकोठा व्यवस्थापनलाई समय, स्रोत, साधन, क्षेत्रफल, विद्यार्थीको व्यवहार आदिका दृष्टिले उचित व्यवस्थापन गर्ने कार्यका रूपमा परिभाषित गर्ने गरिन्छ, जसले शिक्षण सिकाइ क्रियाकलापलाई, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र समावेशी बनाउन मद्दत गर्छ। कक्षाकोठाभित्रको शैक्षिक, भौतिक, मानवीय स्रोत, सामग्री व्यवस्थापन, कक्षाकोठामा पुस्तकालय व्यवस्थापन र प्रयोग, संवेगात्मक व्यवस्थापन, विद्यार्थीको बसाइ व्यवस्थापन, विविधता व्यवस्थापन (भाषा, क्षमता, समावेशिता, सामाजिक र आर्थिक अवस्था) लगायतका कार्यहरू कक्षाकोठा व्यवस्थापनभित्र पर्दछन्। कार्यगत सीमितता तथा अपाङ्गता भएका बालबालिकाहरूका लागि व्यवस्थित तथा हरेक तवरले सहज र पहुँचयुक्त कक्षाकोठा हुनु अपरिहार्य हुन्छ। साथै यस प्रकारका बालबालिकाहरूका लागि कक्षाकोठा व्यवस्थापन गर्दा विशेष ध्यान दिनुपर्दछ।

**कक्षाकोठा व्यवस्थापनको उद्देश्य**

- बहिरा बालबालिकाहरूको कक्षाकोठामा सहज पहुँच तथा सिकाइमैत्री वातावरण सिर्जना गर्नु
- बालबालिकाहरूलाई कक्षाकोठामा आवश्कता अनुरूपका सामग्रीहरूको व्यवस्थापन गर्नु
- विद्यार्थीको कक्षाकोठाभित्र हुने व्यवहारलाई सिकाइसँग आबद्ध गर्नु
- कक्षाकोठा व्यवस्थापनको माध्यमबाट शिक्षक विद्यार्थीबिच प्रभावकारी शिक्षण सिकाइ सम्बन्ध विकास गर्नु
- विद्यार्थीलाई सिकाइप्रति बढी जिम्मेवार बनाई आकर्षित गर्नु
- समय, स्रोत, साधन तथा क्षेत्रफलको व्यवस्थापनलाई सिकाइमैत्री बनाउनुका साथै बालबालिकामा रहेका गैर सिकाइमूलक व्यवहार वा अतिरिक्त क्रियाकलाप र अन्य मनोरञ्जनात्मक क्रियाकलापहरूको लागि व्यवस्थापन गर्नु
- सबै बालबालिकाहरूको पहुँच, समावेशी कक्षाकोठा र सिकाइका लागि समान अवसर प्रदान गर्नु
- बहिरामैत्रीपूर्ण र बालमैत्रीपूर्ण शिक्षण सिकाइ क्रियाकलापको सुनिश्चितता गर्नु
- योजना अनुरूपको कार्य, पर्याप्त सामग्रीहरूको प्रयोगको सुनिश्चितता गर्नु
- आवश्यक्ताअनुरूपको योजना निर्माण तथा कार्यान्वयनसँगै विविधताको (क्रियाकलाप, अवसर, बसाइ, भाषा, समय, शब्द प्रयोग, व्यवहार) सम्बोधन तथा आवश्यक्ता अनुरूपको व्यवस्थापन गर्नु
- बहिरा बालबालिकाहरूलाई सिक्नका लागि उत्प्रेरित गर्नु
- बहिरा तथा अपाङ्गता नभएका बालबालिकाहरूको समग्र सिकाइ सुधार गर्नु

## ८.२. बहिरामैत्री कक्षाकोठा व्यवस्थापन

सबै बालबालिकाहरूको सिकाइ सुनिश्चितताका लागि कक्षाकोठामा विविध पक्षहरूको व्यवस्थापन अपरिहार्य हुन्छ। विशेषगरी बहिरा बालबालिकाहरूको सिकाइ सुनिश्चित गर्न भौतिक, बसाइ, सामग्री, सन्दर्भ सामग्री, छापामय वातावरण जस्ता व्यवस्थापनका विविध पक्षहरूमा ध्यान दिनुपर्ने हुन्छ।

**(क) भौतिक व्यवस्थापनः** प्रकाशको स्रोतको पर्याप्तता, स्रोत साधनहरूको उपयुक्त प्रयोग, व्यवस्थापन तथा संरक्षणसँग सम्बन्धित प्रक्रिया भौतिक व्यवस्थापनसँग सम्बन्धित हुन्छ। यसअन्तर्गत बहिरामैत्री कक्षाकोठाको संरचना, ऱ्याम्प, कार्पेट, कुसन, डेस्क वा टेबल तथा बेन्च वा कुर्सीहरू, शैक्षणिक पाटी, झ्याल, ढोका, हावा र प्रकाशको प्रबन्ध, शैक्षणिक सामग्री, कम्प्युटर, प्रोजेक्टर, कक्षाकोठा सजावट, खानेपानी, कक्षाका नियम, जबचार्ट, सिकाइ र विषयगत कुना, विद्यार्थी सिर्जना आदि जस्ता कुराहरू पर्दछन्। यी कुराहरू व्यवस्थापन गर्दा कार्यगत सीमितता तथा अपाङ्गता भएका बालबालिकाहरूको आवश्यक्ता र सक्षमता लाई ध्यान दिनुपर्दछ।

**(ख) बसाइ व्यवस्थापनः** शिक्षक, विद्यार्थी, पाठ्यक्रम, अनुशासन, आचारसंहिता, वातावरण र नेतृत्व जस्ता कुराहरू कक्षाकोठासँग अन्तरसम्बन्धित पक्षहरू हुन्। यी सबै पक्षको उचित रूपमा अपाङ्गतामैत्री तरिकाले व्यवस्थापन गर्न सक्यो भने मात्र कक्षाकोठा व्यवस्थापनले सार्थकता पाउँछ। यसअन्तर्गत विद्यार्थीको बसाइ व्यवस्थापन र क्रियाकलाप, शैक्षणिक विधिको छनोटअनुरूप बसाई, समूह विभाजन, विद्यार्थी कार्य विभाजन, कक्षामा अनुशासन आदि पर्दछन्।

**(ग) शैक्षणिक सामग्रीको व्यवस्थापनः** विषयवस्तु अनुरूपका आवश्यक सामग्रीहरूको उपलब्धता तथा सहज पहुँचसहित व्यवस्थापन नै शैक्षणिक सामग्रीहरूको व्यवस्थापन हो। यसअन्तर्गत पर्याप्त सामग्रीहरू र प्रयोगका लागि समय निर्धारण,

पुस्तकहरूको प्रदर्शनी र दराजमा सुरक्षित रूपमा राख्ने जस्ता कार्यहरू पर्दछन्। शैक्षणिक सामग्रीहरू कक्षाकोठाको डिस्प्ले बोर्डमा राख्ने, कक्षाकोठाको भित्ताहरूमा विद्यार्थीले सहज रूपमा देख्न र प्रयोग गर्न सक्ने गरी व्यवस्थापन गर्ने, डोरीको सहायताले वरपर प्रदर्शन गर्ने समेत गर्न सकिन्छ।

**(घ) सन्दर्भ सामग्री वा बुक कर्नरको व्यवस्थाः** यसका लागि एक छुट्टै दराज र डिस्प्ले बोर्डको व्यवस्था गर्ने, बालबालिकाको आवश्यक्ता र सिकाइको स्तरअनुसार किताबको स्तरीकरण गरी विद्यार्थीले सहज रूपमा पहुँच हुने गरी व्यवस्थापन गर्ने, उज्यालो ठाउँ भएको कक्षाकोठाको कुनामा व्यवस्था गर्ने, नयाँ नयाँ सामग्रीको हकमा बुक डिस्प्ले दराजमा प्रदर्शन गरी विद्यार्थीको ध्यानाकर्षण गर्न सक्ने गरी व्यवस्थापन गर्ने गर्नुपर्छ। त्यसैगरी तह र पढाइ स्तर निर्धारण गरिएका विभिन्न विषयका किताबहरूको व्यवस्थापन गर्ने आदि पर्दछन्।

**(ङ) छापामय वातावरणः** छपामय वातावरणअन्तर्गत प्रदर्शन गरिएका छपाइसम्बन्धी सामग्रीहरू (अनुच्छेद, सन्देश, कथन, शब्द, वाक्य आदि), विभिन्न प्रकारका तस्बिरहरू (शिक्षक तथा विद्यार्थी निर्मित, बजारबाट खरिद भएका, अन्य निकायबाट सहयोग स्वरूप प्राप्त भएका), ग्राफ तथा अन्य चार्टहरू, बालपत्रिका तथा अन्य समाचार बुलेटिन, सचित्र पुस्तकहरू, अभ्यास पुस्तिकाहरू तथा अन्य छापा सामग्री, परियोजना कार्य र तिनका प्रतिवेदनहरू, पोस्टर, कार्य विवरण, कक्षाकोठा नियम, बालबालिका निर्मित किताब, शिक्षक निर्मित किताब, अन्य सन्दर्भ सामग्रीका रूपमा रहेका किताबहरूको व्यवस्थापनले छापामय वातावरण सिर्जना गर्दछ।

### ८.३. सिकाइ र व्यवस्थापन

कक्षाकोठा विद्यार्थीकेन्द्रित हुनुपर्छ। कक्षा शिक्षणमा संलग्न शिक्षक विद्यार्थीमैत्री, खुला हृदय भएको र आत्मीय हुनुपर्छ। कक्षाकोठाभित्र हुने शिक्षण सिकाइ क्रियाकलापहरू कक्षाकोठामा रहेका विद्यार्थीहरूको सिकाइ विविधतालाई ध्यानमा राखी सञ्चालन गरिनुपर्छ। शिक्षकले आफ्नो विद्यार्थीको चाहनाअनुसारको पाठ्यवस्तु तय गर्न सक्नुपर्छ। कक्षाकोठाभित्र समूहकार्य गर्न सक्ने क्षेत्रफल वा स्थान व्यवस्थापन गर्नुपर्छ। विद्यार्थीले सहज रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सरिक हुने वातावरण तयार गर्नुपर्छ। शैक्षणिक सामग्रीहरूको उचित व्यवस्थापन गर्नुपर्छ। यी सबै कार्यहरूको व्यवस्थापन गरी कक्षा शिक्षणलाई सहज, प्रक्रियामुखी तथा गुणस्तरीय बनाउने गरी गरिने कक्षाकोठाभित्रको मानवीय, शैक्षिक, प्राज्ञिक तथा भौतिक पक्षको व्यवस्थापन नै वास्तविक अर्थमा कक्षाकोठा व्यवस्थापन हो। शैक्षणिक क्रियाकलाप सञ्चालनका लागि बालबालिकालाई विभिन्न समूहमा विभाजन गर्न सकिन्छ। समूहमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने कार्यले शैक्षिक गुणस्तरमा सुधार गर्न मद्दत गर्छ। यस प्रकारको समूहमा आधारित शिक्षण सिकाइका लागि समूह बनाउदा सामान्यतया ठुलो समूह, सानो समूह, जोडी बनाउने अभ्यास रहेको छ।

यस्ता समूह कार्य सञ्चालन गर्दा अवलम्बन गर्नुपर्ने व्यवहारगत सिपहरू यस प्रकार छन्:

- विद्यार्थीले भनेका कुरालाई ध्यानपूर्वक सुन्ने
- स्पष्ट रूपमा विचार व्यक्त गर्ने
- समूह कार्यमा सक्रिय सहभागी हुन सबैलाई प्रोत्साहित गर्ने
- सक्रिय छलफल गर्न र तर्कपूर्ण विचार राख्न लगाउने
- सबै सहभागी सदस्यको विचार तथा भावनाको उच्च सम्मान तथा कदर गर्ने
- तोकिएको शीर्षकको सीमामा रहेर छलफल तथा विमर्श गर्ने
- समस्या केलाउने, समस्याका कारण खोजी गर्ने र समाधानका लागि विकल्पहरू खोजी गर्न सहयोग गर्ने
- समूह कार्यको नेतृत्व लिने वा लिनको लागि विद्यार्थीलाई प्रोत्साहित गर्ने
- सबै सदस्यको विचार तथा भावनाका लागि प्रश्न सोध्ने
- समूह कार्यको निष्कर्ष टिपोट गर्ने सामूहिक सहमतिमा निर्णय गर्ने

**बहिरामैत्री सिकाइ वातावरणका लागि कक्षा व्यवस्थापन**

बहिरामैत्री सिकाइ वातावरण तयार गर्दा ध्यान दिनुपर्ने पक्षहरू देहायअनुसार रहेका छन् :

- शिक्षकको भाषाशैली र प्रस्तुति
- सञ्चार व्यवस्था तथा शैक्षणिक विधि
- सहयोगात्मक सिकाइ वातावरण
- शैक्षणिक सामग्रीहरूको उपलब्धता र प्रयोग
- कक्षाको परिवेश
- विद्यार्थीको उमेर, रुचि, संवेग र सामाजिक अवस्थाको ख्याल
- विद्यार्थीको कार्य विभाजन वा समूह कार्य
- विद्यार्थीको सिकाइ तत्परता, उत्प्रेरणा र सक्रिय सहभागिता
- शिक्षकबाट उचित व्यवहार प्रदर्शन
- शिक्षक र विद्यार्थी सम्बन्ध
- विवाद वा तनाव व्यवस्थापन
- शिक्षणमा मनोविश्लेषणको उपयोग
- उदाहरणीय क्रियाकलापसहित सहजीकरण
- समय व्यवस्थापन
- शिक्षण सिकाइलाई व्यवस्थित गर्ने
- विविध सिकाइ क्षमताको प्रयोग
- मूल्याङ्कन र गृहकार्य

**सिकाइ क्षमताका आधारमा कक्षा व्यवस्थापन**

सिकाइ क्षमताका आधारमा कक्षा व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने पक्षहरू देहायअनुसार रहेका छन् :

- कक्षामा ढिलो सिक्ने क्षमता भएका, मध्यम क्षमता र तीव्र क्षमता भएका विद्यार्थीको तिन छुट्टाछुट्टै वा कहिलेकाहीं मिश्रित समूह बनाउने
- उच्च, मध्यम र कम क्षमता भएका समूहमा शिक्षण गर्दा विषयवस्तुको छनोटमा ध्यान दिने
- कम क्षमता भएका विद्यार्थीलाई एउटै समूहमा राखिरहँदा उनीहरूको उपलब्धि सदा नै कम हुने आशङ्का पनि हुने हुनाले यस किसिमको समूह निर्माण गर्दा शिक्षकले बढी सतर्कता अपनाउनुपर्ने
- भिन्न भिन्न समूहका लागि भिन्दाभिन्दै विषयवस्तु दिई छुट्टाछुट्टै क्रियाकलाप गराउने
- शिक्षकले सामूहिक रूपमा सहजकर्ताको भूमिका निर्वाह गर्ने र विद्यार्थीका प्रतिक्रिया बुझ्ने, उनीहरूका रुचि र क्षमताअनुसारका कक्षाकार्य, गृहकार्य र परियोजना कार्यमा सहभागी गराउने
- क्षमताअनुसारको भूमिका दिने र सोअनुसार सहजीकरण गर्ने गर्ने
- जान्ने विद्यार्थीबाट नजान्ने विद्यार्थीलाई सहयोग गर्ने वातावरण सिर्जना गर्ने गर्ने

## ८.४. शिक्षणमा विविधता व्यवस्थापन

**बालबालिकाको विविधीकरणको सम्बोधनः** एउटा कक्षामा अपाङ्गताका दृष्टिकोणले पूर्ण रूपमा बहिरा बालबालिकालाई शिक्षण सिकाइमा सहभागी गराइने भएता पनि एक बालक र अर्को बालकको स्वभावमा धेरै अन्तर रहेको पाइन्छ । एउटै उमेर समूहमा पनि बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकास फरक ढङ्गले भइरहेको हुन्छ भने उनीहरूको पालनपोषण र घरपरिवारले गर्ने व्यवहारले सिकाइ प्रक्रियालाई प्रभाव पारिरहेको हुन्छ । परिवारको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाअनुसार बालबालिका दिक्षित भइरहेका हुन्छन्। शिक्षकले यस्ता विभिन्नतालाई बुझेर सबैलाई सुहाउने शैक्षिक क्रियाकलापहरूको छनोट गर्नुपर्दछ । बालबालिकाहरूको आआफ्नै पढाइ र सिकाइका ढाँचा हुन्छन्, व्यक्तिपिच्छेका फरक ढाँचालाई लचकताका साथ लिनुपर्छ र सोहीबमोजिमका सिकाइ सामग्रीको प्रबन्ध गर्नुपर्ने हुन्छ । एउटा बालकको समग्रतालाई बुझेर मात्र शिक्षणका योजना बनाउनुपर्छ, जसले उपयुक्त सिकाइको उद्देश्य, शिक्षणको विधि, प्रयोग गरिने सामग्री र मूल्याङ्कनका साधनको चयन गर्न सहयोग पुग्छ ।

सामाजिक विविधताका रूपमा जातीय, भाषिक, सांस्कृतिक, लैङ्गिक विविधता पाइन्छ भने भौगोलिक तथा प्राकृतिक विविधताले पनि वर्गीय विविधता सिर्जना गरेको पाइन्छ। यस बाहेक क्षमतागत अर्थात् गरिब र धनी, सक्ने र नसक्ने, पहुँच भएका र नभएका, अपाङ्गता भएका, विशेष आवश्यकता भएका तथा असामान्य अवस्था रहेका गरी विभिन्न विविधताहरू हाम्रो समाजमा विद्यमान छन्। यस्तै सिकाइ र सिक्ने क्षमतागत विविधता पनि रहेको पाइन्छ। यस्तो विविधता भएको वर्ग, क्षेत्र र समाजबाट आउने बालबालिका पनि बहुविविधतायुक्त हुनु स्वाभाविकै हो। समग्रमा नेपाली समाजमा देखिने बालबालिकाका बहुविविधता व्यवस्थापनका सवाल यसप्रकार छन् :

- **लैङ्गिक विभेद :** छात्र र छात्राबिच हुने फरक व्यवहार
- **भाषिक विविधता :** शिक्षणको माध्यम, मातृभाषा, सरकारी कामकाजको भाषा र तिनको प्रयोगले सिकाइमा पर्ने प्रभाव एवम् पहिलो भाषा, दोस्रो भाषा र बहुभाषिक स्थिति
- **जातीय विविधता :** जातीयता, पछाडि पारिएका जाति, वर्ग, दलित, उचनीचको व्यवहार
- **जनजातिगत विविधता :** लोपोन्मुख, अल्पसङ्ख्यक, अति पछाडिएको वर्ग तथा सीमान्तकृत एवम् पछाडि पारिएको वर्ग समुदाय
- **सांस्कृतिक विविधता :** बहुसांस्कृतिक, फरक फरक मूल्य मान्यता, आस्था, विश्वास
- **भौगोलिक विविधता :** स्थान क्षेत्रगत विविधता, सुगम, दुर्गम र सेवा सुविधा उपलब्धताको अवस्था
- **अपाङ्गता विविधता :** अपाङ्गता, कार्यगत सीमितता
- **वर्गीय विविधता :** धनी गरिब, सक्ने नसक्ने, पहुँच पुग्ने नपुग्ने, टुहुरा, हेपिएका असहाय आदि
- **क्षमतागत विविधता :** जान्ने नजान्ने, गर्न सक्ने गर्न नसक्ने, उत्साहित दुरुत्साहित
- **अन्य विविधता :** जेलमा रहेका, अनाथालयमा रहेका, शरणार्थी, द्वन्द्वपीडित, बाल श्रमिक, सडक बालबालिका, एड्स प्रभावित

# एकाइ ९ : विद्यार्थी मूल्याङ्कन

## ९.१. विद्यार्थी मूल्याङ्कनको परिचय, महत्त्व र प्रकार

मूल्याङ्कनको अर्थ मूल्य (Value) लाई अङ्क (Numerical) मा रूपान्तरण गर्नु हुन्छ। मूल्याङ्कन विद्यार्थीको गुण र क्षमतालाई मापन गरी अङ्कमा रूपान्तरण गर्ने एउटा प्रक्रिया हो। मूल्याङ्कनलाई एउटा "नियमित र व्यवस्थित प्रक्रिया" को रूपमा पनि परिभाषित गरिन्छ।

**मूल्याङ्कनको महत्त्व**

- सिकाइ अवस्था पत्ता लगाउन तथा तह वृद्धि गर्न
- आवश्यकता अनुरूपको थप सहयोग गर्न
- सिकाइ क्रियाकलाप निर्धारण गर्न
- विद्यार्थीलाई अगाडि बढ्न प्रेरणा र आत्मविश्वास बढाउन
- अभिभावक तथा सरोकारवालालाई जानकारी दिन तथा सिकाइको तथ्याङ्क व्यवस्थित गर्न

**मूल्याङ्कनका प्रकार**

(क) निर्माणात्मक मूल्याङ्कन (Formative Evaluation)

(ख) निर्णयात्मक मूल्याङ्कन (Summative Evaluation)

**(क) निर्माणात्मक मूल्याङ्कन:** विद्यार्थीको योग्यता मापन गर्नुभन्दा पनि उसको सबल र सुधारात्मक पक्ष पत्ता लगाएर सुधारका लागि आवश्यक रणनीति बनाउन गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ। प्रत्येक पाठ वा एकाइको अध्ययनपश्चात् विद्यार्थीहरूको सिकाइ अवस्थाको निरन्तर रूपमा लेखाजोखा गरी पठनपाठनमा सुधार गर्न एवम् सिकाइ उपलब्धिको निरन्तर प्रगतिको लेखाजोखा गर्न, पृष्ठपोषण उपलब्ध गराउन निरन्तर रूपमा वा शैक्षिक सत्रको बिच बिचमा गरिने मूल्याङ्कनलाई नै निर्माणात्मक वा सुधारात्मक मूल्याङ्कन भनिन्छ।

**निर्माणात्मक मूल्याङ्कनका उद्देश्यहरू**

(क) सिकाइमा सुधार ल्याउने

(ख) बालबालिकाको सिकाइमा देखिएका सुधारात्मक र सबल पक्षहरू पत्ता लगाउने र सहयोग गर्ने

(ग) शैक्षिक क्षति हुनबाट जोगाउने

(घ) सिकाइमा निरन्तर रूपमा प्रेरित गर्ने

(ङ) शिक्षण प्रक्रियामा निरन्तर सुधार गर्ने

(च) शैक्षणिक प्रक्रियाको नियमित रूपमा अनुगमन गर्न

**(ख) निर्णयात्मक मूल्याङ्कन:** विद्यालयले विद्यार्थीहरूको योग्यता, सिप र सक्षमताको स्तर निर्धारण गरेर विद्यार्थीहरूलाई उत्तीर्ण अनुत्तीर्ण गर्ने वा तह निर्धारण गर्ने वा तह बृद्धि गर्ने अन्तिम निर्णय गर्नका लागि गर्ने मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन हो। निर्णयात्मक मूल्याङ्कन धेरै जसो औपचारिक तरिकाले गरिन्छ चाहे त्यो लिखित, प्रयोगात्मक वा मौखिक विधि किन नहोस्।

निर्णयात्मक मूल्याङ्कनका उद्देश्यहरू

- तोकिएको विद्यार्थीको सिकाइ उपलव्धि मापन वा सुनिश्चित गर्ने
- विद्यार्थीहरूलाई श्रेणीकरण गर्ने
- विद्यार्थीलाई कक्षा चढाउन वा दोहोऱ्याउनका लागि निर्णय लिने
- शैक्षिक स्तरको तुलना गर्ने

### ९.२. प्रारम्भिक कक्षाको पढाइ मूल्याङ्कनका अभ्यासहरू

विद्यार्थीहरूको पढाइ सिप मापन गर्न राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा पढाइ तत्त्वहरूमा आधारित स्तरीय जाँच (Standardized Text) कार्यक्रमको रणनीति बनाएको छ। जुन दुईओटा प्रक्रियाको माध्यमबाट पढाइ सिपको सक्षमता मापन गरिन्छन्। पहिलो प्रक्रिया प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कन (EGRA) र दोस्रो कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कन (CB-EGRA) हुन्।

**(क) प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कन (EGRA)**

यो मूल्याङ्कन गर्न बाह्य मूल्याङ्कनकर्ता (External Assessor) को सहयोग लिइन्छ। मूल्याङ्कनकर्ताले छनोट गरिएका नमुना विद्यालयका कक्षा २ र ३ बाट बढीमा १२÷१२ जना विद्यार्थीहरूको नमुना छनोट गरेर पालैपालो पढाइ सिपको जाँच गर्छ। यसमा व्यक्तिगत छुट्टाछुट्टै आधुनिक प्रविधिको प्रयोग गरेर Tangerine Software बाट विद्यार्थीको पालैपालो मूल्याङ्कन गरिन्छ। यसका ६ ओटा उपखण्डहरू छन्ः (१) श्रुतिबोध, (२)वर्ण पहिचान, (३) मात्रा पहिचान, (४)निरर्थक शब्द पहिचान, (५) मौखिक पढाइ अनुच्छेद सहित प्रश्न र (६) मौन पढाइसहित प्रश्न

**(ख) कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कन (CB-EGRA)**

यसमा पनि एक प्रकारको स्तरीय मूल्याङ्कन हुन्छ। शिक्षकबाट कक्षा २ र ३ का विद्यार्थीहरूको पढाइ सिप मूल्याङ्कन गरिन्छ। यसको मुख्य उद्देश्य शिक्षक तथा विद्यालयले आआफ्नो विद्यालयको पढाइ सिपको सक्षमताको स्तर पत्ता लगाउनुको साथै समस्याको निदान गर्ने र शिक्षण क्रियाकलापको प्रभावकारिता पनि जाँच्नु हो। यो मूल्याङ्कन शिक्षक स्वयम्ले एउटा कक्षाबाट बढीमा २० जना विद्यार्थीहरू नमुना छनोट विधिबाट छनोट गरी समूहमा पढाइ सिप परीक्षण गरिन्छ।

यो मूल्याङ्कनका लागि कक्षा २ र ३ मा क्रमशः नौ र दश ओटा उपकार्यहरू छन् : अक्षर र मात्रा पहिचान, परिचित शब्द पढाइ, श्रुतिबोध, शब्दभण्डार, बोध, जोडा मिलाउने, जोडिएका शब्द छुट्याएर लेख्ने अर्थात हिज्जे मिलाएर लेख्ने, श्रुति लेखन, गणित विषयसँग सम्बन्धित भित्तेपात्रोमा आधारित प्रश्नको सही उत्तरमा ठीक चिह्न लगाउने र कक्षा ३ मा चित्रको वर्णन एउटा उपकार्यको रूपमा थप गरिएको छ।

यी सबै उपकार्य एक घण्टामा सम्पन्न गर्नुपर्ने समय सिमा निर्धारण गरिएको छ। कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कन (CB-EGRA) गर्दा वर्षमा एकपटक अभिभावक समेतलाई उपस्थित गराई स्माइली कार्ड देखाउनुपर्ने व्यवस्था गरिएको छ। यसको उद्देश्य शिक्षकले अभिभावकलाई पनि आफ्ना विद्यार्थीको पढाइ सिप स्तरको जानकारी गराउनु हो।

**(ग) निरन्तर पढाइ सिप मूल्याङ्कन**

निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्ग मानिन्छ। यो कक्षाकोठामा आधारित एउटा मूल्याङ्कन प्रक्रिया हो। यसमा विद्यार्थीको समग्र विकासको मापन हुन्छ। विशेषगरी यो मूल्याङ्कन दुई ओटा उद्देश्य प्राप्तिका लागि गरिन्छन्। पहिलो उद्देश्य पाठ्यक्रममा उल्लिखित विषयवस्तुगत सैद्धान्तिक ज्ञानको मूल्याङ्कन गर्नु हो भने दोस्रो उद्देश्य सिकेका ज्ञान र सिपका व्यावहारिक परिणामको मूल्याङ्कन गर्नु हो। यस मूल्याङ्कनबाट विद्यार्थीको सिप सिकाइ कुन कुन विद्यार्थीले के कति ज्ञान, सिप सिके, कसलाई कहाँ कठिन भयो, कसले के बुझेन, आदि जानकारीको विवरण सङ्कलन गरिन्छ। यसरी सङ्कलित विवरणको विश्लेषण गरी आवश्यकताअनुसार शिक्षण विधिका तौरतरिकामा सुधार गर्नु र आवश्यक परेका विद्यार्थीलाई विशेष प्राथमिकता दिनु राम्रो हुन्छ।

**निरन्तर मूल्याङ्कनको उद्देश्य**

- मानसिक, शारीरिक र भावानात्मक कुशलताको विकासमा सहयोग पुऱ्याउने
- शिक्षण सिकाइलाई अभिन्न अङ्गको रूपमा स्थापित गर्ने
- नीति नियम, शैक्षिक व्यवस्थापन, शिक्षण विधि आदिको सुधारका लागि नियमित निदान (Diagnosis) गर्ने
- शैक्षिक गुणस्तर कायम राख्ने र सिक्ने सिकाउने प्रक्रियाको सम्बन्धमा उचित निर्णय लिने

### ९.३. साङ्केतिक भाषामा पढाइ तत्त्वगत निरन्तर मूल्याङ्कन गर्ने आधार

**१. साङ्केतिक भाषाको प्रयोग गरी पठन**

- ओष्ठ पठन
- अक्षर, शब्द, चित्र र हातका चालमा तादात्म्यता

**२. लेख्य वर्ण सचेतीकरण**

- वर्ण सङ्केत ( Symbol)
- सङ्केतन तथा विसङ्केतन (Encoding & Decoding)
- वर्ण र सङ्केतको सम्बन्ध गाँस्नु तथा शब्द निर्माण (Word Attack: Construct new words using the parts of word)

**३. साङ्केतिक शब्दभण्डार**

- शब्दको अर्थ पहिचान (Identifing meaning of words)
- शब्दको उचित प्रयोग (Ability to manipulate words based on context)
- मूल आधार शब्द पहिचान (Ability to identify main word)

**४. बोध**

- साङ्केतिक भाषाको प्रयोग गरी पाठमा उल्लिखित पात्र, घटना तथा घटनाक्रम पहिचान (Identify of actor, event and activity of the lesson)
- साङ्केतिक भाषामा मूल सन्देश तथा विचारहरू पहिचान (Identification of information and ideas)
- साङ्केतिक भाषाको प्रयोग गरी अनुमान, विवेचना र सारांश गर्ने सक्षमता (Lesson Summarization or Critiques)

**५. लेखाइ**

- विराम चिह्नको प्रयोग गरेर शुद्ध लेखन (Writing Punctuation)
- स्पष्ट र सरसर्ती अभिव्यक्त (Clear expression)
- उपयुक्त गतिका साथ लेखाइ गति (Writing Speed)

### ९.४. बहिरा विद्यार्थीको सिकाइ मापन

व्यवहारबाट के थाहा भएको छ भने उपयुक्त शिक्षण विधिको अभावमा बहिरा बालबालिकाको शैक्षिक उपलब्धि आसातित हुन सकेको छैन । अभिव्यक्तिमा सीमितताका कारण अन्य विद्यार्थीहरूको सरह बहिरा बालबालिकाको सिकाइ मूल्याङ्कन सहज छैन । बहिरा बालबालिकाको सिकाइ मूल्याङ्कन उपयुक्त समायोजन तथा मूल्याङ्कन केही विशिष्ट विधिको सहायताले मात्र गर्न सकिन्छ । बहिरा विद्यार्थीको सिकाइ मापन भित्र विद्यार्थीमा देखिँदै गरेको क्रमिक प्रगति र शैक्षिक उपलब्धिको मात्राको मापन पर्दछन् । विद्यार्थीको शैक्षिक उपलब्धिको मापन उपयुक्त समायोजन तथा वैकल्पिक मूल्याङ्कन (Appropriate accommodations and alternative assessment) का माध्यमबाट गर्न सकिन्छ । सिकाइ अभिव्यक्तिको पर्याप्त अवसर दिनका लागि मूल्याङ्कनका साधनहरूमा विविधिकरण गर्नुपर्दछ । सुन्न सक्ने अन्य विद्यार्थीहरूलाई झैं पाठ्यक्रममा आधारित मापनका (Curriculum Based Measurement) विभिन्न विधिहरूको प्रयोगबाट पनि बहिरा बालबालिकाको सिकाइ उपलब्धि मूल्याङ्कन गर्न सकिन्छ । दृष्यात्मक, चित्रात्मक र व्यवहारमूलक क्रियाकलापबाट सिकाइ मापन गर्न सकिन्छ ।

मूल्याङ्कनका वैकल्पिक उपायकारूपमा बहिरा बालबालिकामा आएको परिवर्तन देहायका माध्यमबाट मापन गर्न सकिन्छ ।

**अवलोकन (Observation)**

बहिरा बालबालिकाको सिप र क्षमतामा आएको परिवर्तन प्रत्यक्ष रूपमा अवलोकन गरेर मापन गर्न सकिन्छ । अवलोकन विधिको प्रयोगले आँकलन गरेर मूल्याङ्कन गर्ने प्रचलनलाई निरुत्साहित गरी वास्तविक अवस्थाको पहिचान गर्न मद्दत गर्छ । बालबालिकालाई तत्काल सुधारका लागि सुझाव समेत मिल्दछ । अवलोकन विधिमा बालबालिकाले गरेर देखाइएको अवस्थामा सुझाव पाउँदछन् । अवलोकनका लागि शिक्षक वा मूल्याङ्कनकर्ताले उद्देश्य मापन गर्ने गरी बनाइएको रुजुसूची र रेटीङ स्केलको प्रयोग गर्नुपर्ने हुन्छ । अवलोकन गर्न प्रयोग गर्ने रुजुसूची (check list) मा मूल्याङ्कन गरिने विद्यार्थीको नाम,

अवलोकनकर्ताको नाम, अवलोकनको मुख्य उद्देश्य, अवलोकन गरिएको मिति, अवलोकनबाट प्राप्त विवरण र सुझाव खुलाइएको हुन्छ । त्यस्तै गरी अवलोकनमा प्रयोग गरिने रेटीङ स्केल (rating scale) मा सिकाइको क्षेत्रका आधारमा उपलब्धिको तहलाई खुलाइएको हुन्छ ।

**पुनर्सङ्कलन (Recollection)**

बहिरा बालबालिकाको उपलब्धिसँग सम्बन्धित तथ्याङ्कको सङ्कलन बालबालिकासँग निकटतम भएर बसेका व्यक्तिसँगबाट गरिने भएकाले पुनर्सङ्कलन भनिएको हो । तथ्याङ्क सङ्कलन गर्दा अन्तर्वार्ता, सर्वे, वा रेटिङ स्केल जस्ता सामग्रीको प्रयोग गरिन्छ । यस कार्यमा सहभागी हुने दोस्रो व्यक्ति भनेका साथी, दौंतरी, शिक्षक, परिवारका सदस्य, सहयोगी, विद्यालयले व्यवस्था गरेको व्यक्ति आदि हुन सक्छन् । यस प्रक्रियाबाट बालबालिकाको उपलब्धिको जाँच गर्दा अलि फराकिलो क्षेत्र जस्तै घर परिवारमा वा बाहिर उनीहरूले प्रदर्शन गर्ने व्यवहारको समेत लेखाजोखा गरिन्छ । यो विधिमा अवलोकनमा भन्दा कम खर्च लाग्ने तथा धेरै र तथ्यपरक सूचना संकलन हुन्छ ।

**अभिलेखको पुनरावलोकन (Record Review)**

विद्यालयमा बालबालिकाको सञ्चित अभिलेख, विद्यालयले संकलन गरेको व्यक्तिगत अभिलेख, विद्यार्थीका उपलब्धि वा उत्पादन (drawing, writing, audio-video recording etc), एनेक्डोटेल अभिलेख र विद्यालय बाहिरको अभिलेख हुन्छन्। यी अभिलेखहरूलाई जम्मा गरेर पुनरावलोकन गरी विद्यार्थीको मूल्याङकन गर्न सकिन्छ ।

**STAR परीक्षण**

"Standardized Test for the Assessment of Reading" नामक कम्प्युटरमा आधारित परीक्षणको मध्यमबाट पनि विद्यार्थी मूल्याङ्कन गरिन्छ। STAR पढाइ, STAR गणित, STAR प्रारम्भिक साक्षरता कम्प्युटरमा आधारित मूल्याङ्कन विधि हो । यो विधि हालसम्म नेपालमा प्रयोगमा नभएता पनि प्रविधिमा आधारित भएकाले छिट्टै आउने सम्भावना छ ।

**सञ्चार र भाषाको मूल्याङ्कनः** यसमा बहिरा बालबालिकाले सङ्केत वा अन्य कुनै माध्यमबाट सूचना प्राप्त गर्ने वा अभिव्यक्त गर्ने सिप, व्याकरणगत सिप र गैह्र भाषिक क्षमतामा हुने विकासको मूल्याङ्कन गरिन्छ । बहिरा बालबालिकाले सङ्केतको प्रयोग गरेर वा मुखाकृतिबाट वा हाउभाउबाट गरेको अभिव्यक्ति कतिको अर्थपूर्ण छ हेरेर मूल्याङ्कन गर्न सकिन्छ ।

**विद्यार्थी मूल्याङ्कन गर्दा ध्यान दिनुपर्ने पक्षहरू**

- पूर्ण सञ्चार विधिबाट मूल्याङ्कन गर्ने
- पर्याप्त उदाहरणहरू समावेश गराउने
- समयमा कडाइ नगर्ने
- प्रश्न गर्दा वा जवाफको अपेक्षा गर्दा वैकल्पिक विधिको प्रयोग गर्ने
- जवाफका लागि छनक वा सूत्र (clues) बताइदिने
- सहयोगीको व्यवस्था गरिदिने
- साधारण भाषा र वाक्यको प्रयोग गर्ने
- सरल निर्देशन दिने

# एकाइ १०: वैयक्तिक शैक्षणिक योजना

## १०.१. वैयक्तिक शैक्षणिक योजनाको परिचय, महत्त्व, प्रक्रिया र अभिभावकको भूमिका

बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक अवस्थाको आधारमा सिकाइ सक्षमता र आवश्यकता फरक फरक हुन सक्छन्। तसर्थ कार्यगत सीमितता वा अपाङ्गताका कारणले सिकाइमा समस्या भएका बालबालिकाहरूको व्यक्तिगत शैक्षिक आवश्यकता सम्बोधन गर्न तयार गरिने योजना नै वैयक्तिक शैक्षणिक योजना हो। बालबालिकाको सक्षमता, कठिनाइ, रुचि तथा सिकाइ अवस्थाको आधारमा पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धिहरू हासिल गर्न वैयक्तिक शैक्षणिक योजना आवश्यक पर्दछ। अभिभावक र शिक्षकको सहभागितामा बालबालिकाको आवश्यकताअनुरूपका शैक्षणिक क्रियाकलापहरूको त्रैमासिक योजना तयार गरिन्छ। साथै सिकाइ उपलब्धिको त्रैमासिक समिक्षा गर्दै सो योजनालाई अद्यावधिक गरिन्छ। वैयक्तिक शैक्षणिक योजना तयार गर्दा अभिभावकको सहभागिता सुनिश्चित गर्नुपर्दछ। विद्यालयको छात्रावासमा बसेर अध्ययन गरिरहेका बालबालिकाहरूको अभिभावकको सहभागिता हुन नसकेमा सम्बन्धित कक्षा शिक्षकले नै योजना तयार गर्नुपर्ने हुन्छ।


### वैयक्तिक शैक्षणिक योजनाको महत्त्व

पाठ्यक्रमले कक्षागत रूपमा हासिल गनुपर्ने सिकाइ उपलब्धिहरू निर्दिष्ट गरेको हुन्छ। ती सिकाइ उपलब्धिहरू हासिल गर्न पाठ्यपुस्तकलगायतका विभिन्न शैक्षिक सामग्रीहरूको प्रयोग गरी बालमैत्री शिक्षण विधिको प्रयोगद्वारा पठनपाठन गराउनुपर्ने हुन्छ। वैयक्तिक भिन्नताका कारण एउटै विषयमा पनि बालबालिकाको सिकाइ फरक हुन सक्छ। अपाङ्गता नभएका बालबालिकाहरूभन्दा अपाङ्गता भएका बालबालिकाहरूलाई सिक्नमा समस्या हुन सक्छ। त्यसकारण तहगत रूपमा निर्धारण गरिएको सिकाइ सक्षमताअनुसार बालबालिकाहरूलाई सहयोग गर्न वैयक्तिक शैक्षणिक योजनामा आवश्यक पर्दछ।

### वैयक्तिक शैक्षणिक योजना निर्माण गर्नुको उद्देश्यहरू

- बालबालिकाहरूको सिकाइ आवश्यकता पहिचान गर्न
- बालबालिकाको सक्षमता, अवरोध, रुचि थाहा पाउन
- बालबालिकाहरूको व्यक्तिगत सिकाइ आवश्यकताअनुरूप योजना बनाउन
- योजना अनुरूप क्रियाकलाप सञ्चालन गर्न
- उपयुक्त शैक्षणिक विधि, सामग्री छनौट र प्रयोग गर्न
- कार्यअनुसार समय व्यवस्थापन गर्न (Time on task)
- अभिभावक र शिक्षकलाई मार्गदर्शन प्रदान गर्न र जिम्मेवार बनाउन
- नियमित सुधारात्मक मूल्याङ्कन गर्न
- बालबालिकाको पढाइ सिपलगायत समग्र सिकाइ उपलब्धि सुधार गर्न

**वैयक्तिक शैक्षणिक योजना निर्माण प्रक्रिया**




**वैयक्तिक शैक्षणिक योजना निर्माणमा अभिभावकको भूमिका**

- वैयक्तिक शैक्षणिक योजना निर्माण तथा त्रैमासिक समीक्षात्मक अद्यावधिक गर्दा विद्यालयमा उपस्थित हुने
- आफ्नो बालबालिकाको सिकाइ अवस्था, रुचि, सक्षमता, अवरोध आदिबारे शिक्षकसँग छलफल गर्ने
- बालबालिकाको सिकाइ आवश्यकता अनुरूप सहभागितात्मक रूपमा वैयक्तिक शैक्षणिक योजना तयार गर्न मद्दत गर्ने
- वैयक्तिक शैक्षणिक योजनामा तोकिएको आफ्नो जिम्मेवारी अनुरूप बालबालिकालाई घरमा सहयोग गर्ने
- बालबालिकाको आवश्यकताअनुरूपका सामग्रीहरूको समयमा नै व्यवस्थापन गरिदिने
- आफ्ना बालबालिकाको सिकाइको अवस्थाबारे जानकारीका लागि समय समयमा विद्यालयमा जाने

## १०.२. वैयक्तिक शैक्षणिक योजनाको नमुना परिचय, प्रयोग र मार्गनिर्देशन

प्रारम्भिक तह (कक्षा १ देखि ३) मा अपाङ्गता भएका तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको पढाइ सिप सुधार गर्न सहयोग पुर्याउने उद्देश्यले वैयक्तिक शैक्षणिक योजना तयार गरिएको छ। यस पुस्तिकामा बालबालिकाहरूको व्यक्तिगत विवरण, सक्षमता, अवरोध, रुचि तथा पढाइ सिप, गणित, स्वाबलम्न, बानी व्यवहार, शारीरिक गतिशीलता, भाषासञ्चार तथा सामाजिक सिप जस्ता क्षेत्रहरू समावेश गरिएको छ।


वैयक्तिक शैक्षणिक योजना तयार गर्नुपूर्व सिकाइ अवस्था पहिचान गर्नका लागि अभिभावकको सहभागिता सुनिश्चित गर्नुपर्दछ। सिकाइ अवस्था पहिचान गरिसकेपछि सोहीबमोजिम विद्यालय तथा घरमा गर्नुपर्ने क्रियाकलापसहितको योजना बनाउनुपर्दछ। जसमा अभिभावकले घरमा गर्नुपर्ने सहयोग, विद्यालय व्यवस्थपनले गर्ने सहयोग र शिक्षकले कक्षाकोठामा गर्ने शैक्षणिक क्रियाकलापहरू स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्दछ। स्रोत कक्षा तथा विशेष विद्यालयको हकमा यदि बालबालिकाहरूको अभिभावकको सहभागिता हुन नसकेमा सम्बन्धित कक्षा शिक्षकले नै योजना तयार गर्नुपर्ने हुन्छ।

प्रत्येक त्रैमासिकमा बालबालिकाको उपलब्धि समीक्षा गरी आगामी त्रैमासिकको लागि योजना बनाई कार्यान्वयन गर्दै जानुपर्दछ। यस वैयक्तिक शैक्षणिक योजना अनुरूप सवै प्रकारका अपाङ्गता भएका तथा कार्यगत सीमितता भएका बालबालिकाहरूलाई पढाइ सिपका सवै क्षेत्रहरू उपयुक्त नहुन सक्दछ, उदाहरणका लागि बहिरा बालबालिकाहरूका लागि ध्वनि सचेतीकरण अनुपयुक्त हुन सक्दछ। त्यसैगरी दृष्टिविहीन बालबालिकाहरूका लागि रङ, सङ्केत वा चित्र पहिचान अनुपयुक्त हुन सक्दछ। तसर्थ शिक्षक तथा अभिभावकले बालबालिकाको अपाङ्गताको अवस्थाअनुसार अनुपयुक्त हुने क्षेत्रहरूलाई छाडेर उपयुक्त क्षेत्रहरूमा मात्र योजना बनाउनुपर्दछ। परियोजनाअन्तर्गत बनाइएको वैयक्तिक शैक्षणिक योजनाको नमुनामा बालबालिकाहरूको व्यक्तिगत विवरण, सक्षमता, कठिनाइ, रुचि तथा सिकाइ अवस्थाहरू उल्लेख गरिएको छ। त्यसैगरी सिकाइ अवस्था विश्लेषण गरी सोही अनुरूप त्रैमासिक योजना निर्माण गर्ने कुरा समावेश गरिएको छ। योजना निर्माण गर्दा सिकाइ क्षेत्र,, उद्देश्य, क्रियाकलापहरू, सामग्री, समयावधि, जिम्मेवारी, उपलब्धि समिक्षा र योजना अद्यावधिक गर्ने जस्ता विषयहरू राखिएको छ।

**वैयक्तिक शैक्षणिक योजनाको प्रयोग तथा निर्देशन**

- वैयक्तिक शैक्षणिक योजनाको पुस्तिकामा दिइएको विद्यार्थीको व्यक्तिगत विवरण, सक्षमता (सबल पक्ष), अवरोध (कठिनाइ) र रुचि अनिवार्य रूपमा भर्नुपर्दछ।
- बालबालिकाहरूको सिकाइ अवस्था पहिचान गरी आएको सूचनाहरू दिइएको पढाइ सिप, गणित, स्वावलम्बन सिप (विद्यार्थीले आफैँले गर्न सक्ने कुराहरू जस्तो लुगाको टाँक लगाउने, हात धुने, नङ काट्ने, कपाल कोर्ने, जुत्ताचप्पल लगाउने, तुना बाँध्ने आदि), बानी व्यवहार (विद्यार्थीहरूको बानी ब्यवहार जस्तो बोलिरहने, बरबराउने, चिमोट्ने, टोक्ने, थुक्ने, धकल्ने, अरूलाई पिट्ने आदि), शारीरिक गतिशीलता (हात खुट्टा तथा औंलाहरू चलाउने, सामान्य सामानहरू उठाउने, अन्य शरीरका भागहरू चलाउने आदि), भाषा र सञ्चार (विद्यार्थीले निर्देशन वा सङ्केत सुन्ने, बुझ्ने र सोही अनुरूप प्रतिक्रिया गर्ने, साथीहरूसँग अन्तरक्रिया गर्ने आदि) तथा सामाजिकीकरण (साथीहरूसँग घुलमिल हुने, नम्र भएर बोल्ने, आदर तथा माया गर्ने आदि) क्षेत्रहरूमा अनिवार्य उल्लेख गर्नुपर्दछ।
- पढाइ सिप, स्वावलम्बन, बानी ब्यवहार, शारीरिक गतिशीलता, भाषा र सञ्चार तथा सामाजिक सिपअन्तर्गतका क्षेत्रहरूमा रही त्रैमासिक योजना बनाई कार्यान्वयन गर्नुपर्दछ।
- योजना गरिएका क्रियाकलापका आधारमा त्रैमासिक रूपमा उपलब्धिको समीक्षा गरी अर्को त्रैमासिकका लागि योजना तयार गर्नुपर्दछ।
- उपलब्धिको समीक्षा गर्दा सुधार भइसकेको भए तीन ओटा स्टार (***), सुधारोन्मुख भए दुई ओटा स्टार (**) र सुधार नभएको अवस्था भए एक ओटा स्टार (*) दिनुपर्दछ।

१०.३ वैयक्तिक शैक्षणिक योजनाको नमुना



**वैयक्तिक शैक्षणिक योजना (नमूना ३) परिचयः**

प्रारम्भिक तह (कक्षा १ देखि ३) मा अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पठन सिप सुधार गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो वैयक्तिक शैक्षणिक योजना पुस्तिका तयार गरिएको छ । यस पुस्तिकामा बालबालिकाहरुको व्यक्तिगत विवरण, सक्षमता, अवरोध, रुचि तथा पूर्व सिकाइ, पठन सिप, गणित, स्वावलम्बन, बानीव्यवहार, शारीरिक गतिशीलता, भाषा र सञ्चार तथा सामाजिक सिपका क्षेत्रहरु समावेश गरिएको छ । वैयक्तिक शैक्षणिक योजना तयार गर्दा अभिभावकको सहभागिता अनिवार्य हुनुपर्दछ । स्रोत कक्षा तथा विशेष विद्यालयमा आवासीय रुपमा बस्ने बालबालिकाहरुको अभिभावकको सहभागिता हुन नसकेमा सम्बन्धित कक्षा शिक्षकले नै योजना तयार गर्नुपर्दछ । यस वैयक्तिक शैक्षणिक योजना अनुरुप सबै प्रकारका अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरुलाई सबै सिकाइका क्षेत्रहरु उपयुक्त नहुन सक्दछ, उदाहरणका लागि बहिरा बालबालिकाहरुका लागि ध्वनि सचेतीकरण र दृष्टीविहीन बालबालिकाहरुका लागि रङ/सङ्केत पहिचान अनुपयुक्त हुन्छ । तसर्थ शिक्षक तथा अभिभावकले बालबालिकाको अवस्था अनुसार उपयुक्त सिकाइका क्षेत्रहरुमा रहेर योजना बनाउनु पर्दछ ।

प्रकाशक : शिक्षा तथा मानव स्रोत विकास केन्द्र

प्रकाशन सहयोग : सबैका लागि पढाइ परियोजना

प्रकाशन : २०७६

© : प्रकाशकमा

यो वैयक्तिक शैक्षणिक योजना पुस्तिका अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगका कारण सम्भव भएको हो । यो पुस्तिका सबैका लागि पढाइ परियोजना अन्तर्गत तयार गरिएको हो । यस वैयक्तिक शैक्षणिक योजना पुस्तिका भित्रका विषयवस्तु र सामग्री विश्व शिक्षा र ह्याण्डिक्याप ईन्टरनेशनलका साझा जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

## हाम्रो भनाइ

विद्यालय शिक्षाको गुणस्तर बढाउन बालबालिकाहरुको आवश्यकता अनुरुपका शैक्षणिक क्रियाकलापहरुको योजना र तिनको प्रभावकारी कार्यान्वयन पक्ष महत्वपूर्ण हुन्छ । बालबालिकाहरुको सिकाइ सुधारका लागि आवश्यकता पहिचान, क्रियाकलापहरुको योजना निर्माण तथा कार्यान्वयनका लागि शिक्षक र अभिभावक जिम्मेवार हुनुपर्दछ । विद्यालय तथा घरमा गरिने उचित क्रियाकलाप हुन सकेको खण्डमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ । प्रभावकारी शिक्षण सिकाइबाट नै गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिन्छ ।

सामुदायीक विद्यालयको प्रारम्भिक कक्षा (कक्षा १ देखि ३) मा अध्ययनरत कार्यगत सीमितता तथा अपाङ्गता भएका बालबालिकाहरुको पढाइ सिप सुधार गर्ने उद्देश्यले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विश्व शिक्षा र ह्याण्डिक्याप ईन्टरनेशनलको सहकार्य तथा स्थानीय साझेदार संस्थाहरु (DPOs) को समन्वयमा १६ ओटा जिल्लामा सबैका लागि पढाइ परियोजना लागू गरिएको छ । यस परियोजनाको प्रमुख लक्ष्य प्रारम्भिक कक्षामा अध्ययनरत अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पठन सिप सुधार गर्नु हो । अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको फरक फरक समस्या र आवश्यकता हुन्छ । अपाङ्गता नभएका बालबालिकाहरुको पढाइ सिप सुधार गर्न प्रयोग गरिने शैक्षणिक विधि र सामग्रीहरुले अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको समस्या सम्बोधन गर्न सकिरहेको छैन । यस सन्दर्भमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबैका लागि पढाइ परियोजनासँगको सहकार्यमा अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पढाइ सिप विकास गर्नका लागि यो वैयक्तिक शैक्षणिक योजना पुस्तिका तयार गरेको छ ।

यो पुस्तिका सबैका लागि पढाइ परियोजना अन्तर्गत वि.सं. २०७६ सालमा तयार गरिएको हो । पुस्तिका तयार गर्नमा आवश्यक सल्लाह, सुझाव तथा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु तथा परियोजना प्राविधिक समिति, सहयोगी संस्था विश्व शिक्षा तथा ह्याण्डिक्याप ईन्टरनेशनल र सबैका लागि पढाइ परियोजना प्रति आभार व्यक्त गर्दै रचनात्मक सुझाव र सल्लाहका लागि केन्द्र सदैव हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छ ।

वि.सं. २०७६

शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## वैयक्तिक शैक्षणिक योजना

## विद्यार्थीको विवरण :

विद्यार्थीको नाम : सबीता तामाङ कक्षा : २ तह :

उमेर (वर्ष) : ७ वर्ष लिङ्ग: छात्रा ☒ छात्र ☐ मातृभाषा : तामाङ

विद्यार्थीको ठेगाना : गुराँस गा.पा. ५, दैलेख

अपाङ्गताको प्रकार/कठिनाइ : दृष्टि सम्बन्धी कठिनाइ तथा हातको औंलाले कलम समाउन कठिनाइ हुने

अपाङ्गता परिचय पत्र वर्ग र रङ : छैन मिति : २०७७।०२।०४

अभिभावकको नाम : सानी तामाङ नाता : आमा सम्पर्क नम्बर ००००००००००

| सक्षमता: | अवरोध (आन्तरिक/बाह्य): | रुचि: |
|---|---|---|
| • हिँडडुल गर्न सक्ने<br>• सुन्न सक्न<br>• बोल्न वा संचार गर्न सक्ने<br>• व्यक्तिगत सरसफाइ गर्न सक्ने | • केहि टाढाको बस्तुहरू देख्न कठिन<br>• लेख्नका लागि हातको औंलाले कलम समाउन गाह्रो हुने<br>• लेखेको कुरा आँखा नजिकै लगेर मात्र पढ्न सक्ने<br>• बोर्डमा लेखेका साना अक्षर प्रष्ट नहुने<br>• कक्षाकोठा उज्यालो नहुँदा देख्न कठिनाइ हुने | • नाच्न,<br>• गित गाउन,<br>• कथा सुन्न<br>• खेलहरू खेल्न |

# पूर्व सिकाइ र पठन सिप

| क्षेत्र | | | सिकाइ अवस्था |
|---|---|---|---|
| पूर्व सिकाइ | रङ, सङ्केत पहिचान गर्न | | रङ, संङ्केत पहिचान गर्न सक्ने |
| | चित्र, आवाज पहिचान गर्न | | चित्र, आवाज पहिचान गर्न सक्ने |
| | फरक छुट्याउन | | सानो ठूलो, छोटो लामो, केटा केटी, संकेतहरू छुट्याउन सक्ने |
| | पेन्सिल समाउन र सामान्य धर्काहरु कोर्न | | पेन्सिल समाउन र धर्काहरू कोर्न, लेख्न कठिनाइ छ |
| ध्वनि सचेतीकरण | ध्वनि पहिचान गर्न | | स्वर वर्ण सबै, व्यञ्जन वर्णका क देखि न सम्म पहिचान गर्न सक्ने र आकार देखि औकार मात्रा पहिचान गर्न सक्ने |
| | ध्वनि छुट्याउन र जोड्न | | स्वर वर्ण र व्यञ्जन वर्णका क देखि न, आकार देखि औकार मात्राहरू जोड्न र छुट्याउन सक्ने |
| लेख्य वर्ण सचेतीकरण | सग्ला वर्ण चिन्न | | स्वर वर्ण सबै, व्यञ्जन वर्णका क देखि न सम्मका वर्ण चिन्न सक्ने |
| | मात्रासहितका वर्ण चिन्न | | स्वर वर्ण सबै र व्यञ्जन वर्णका आकार देखि औकार सहितका क देखि न वर्ण सम्म चिन्न सक्ने |
| | अर्धाक्षरी वर्ण चिन्न | | आधा अक्षरका कुनैपनि वर्ण तथा शब्द चिन्न नसक्ने |
| पठनप्रवाह | वर्ण, शब्द, वाक्य पढ्न | | सिकेका वर्ण र मात्रा सहितका केही सरल शब्द मात्र पढ्न सक्ने |
| शब्दभण्डार | तहगत शब्दको अर्थ पहिचान र प्रयोग गर्न | | सरल शब्द र केही मात्रा लागेका परिचित शब्दहरूको मात्र पहिचान अर्थ भन्न र प्रयोग गर्न सक्ने |
| बोध | प्रश्नको उत्तर दिन | | प्राय पढेका वा सिकेका सरल प्रश्नहरूको उत्तर दिन सक्ने |
| | चित्र बर्णन गर्न | | चित्र वर्णन गर्न कठिनाइ हुने |
| | सारांस भन्न | | पढेका वा सिकेका कुराहरूको सारांश भन्न नसक्ने |
| लेखाइ | श्रुतीलेखन | वर्ण | वर्णहरू सुनेर लेख्न नसक्ने |
| | | शब्द | शब्दहरू सुनेर लेख्न नसक्ने |
| | | वाक्य | वाक्यहरू सुनेर लेख्न नसक्ने |
| | अनुलेखन | वर्ण | केही वर्णहरू सारेर वा सार्न वा लेख्न प्रयास गर्ने तर कठिनाइ हुने |
| | | शब्द | शब्द सार्न वा लेख्न नसक्ने |
| | | वाक्य | वाक्य सार्न वा लेख्न नसक्ने |

# गणित

| क्षेत्र | | | सिकाइ अवस्था |
|---|---|---|---|
| अङ्क चिनारी | एक अङ्क | | १ देखि ६ सम्मका अङ्कहरू चिन्ने |
| | दुई अङ्क | | २ अंङ्कले बनेका संख्या चिन्न नसक्ने |
| | तीन अङ्क | | ३ अङ्कले बनेका संख्या चिन्न नसक्ने |
| अङ्क लेखाइ | श्रुतीलेखन | एक अङ्क | १ अङ्कको संख्या सुनेर लेख्न नसक्ने |
| | | दुई अङ्क | २ अङ्कको संख्या सुनेर लेख्न नसक्ने |
| | | तीन अङ्क | ३ अङ्कको संख्या सुनेर लेख्न नसक्ने |
| | अनुलेखन | एक अङ्क | १ अङ्कको संख्या सार्न वा लेख्न नसक्ने |
| | | दुई अङ्क | २ अङ्कको संख्या सार्न वा लेख्न नसक्ने |
| | | तीन अङ्क | ३ अङ्कको संख्या सार्न वा लेख्न नसक्ने |
| सामान्य गाणितीय समस्या समाधान | गणितीय चिह्न | | सामान्य गणितीय चिन्ह हरू चिन्न नसक्ने |
| | सामान्य जोड | | सामान्य जोड गर्न नसक्ने |
| | सामान्य घटाऊ | | सामान्य घटाउ गर्न नसक्ने |

## स्वावलम्बन, बानीब्यवहार, शारीरिक गतिशीलता, भाषा तथा सञ्चार र सामाजिक सिप

| क्षेत्र | अवस्था |
|---|---|
| स्वावलम्बन | हातमुख धुन, जुत्ता लगाउन, कपडा लगाउन, पानी पिउन, भात खान, विद्यालय आउन सक्ने । |
| बानीब्यवहार | भनेको निर्देशन पालना गर्ने, अनुशासनमा बस्ने, शान्त भएर बस्ने, झगडा नगर्ने |
| शारीरिक गतिशीलता | हातखुट्टा चलाउन सक्ने तर हातका औंलाले कलम समाउन कठिनाइ हुने |
| भाषा र सञ्चार | बोल्न तथा संचार गर्न सक्ने |
| सामाजिक सिप | साथीहरूसँग मिलेर बस्ने, पालो पर्खिने, मिलेर खेल्ने |

## ....प्रथम.......... त्रैमासिक योजना

**योजना बनाएको मिति :** २०७७।०२।०४

**क्षेत्र तथा सहक्षेत्र :** पढाइ (ध्वनि सचेतीकरण, लेख्यवर्ण सचेतीकरण र लेखाइ)

**उद्देश्य :** १. प देखि श सम्मका वर्णहरू र आकार (ा) देखि औकार (ौ) मात्रा सहितका वर्णहरूको ध्वनि सचेतीकरण र लेख्यवर्ण सचेतीकरणसँगै लेखाइ सिपमा सक्षम बनाउने ।

| क्रियाकलाप | शैक्षिक सामग्री | समयावधि (.....देखि ......सम्म) | जिम्मेवारी (शिक्षक/अभिभावक) |
|---|---|---|---|
| १. क्रमशः प देखि श सम्मका सग्ला वर्ण र औकार मात्रा सम्मले बनेको शब्द तथा लय मिलेका शब्दहरूको म गर्छु, हामी गरौं, तिमी गर प्रक्रिया अनुरूप सस्वर उच्चारणको पर्याप्त अभ्यास गराउने | शब्द चित्र पत्ती, कविता, कथाहरू | १ देखि २ हप्ता सम्म | कक्षा शिक्षक |
| २. प देखि श वर्ण र औकार मात्रासम्मले बनेका शब्दहरू, कथाका किताबहरू, कविताहरू पढेर सुनाउने, सम्बन्धित वर्ण तथा मात्रासहितका वर्ण हरूको ध्वनि पहिचान, ध्वनि झिक्ने, थप्ने, जोड्ने खेलहरू खेलाउने | शब्द चित्र पत्ती, कविता, कथाहरू | २ देखि ३ हप्ता सम्म | कक्षा शिक्षक |
| ३. सम्बन्धित सग्ला वर्ण र औकार मात्रा सम्मका वर्ण र मात्रा सहितका वर्णहरू ठूलो आकारका पत्तीहरूदेखाउँदै, बोर्डमा लेख्दै सस्वर उच्चारण गर्दै तथा वर्णमा घेरा लगाउने, रंङ भर्ने, छाप्न लगाउने, जोड़ा मिलाउने, स्थान पत्ता लगाउने, शब्दहरू, विसंकेतन किताबहरू पढ्न लगाउने जस्ता पर्याप्त अभ्यास गराउने | वर्ण, मात्रा पत्ती, स्पन्ज अक्षर, वर्ण गोटि, शब्द पत्ती, विसंकेतन किताबहरू | ३ देखि १२ हप्ता सम्म | कक्षा शिक्षक |
| ४. धर्काहरू वा आकारहरू कोर्ने, डट भर्ने, सग्ला वर्ण र मात्रा सहितका वर्ण तथा शब्दहरूको अनुलेखन, श्रुतिलेखनका पर्याप्त अभ्यास गराउने | अभ्यास पुस्तिका, कपी, कलम,मार्कर | १ देखि १२ हप्ता सम्म | कक्षा शिक्षक अभिभावक |

## त्रैमासिक उपलब्धि समीक्षा

| योजना गरिएका क्रियाकलाप | उपलब्धि (*/**/***) |
|---|---|
| प देखि श सग्ला र औकार मात्रासहितको वर्णको ध्वनि र लेख्य वर्ण सचेतीकरण | *** |
| सग्ला तथा मात्रा सहितका वर्ण लेखाइ | ** |
| | |
| | |

शिक्षकको नाम : सपना हस्ताक्षर : [signature] प्र.अ.को नाम : डम्मर हस्ताक्षर : [signature]

अभिभावकको नाम : सानी हस्ताक्षरः सानी

## ....प्रथम........ त्रैमासिक योजना

**योजना बनाएको मिति** : २०७७।०२।०४

**क्षेत्र तथा सहक्षेत्र** : गणित (२अङ्कले बनेका संख्या चिनारी, लेखाइ र जोड चिन्ह र सामान्य जोड)

**उद्देश्य** : १. २ अङ्कले बनेका १० देखि ३० सम्मका संख्या चिन्न र लेख्न सक्षम बनाउने
२. जोड चिन्ह चिन्न र सामान्य २ अङ्क सम्मको जोड गर्न सक्षम बनाउने

| क्रियाकलाप | शैक्षिक सामग्री | समयावधि (.....देखि ......सम्म) | जिम्मेवारी (शिक्षक/अभिभावक) |
|---|---|---|---|
| १. १० देखि ३० सम्मका अंकहरूको क्रमशः चिनारी म गर्छु, हामी गरौं र तिमी गर प्रक्रिया अनुरूप पर्याप्त अभ्यास गराउने | अङ्क पत्ती, गोटी, अङ्क पिनह्विल | १ देखि ४ हप्ता सम्म | कक्षा शिक्षक |
| २. १० देखि ३० सम्मका संख्या चिन्ने र भन्ने खेल, जोडा मिलाउने खेल अभ्यास गराउने | अङ्क पत्ती, गोटी | ३ देखि ६ हप्ता सम्म | कक्षा शिक्षक |
| ३. अङ्क लेखन अभ्यास (अनु लेखन, श्रुती लेखन) पर्याप्त अभ्यास गराउने | अङ्क पत्ती, गोटी, बोर्ड, मार्कर, कपी, कलम | ४ देखि १० हप्ता सम्म | कक्षा शिक्षक, अभिभावक |
| ४. जोड चिन्ह (+) को चिनारी र सामान्य २ अङ्कका जोडको अभ्यास पर्याप्त गराउने | चिन्ह र अङ्क पत्ती, अङ्क पिनह्विल, ठोस बस्तुहरू | ८ देखि १२ हप्ता सम्म | कक्षा शिक्षक, अभिभावक |

## त्रैमासिक उपलब्धि समीक्षा

| योजना गरिएका क्रियाकलाप | उपलब्धि (*/**/***) |
|---|---|
| १० देखि ३० सम्मका अङ्क चिनारी | ** |
| १० देखि ३० सम्मका अङ्क लेखन | * |
| जोड चिन्ह (+) को चिनारी र सामान्य २ अङ्कका जोड | * |
| | |

शिक्षकको नाम : सपना हस्ताक्षर : [signature] प्र.अ.को नाम : डम्मर हस्ताक्षर : [signature]

अभिभावकको नाम : सानी हस्ताक्षर: सानी

## ....प्रथम......... त्रैमासिक योजना

**योजना बनाएको मिति :** २०७७।०२।०४

| | |
|---|---|
| **क्षेत्र तथा सहक्षेत्र :** | शारीरिक गतिशीलता (हातका औंलाले कलम समाउने र लेखाइ अभ्यास) |
| **उद्देश्य :** | १. हातका औंलाहरूले कलम समाउन र लेख्न सक्षम बनाउने |

| क्रियाकलाप | शैक्षिक सामग्री | समयावधि (.....देखि ......सम्म) | जिम्मेवारी (शिक्षक/अभिभावक) |
|---|---|---|---|
| १. मार्कर वा कलर समाउने, चित्रमा रंग भर्ने, धर्का कोर्ने, डटहरू भर्ने, चित्र बनाउने जस्ता पर्याप्त अभ्यास गराउने<br><br>२. पेन्सिल समाउन, धर्का कोर्ने, डटभर्ने, रंग भर्ने, चित्र कोर्ने, जस्ता अभ्यास पर्याप्त गराउने | मार्कर, चित्र, बोर्ड, डट, कार्डसिट, फोटोकपि पेपर, सादा पाना, पेन्सिल, अभ्यास पुस्तिका | १ देखि ३ हप्ता सम्म<br><br>२ देखि ४ हप्ता सम्म | शिक्षक र अभिभावक<br><br>शिक्षक र अभिभावक |

### त्रैमासिक उपलब्धि समीक्षा

| योजना गरिएका क्रियाकलाप | उपलब्धि (*/**/***) |
|---|---|
| मार्कर, पेन्सिल समाउन तथा सामान्य धर्का कोर्न, डट भर्न, रङ भर्न, चित्र बनाउन | *** |
| | |
| | |
| | |

शिक्षकको नाम : सपना हस्ताक्षर : [signature] प्र.अ.को नाम : डम्मर हस्ताक्षर : [signature]

अभिभावकको नाम : सानी हस्ताक्षर: सानी

## .................. त्रैमासिक योजना

योजना बनाएको मिति :

| क्षेत्र तथा सहक्षेत्र : |
|---|
| उद्देश्य : |

| क्रियाकलाप | शैक्षिक सामग्री | समयावधि (.....देखि ......सम्म) | जिम्मेवारी (शिक्षक/अभिभावक) |
|---|---|---|---|
| | | | |

## त्रैमासिक उपलब्धि समीक्षा

| योजना गरिएका क्रियाकलाप | उपलब्धि (*/**/***) |
|---|---|
| | |
| | |
| | |
| | |

शिक्षकको नाम : हस्ताक्षर : प्र.अ.को नाम : हस्ताक्षर :

अभिभावकको नाम : हस्ताक्षरः

## प्रयोगकर्ताका लागि निर्देशन :

- वैयक्तिक शैक्षणिक योजनाको पुस्तिकामा दिइएको विद्यार्थीको व्यक्तिगत विवरण (नाम, कक्षा/तह, उमेर, लिङ्ग, मातृभाषा, ठेगाना, अपाङ्गताको प्रकार/कठिनाइ, परिचय पत्र वर्ग र रङ, मिति, अभिभावकको नाम, नाता र सम्पर्क नम्बर), सक्षमता (सबलपक्ष), अवरोध (कठिनाइ) र रुचि अनिवार्य रुपमा भर्नुहोस् ।
- बालबालिकाहरुको सिकाइ अवस्था पहिचान गरी आएको सूचनाहरु दिइएको पूर्व सिकाइ, पठन सिप, गणित, स्वावलम्बन (विद्यार्थीले आफैले गर्न सक्ने कुराहरु जस्तो लुगाको टाँक लगाउने, हात धुने, नङ काट्ने, कपाल कोर्ने, जुत्ता/चप्पल लगाउने, तुना बाँध्ने आदि), बानीव्यवहार (विद्यार्थीहरुको बानीव्यवहार जस्तो बोलिरहने, बरबराउने, चिमोट्ने, टोक्ने, थुक्ने, धकल्ने, अरुलाई पिट्ने आदि), शारीरिक गतिशीलता (हात खुट्टा तथा औंलाहरु चलाउन सक्ने वा नसक्ने, सामान्य सामानहरु उठाउन सक्ने वा नसक्ने, अन्य शरीरका भागहरु चलाउन सक्ने वा नसक्ने आदि), भाषा र सञ्चार (विद्यार्थीले निर्देशन वा सङ्केत सुन्ने, बुझ्ने र सोही अनुरुप प्रतिक्रिया गर्ने, साथीहरुसँग अन्तरक्रिया गर्न सक्ने वा नगर्ने आदि) तथा सामाजिक सिप (साथीहरुसँग घुलमिल हुने, नम्र भएर बोल्ने, आदर तथा माया गर्ने वा नगर्ने आदि) को अवस्था उल्लेख गर्नुहोस् ।
- त्रैमासिक रुपमा योजना बनाउँदा वा अध्यावधिक गर्दा बालबालिकाहरुको आवश्यकता अनुरुप दिइएका क्षेत्रहरु पूर्व सिकाइ, पठन सिप, गणित, स्वावलम्बन, बानीव्यवहार, शारीरिक गतिशीलता, भाषा र सञ्चार तथा सामाजिक सिप सुधार केन्द्रित क्रियाकलापहरु अभिभावकसँग छलफल गरी तय गर्नुहोस् ।
- तय गरिएका क्रियाकलाप कार्यान्वियनका लागि अभिभावकले घरमा गर्नुपर्ने सहयोग र शिक्षकले कक्षा कोठामा गर्ने शैक्षणिक क्रियाकलापहरु स्पष्ट रुपमा क्षेत्र, उद्देश्य, क्रियाकलाप, शैक्षिक सामग्री, समयावधि र जिम्मेवारी सहित उल्लेख गर्नुहोस् ।
- योजना तयार भैसकेपछि अभिभावक, कक्षा शिक्षक र प्रधानाध्यापकको हस्ताक्षर सुनिश्चित गर्नुहोस् ।
- योजना गरिएका क्रियाकलापका आधारमा त्रैमासिक रुपमा उपलब्धिको समीक्षा एवम् मूल्याङकन् गर्नुहोस् ।
- उपलब्धिको समीक्षा एवम् मूल्याङकन् गर्दा सुधार भइसकेको भए तीन ओटा स्टार (***), सुधारोन्मूख भए दुई ओटा स्टार (**) र सुधार नभएको अवस्था भए एक ओटा स्टार (*) दिनुहोस् ।
- उपलिब्धको समीक्षा अनुरुप पुनः अर्को त्रैमासिकका लागि योजना तयार गर्नुहोस् ।

# एकाइ ११: बहिरा बालबालिकाका सिकाइ सहयोगीहरू

## ११.१. बहिरा बालबालिकाका सिकाइ सहयोगीहरू

बहिरा बालबालिकाको शिक्षणसँग जोडिएका धेरै पक्षहरू छन् । विद्यालय एक्लैले सबै उद्देश्य पूरा गराउन कठिन छ । विभिन्न अध्ययनहरूले बहिरा विद्यार्थीको सिकाइ प्रक्रियालाई प्रत्यक्ष वा परोक्ष रूपमा असर पार्ने पक्षहरूको सहयोगको आवश्यकता औंल्याएका छन् । नेपालमा बहिरा विद्यालयका शिक्षक स्वयंको योग्यता तथा क्षमतामा सुधार गर्नुपर्ने सुझावहरू प्राप्त भएका छन् । साङ्केतिक भाषाको प्रयोगबाट हुने कक्षा शिक्षणमा शिक्षकका रूपमा विषयवस्तुको ज्ञान र पेडागोजिकल सिप भएका व्यक्तिको उपस्थिति, कक्षाकोठामा शिक्षकको उपस्थिति र अनुपस्थितिमा सहजीकरण गर्ने व्यक्तिको भूमिका, अभिभावकको भूमिका र विद्यालयमा काम गर्ने कर्मचारीको सहयोग तथा विद्यालयमा बहिरामैत्री वातावरणले सिकाइमा ठूलो प्रभाव पार्दछ । यस एकाइमा विद्यार्थीको सिकाइसँग प्रत्यक्ष वा परोक्ष रूपमा जोडिएका पक्षहरूको चर्चा गरिएको छ ।

### (क) शिक्षक

नियमअनुसारको न्यूनतम योग्यता पुगेको, तालिम प्राप्त, साङ्केतिक भाषाको प्रयोग गरी बहिरा विद्यार्थीलाई पढाउन सक्ने, बहिरा विद्यार्थीको स्वभाव बुझेको व्यक्ति नै बहिरा बालबालिकाका लागि उपयुक्त शिक्षक हुन सक्छन् । सामान्य कक्षाका सबै शिक्षकले बहिरा कक्षामा शिक्षण गर्न सक्दैनन् तर बहिरा कक्षाका सफल शिक्षकले सबै प्रकारका कक्षामा अध्यापन गर्न सक्छन् । शिक्षण गरिने विषयवस्तुको राम्रो ज्ञान, शिक्षण कला, साङ्केतिक भाषा, बहिरा संस्कृति, बहिरा बालबालिकाका विशेषताका बारेमा राम्रो जानकारी भएको र उनीहरूका अभिभावकसँग राम्रो सम्बन्ध कायम गर्न सक्ने क्षमता राख्नु पर्ने भएकोले बहिरा विद्यार्थी पढाउने शिक्षकको साधारण शिक्षकको भन्दा वढी जिम्मेवारी हुन्छ । बहिरा बालबालिकाका शिक्षकको जिम्मेवारी वढि हुन्छ । उनीहरूलाई पनि समय समयमा तालिम दिइ रहनुपर्ने हुन्छ ।

**बहिरा बालबालिकाका शिक्षकमा हुनुपर्ने न्यूनतम गुणहरू**

- नेपाली साङ्केतिक भाषामा प्रभावकारी सञ्चार सिप भएको हुनुपर्ने
- बहिरा संस्कृतिप्रति चतेना र सम्मान भएको हुनुपर्ने
- दृश्य शैक्षिक सामग्रीहरूको प्रभावकारी प्रर्दशन र प्रयोग गर्न सक्ने
- दैनिक समयमा कक्षाकोठामा पढाउने
- दैनिक पूर्वपाठ योजना तयार गर्न सक्ने
- कामका साथ हौसला दिन सक्ने
- कक्षाकोठाको बहिरामैत्री तथा पहुँचयुक्त वातावरणमा व्यवस्थापन गर्न सक्ने
- विद्यार्थीहरूको जिज्ञासा समाधान गर्न सक्ने
- बहिरा बालबालिका र अभिभावकको भावना र चाहना बुझ्न सक्ने
- बालबालिकाको आवश्यकतालाई विशेष ध्यान लिएर वैकल्पिक अनुकुल शिक्षण विधिको प्रयोग गर्न सक्ने
- बहिरा शिक्षाको इतिहास, संस्कृति, भाषाविज्ञान, प्रसिद्ध सफल बहिरा व्यक्तिहरूकोसम्बन्धी विस्तृत जानकारी भएको हुने
- श्रवणवाद भेदभावलाई निरुत्साहित गर्न सक्ने
- बहिरा बालबालिकाको शैक्षिक समस्या समाधानमा गहिरो चासोका साथ अनुसन्धान गर्न सक्ने
- पाठयवस्तुको राम्रो ज्ञान हुनुपर्ने
- सामान्य बालबालिकालाई पढाउने क्षमता भन्दा बढी क्षमता हुनुपर्ने
- बाल मनोविज्ञानको ज्ञान भएको हुनुपर्ने
- समयपालना र नियमितता हुनुपर्ने
- मितव्ययी, अनुशासित र नैतिकवान हुनुपर्ने
- कुलतको सङ्गत नगरेको व्यक्ति हुनुपर्ने
- सफासुग्घर साथै चिटिक्कै पोसाक हुनुपर्ने
- बहिरासँग घुलमिल हुने क्षमता हुनुपर्ने
- नरिसाउने, उदाहरण धैरे दिने हुनुपर्ने

- माया दिने हुनुपर्ने

**शिक्षकको सेवा प्रवेशमा साङ्केतिक भाषाको अनिवार्यताः**

बहिरा बालबालिकाको विद्यालयमा साङ्केतिक भाषाको तालिम नभएका शिक्षकले प्रवेश नपाउने व्यवस्थाको सुनिश्चितता हुनु बहिरा शिक्षाका लागि अनिवार्य शर्त हो । अबको शिक्षक तालिममा साङ्केतिक भाषाका अतिरिक्त शिक्षण विधिमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग एउटा अलग्गै विषयको रूपमा हुनु आवश्यक छ । बहिरा बालबालिकाको विद्यालयको प्रभावकारिता साङ्केतिक भाषा सिकाउने संस्था वा कुनै निकायले सञ्चालन गरेको कार्यक्रमको निरन्तरतामा निर्भर गर्छ । यसका लागि सरकारी नीतिले शिक्षकको पूर्व योग्यताका रूपमा समेटेको हुनुपर्दछ ।

**(ख) टिपोट लेखन सहयोगी (Note taker)**

बहिरा विद्यार्थीलाई कक्षामा या अन्य समयमा हेर्न र छलफल गरी सिक्न सजिलो होस भनी शिक्षकले पढाएको विषयवस्तुको टिपोट गर्न खटाइएको व्यक्तिनै नोट टेकर वा टिपोट लेखन सहयोगी हो । शिक्षणका विषयवस्तु धेरै हुँदा त्यति नै खेर विद्यार्थीले सबै कुरा नबुझ्न सक्छन् । कुन कुरा बढी महत्त्वको हो थाहा नपाउन सक्छन् । त्यसैले पढाएकै बेलामा टिपोट गर्नका लागि अन्य सहपाठी वा स्वयंसेवक वा पाहुना सहयोगीको रूपमा काममा लगाइएको व्यक्तिको भूमिका जसले निर्वाह गर्छ, उ नै टिपोट लेखन सहयोगी हो । यो प्रवन्ध सबै कक्षामा सँधै नहुने भएकाले आवश्यकतानुसार शिक्षकले व्यवस्था गर्नुपर्छ ।

**(ग) नेपाली साङ्केतिक भाषाका दोभाषे**

सबै शिक्षकले साङ्केतिक भाषाको प्रयोग गरी शिक्षण गर्न नसक्दा छुट्टै दोभाषेको प्रयोग गर्नुपर्ने हुन्छ । यो प्रवन्ध खर्चिलो हुने भएकाले सँधै प्रयोगमा ल्याउन सकिँदैन । यसरी राखिएको दोभाषेले विभिन्न विषयको शिक्षण जस्ताको तस्तै अनुवाद नभएमा जोखिम पनि हुन सक्छ । नेपालका विद्यालयमा दोभाषेको प्रयोग नगन्य मात्रामा छ । विषय शिक्षणमा दोभाषेको प्रयोग गर्दा भाषा अनुवाद गर्ने व्यक्तिको सम्बन्धित विषयवस्तुको साधारण ज्ञान पक्षलाई पनि विचार पुऱ्याउनुपर्ने हुन्छ । अन्यथा उल्था गर्दा अरू नै अर्थ लाग्ने सङ्केत प्रयोग गरी दिने सम्भावना हुन्छ । अलग्गै दोभाषे शिक्षक उपलव्ध हुन नसकेमा सुनाइ क्षमता भएका तर साङ्केतिक भाषा जान्ने विद्यार्थीलाई पनि कक्षा शिक्षणमा दोभाषेको रूपमा प्रयोग गर्न सकिन्छ ।

**(घ) आवश्यकताअनुसार विभिन्न विद्यालय र कक्षामा घुमेर सेवा दिने शिक्षक (Itinerant teacher)**

बहिरा विद्यार्थीका लागि पढाउने शिक्षकको साधारण शिक्षकको भन्दा बढी सिप र क्षमता हुनुपर्ने तर सबै शिक्षकमा यो खुबी चाहेअनुसारको हुन नसक्ने भएकाले खास खास बेलामा शिक्षक र विद्यार्थीलाई विशेष सहयोग गर्नका लागि खटाइएको व्यक्ति नै आवश्यकताअनुसार विभिन्न विद्यालय र कक्षामा घुमेर सेवा दिने शिक्षक हो। यस्ता शिक्षकले बहिरा विद्यालयका शिक्षकले योजना बनाउन र शिक्षण गर्न सघाउ पुऱ्याउँछन् भने कक्षामा नमुना शिक्षण गर्छन् । घुमेर सेवा दिने शिक्षकले विद्यालयका व्यवस्थापकलाई बहिरा विद्यार्थीलाई शिक्षण गर्दा आवश्यक व्यवस्थापकीय पक्ष र बहिरा विद्यार्थीका अभिभावकलाई बालबालिकाको अर्थपूर्ण सिकाइका लागि गर्नुपर्ने कामका बारेमा समेत सहजीकरण गर्दछन् । उनीहरू आफूलाई तोकिएको क्षेत्रका विद्यालयका शिक्षक, विद्यार्थी, व्यवस्थापक र अभिभावकलाई पालैपालो सहजीकरण गर्छन् ।

**बहिरा विद्यार्थीलाई आवश्यकतानुसार अतिरिक्त कक्षाको व्यवस्था**

बहिरा विद्यार्थीलाई दिवा समयको एकपटकको कक्षा शिक्षणले मात्र सिकाइ पूरा गराउन कठिन हुन्छ । उनीहरूलाई विहान वा साँझमा घरमा वा छात्रावासमा पाठको पुनरावृत्ति गराउने प्रबन्ध गराउनुपर्छ । यसका लागि शिक्षक वा अभिभावक वा सहयोगी वा अन्य कुनै सफ्टवयरको प्रयोग गर्न सकिन्छ ।

**संवर्धक र वैकल्पिक सञ्चार Augmentative and alternative communication (AAC):**




जब मौखिक वा लिखित सञ्चारका माध्यमले अर्थपूर्ण सञ्चार हुन सक्दैन, त्यस्तो वेलामा संवर्धक तथा वैकल्पिक सञ्चारको प्रयोग गरिन्छ । यो विधिको प्रयोग सामग्रीसहितको सहायताबाट र सामग्रीविना पनि गर्न सकिन्छ । सामग्रीविना गरिने विधिमा शरीरको हाउभाउ वा मौखिक वा आँखाको चालको अभिव्यक्ति वा साङ्केतिक भाषाको प्रयोग पर्दछन् भने सामग्रीको प्रयोगमा पेपर पेन्सिलदेखि वास्तविक सामग्री वा आकृति वा चित्रात्मक साधन आदि पर्दछन् । यस विधिभित्र सञ्चार प्रक्रियामा प्रयोगमा आउने छापाका साधन, ठुला अक्षर, tactile communication, video र सबैको पहुँच पुग्ने खालको संरचना तथा सञ्चार प्रविधिको प्रयोग आउँछ ।

**संवर्धक र वैकल्पिक सञ्चारका साधनको नमुना**

**विद्यालयमा राखिने सङ्केतहरू**




प्रवेशद्वारमा, प्राङ्गणमा, कक्षाकोठाबाहिर, कक्षाकोठाभित्र, शौचालयको ढोकामा, शौचालयभित्र, पानीको धारामा, सिँढी तथा भऱ्याङमा, विद्यालयको सवारी साधनमा गर्न हुने, गर्न नहुने र प्रयोग विधि खुलाइएको साङ्केतिक भाषामा निर्देशनहरू दिइएको स्टिकर टाँस्नुपर्छ ।

**बहिरा बालबालिकाका लागि कक्षाकोठा समायोजन**

बहिरा बालबालिकाको कक्षाकोठा पर्याप्त प्रकाश आउने (Classroom with enough light) हुनुपर्दछ । कक्षाकोठामा विद्यार्थी बसाइ व्यवस्थापन अङ्ग्रेजी यु, भि र अर्धचन्द्राकारमा हुनुपर्छ । प्रकाशको स्रोतपट्टि अर्थात फोटो खिच्ने पोजिसनमा विद्यार्थी बसाइ हुनुपर्छ। कक्षाकोठा शिक्षकको उपस्थिति विद्यार्थी बसाइ वा सामग्री प्रदर्शनका दृष्टिकोणबाट परिमार्जित हुनुपर्दछ ।

**अभिभावक शिक्षा**

बहिरा बालबालिकाको शिक्षामा प्रभावकारिताका उपायका सम्बन्धमा गरिएका अध्ययनहरूले शिक्षक तालिमका अतिरिक्त अभिभावक शिक्षाको महत्त्व समेत दर्शाएका छन् । आफ्ना बालबालिकाका बारेमा शिक्षकलाई भन्दा अभिभावकलाई बढी जानकारी हुन्छ । बालबालिका कुन कुरामा बढी रुचि गर्छन् र कसरी छिटो सिक्न सक्छन् भन्ने कुरा थाहा पाउन शिक्षकले निरन्तर रूपमा अभिभावकसँग भेटघाट गरिरहनुपर्छ । बहिरा बालबालिकाको सिकाइमा अभिभावकको सहभागिता भएमा सिकाइ प्रक्रियामा तीव्रता र सहजता कायम हुन्छ ।

**बहिरा बालबालिकासँग शिक्षक, कर्मचारी र अन्य बालबालिकाले गर्ने व्यवहार**

बहिरा बालबालिकालाई विद्यालयमा काम गर्ने शिक्षक, कर्मचारी, अभिभावक वा अन्य विद्यार्थीले होच्याउने र मानमर्दन हुने शब्दको प्रयोग वा व्यवहार गर्नु हुँदैन । भाषा नबुझेका कारण झर्को मान्नु हुँदैन । उनीहरूका अगाडि सँधै खुसी भएर सोधेको प्रश्नको उचित जवाफ दिनुपर्छ । काममा प्राथमिकाता दिने सिकाइ सामग्री जुटाइदिने खेल सामग्री जुटाइदिने र खेलका विधिहरू सिकाइ दिने गर्नुपर्दछ । उनीहरूको शारीरिक आवश्यकता जस्तै भोक लाग्दा, तिर्खा लाग्दा वा शौच लाग्दाका बखत सहयोग गर्नुपर्दछ । सबै काम अरूले गर्ने नभई उनीहरूलाई रुटिनमा हिँडाइ उनीहरूबाट नै काम लिने गर्दा स्वावलम्बी हुन्छन् ।